
पुस ६, २०६३

# समय

राष्ट्रिय साप्ताहिक



## पैसामा कचकच

'जनसेना' व्यवस्थापनका लागि माओवादीले ३ अर्ब ६२ करोड मागेपछि सरकार र माओवादीबीच पैसाको कचकच सुरु भएको छ ।

मूल्य रु. २५






समय

आवरण : आफ्नो सेना व्यवस्थापनका लागि माओवादीले झन्डै ४ अर्ब रुपैयाँ मागे पनि सरकारले यसका लागि १ अर्बभन्दा बढी दिन मानेको छैन । सेना व्यवस्थापनको सम्पूर्ण खर्च सरकारले व्यहोर्ने भने पनि कति रकम व्यहोर्ने भन्ने निश्चित नभएकाले यसै विषयमा सरकार र माओवादीबीच कचकच सुरु भएको छ १९

वर्ष ३, अंक १३५, मंसिर २९–पुस ६, २०६३




आवरण : माओवादी छापामार

*तस्बिर : समय*

## विशेष रिपोर्ट
वर्षौंअघि बन्ने भनिएको सुनकोसी पुल अझै नबन्दा ओखलढुंगा र उदयपुरका स्थानीयवासीले कतिसम्म दुःख पाएका छन् भने खोला तरेबापत पनि उनीहरूले शुल्क बुझाउँदै आएका छन् २८

## विकास
मुलुकमा शान्ति स्थापना भएपछि सुदूरपश्चिमका बासिन्दाले बल्ल विकासको आशा साँच्न थालेका छन् १६

## रिपोर्ट
शिक्षा विधेयकको विरोधमा विद्यार्थीहरू २४
जनतान्त्रिक तराई वार्ताकै पक्षमा २७
कसरी भताभुंग भए कर्णालीका सपना ४४

## विदेश
युगान्डा अझै विद्रोहको मारमा ३६

## स्वास्थ्य
रोग लाग्यो भने के खाने, के नखाने ? ४३



समय

रंग : काठमाडौं अन्तर्राष्ट्रिय पर्वतीय सिनेमा महोत्सव अबदेखि बर्सेनि हुने भएको छ ५५

सम्पादकीय ........ ५
चसक ........ ७
डाँक ........ ८
टिपोट ........ १२
मुलुक ........ १३
साहित्य ........ ५२
अनुहार ........ ५७
शून्य समय ........ ५८

समय
साप्ताहिक
का.जि.प्र.का.द.नं. १७०/२०६०/६१

**प्रबन्ध निर्देशक**
नवीन जोशी
**कार्यकारी निर्देशक**
विजय श्रेष्ठ
**सम्पादक**
युवराज घिमिरे
**सहायक सम्पादक**
राजेश घिमिरे
**प्रमुख संवाददाता**
विश्वमणि पोखरेल
**वरिष्ठ संवाददाता**
मनीष गौतम
मनोज दाहाल
किरण भण्डारी
सुवास देवकोटा
मधुसूदन पौडेल
**संवाददाता**
नवीन अर्याल
छत्र कार्की
गोविन्द परियार
ज्योति देवकोटा
**उपसम्पादक**
डिल्ली आचार्य
**क्षेत्रीय**
रुद्र खड्का (नेपालगन्ज)
श्याम भट्ट (महेन्द्रनगर)
दीपक ज्ञवाली (बुटवल)
ओमआस्था राई (धरान)
केशव लामिछाने (पोखरा)
**तस्वीर**
भास्वर ओझा
तेजबहादुर बस्नेत
**कार्टुन**
अविन श्रेष्ठ
**ग्राफिक/ले-आउट**
सुनील खड्गी **(संयोजक)**
किशोरराज पन्त
रामकृष्ण राना
**लेखा**
गोपाल भट्टराई
राजकुमार श्रेष्ठ
**वितरण**
दीपक श्रेष्ठ
मिलन लम्साल
**बजार**
सुरज भडेल **(प्रबन्धक)**
राजेश महर्जन
अर्जुन वज्राचार्य
सफला शर्मा

**भृकुटी प्रकाशन (प्रा) लि.**द्वारा
प्रकाशित तथा
मिलेनियम प्रेस, हात्तीवन,
ललितपुरमा मुद्रित

**कार्यालय ठेगाना :**
**भृकुटी प्रकाशन प्रा. लि.**
लाजिम्पाट, काठमाडौं, नेपाल
पो.ब.नं. ८८३०, फोन : ४४४३८८८
फ्याक्स : ४४२११४७ (सम्पादकीय)
४४११९१२ (बजार तथा वितरण)
ईमेल: samay@vianet.com.np
**प्रमुख वितरक**
काष्ठमण्डप डिष्ट्रिब्यूसन प्रा. लि.
टेकु काठमाडौं
फोन नं. २०१०८२१, २२२०३२२

# 'नवमण्डले' शैली

## सम्पादकीय

**विगत एक** वर्षअघि सात दल र माओवादीको सहमतिका बाह्र बुँदाहरू अहिलेको शान्ति प्रक्रिया र भोलि नेपालले अपनाउने राजनीतिक पद्धतिको महत्त्वपूर्ण आधार हो । निरंकुशता र हिंसाको राजनीतिको अन्त्य तथा प्रतिस्पर्धात्मक बहुदलीय प्रजातान्त्रिक व्यवस्थालाई साझा राजनीतिक प्रतिबद्धताको त्यो सहमतिमा दुवै पक्षले प्रतिबद्धता जनाएका हुन् । कुनै राजनीतिक विचार बोकेकै आधारमा दण्डित र प्रताडित नहुने अधिकारलाई दिल्ली सम्झौताले सुनिश्चित गरेको छ । त्यो अधिकार संरक्षित र सुनिश्चित हुँदैन भने अहिलेको शान्ति प्रक्रियाले यदि मुलुकवासी र अन्तर्राष्ट्रिय जगत् दुवैका नजरमा विश्वसनीयता गुमाउनेछ ।


यसै परिप्रेक्ष्यमा पोखरामा आइतवार राष्ट्रिय प्रजातन्त्र पार्टीको भेलामाथि भएको हिंसात्मक आक्रमणलाई हेरिनु पर्छ । कसमाथि आक्रमण भयो ? यो सार्वजनिक जानकारीको विषय हो, तर आक्रमणकारी को थिए ? उनीहरूको राजनीतिक प्रतिबद्धता तथा आबद्धता कोसँग छ ? शान्ति प्रक्रियाको समग्र ढाँचामा उनीहरू कहाँ छन् ? यी प्रश्नहरूको समीक्षा नगरे दिल्ली सम्झौता र त्यसको जगमा उभिएको अहिलेको शान्ति प्रक्रिया अर्थहीन बन्न सक्ने खतरालाई समय नउम्कँदै बुझ्न गाह्रो हुनेछ । र, त्यसको परिणाम मुलुकका लागि दुःखद हुनेछ ।


रविन्द्रनाथ शर्मा
भास्वर ओझा

सरकार यस घटनाबारे आपराधिकरुपमा मौन छ । घटनास्थलमा पीडित पक्षलाई संरक्षण दिन नसक्नु वा नचाहनु प्रहरी प्रशासनभित्र बढ्दो राजनीतिकरणको सूचक हो । यो घटनालाई प्रतिगमनका शक्तिहरूमाथिको आक्रमण भन्दै राजनीतिक दलहरू आफ्ना विद्यार्थी तथा युवा संगठनहरूलाई स्यावासी दिनमा लाग्छन् भने त्यसले भावी राजनीतिलाई असहिष्णु मात्र हैन, आपराधिकरणतर्फ धकेल्नेछ ।

शान्ति प्रक्रियालाई बिथोल्न र निर्धारित गरिएअनुसार जेठमा चुनाव हुन नदिन दरवारिया शक्तिहरूको चलखेल भइरहेको आरोप माओवादीसहित केही वाम दलहरूले लगाउँदै आएका छन्, तर पोखराको घटना कुन नियत र प्रयोजनका साथ रचियो ? संविधानसभाको चुनाव भयरहित वातावरणमा मात्र हुनुपर्छ । तर आफूले मन नपराएको राजनीतिक शक्तिहरूमाथि सांघातिक रुपमा हमला गर्ने संस्कृति आफैंमा चुनावविरोधी षड्यन्त्रको पाइला हो । यो घटना निन्दनीय मानिनुपर्छ ।

यसभन्दा पनि बढी पञ्चायतकालको मण्डले शैलीको पुनरावृत्तिलाई 'लोकतान्त्रिक संस्कृति'का अगुवा भन्न रुचाउनेहरूले नै अनुसरण गरेमा अतिवादी राजनीति मुलुकको नियति बन्न सक्छ । यदि सरकार राजनीतिक दलहरू र माओवादीले यसबाट उचित पाठ लिँदै आचरण सुधारेनन् भने पोखरा घटना प्रतिगमनविरुद्धको अभिव्यक्ति नभएर प्रजातन्त्रविरुद्धको षड्यन्त्रको प्रारम्भ सावित हुन सक्छ । ■




## समय साता

**भित्रिए**



माओवादी जनसेनाले प्रयोग गर्दै आएका हतियार भण्डारणका लागि भारतबाट ल्याइएका बीसवटा सी कन्टेनर भारतको कोलकातास्थित हल्दिया बन्दरगाह हुँदै रेलमार्गबाट सिर्सिया सुख्खा बन्दरगाहमा भित्रिए ।

**माग**



नेपाली कांग्रेस निकट विद्यार्थी संगठनद्वारा नेताहरूले पार्टीद्वारा तत्काल महासमितिको बैठक बोलाई लोकतान्त्रिक गणतन्त्रका पक्षमा निर्णय गर्न माग ।
सशस्त्र द्वन्द्वका बेला विस्थापित भएका प्रहरी चौकीहरूको पुन:स्थापनाका लागि गृह मन्त्रालयद्वारा अर्थ मन्त्रालयसँग २५ करोड माग ।

**धर्ना**

डिभी चिठ्ठा कार्यक्रमको नाममा अमेरिकाले सर्वसाधारणलाई ठगेको आरोप लगाउँदै पीडितहरूद्वारा काठमाडौंस्थित अमेरिकी राजदूतावासमा दैनिक ६ घन्टा धर्ना ।

**मृत्यु**



रूसको राजधानी मस्कोमा रहेको लागूपदार्थ दुर्व्यसन पुनःस्थापना अस्पतालमा भएको आगलागीबाट ४५ को मृत्यु, १० घाइते, अस्पतालका भौतिक संरचना पूर्ण ध्वस्त ।
नेपाल चेम्बर अफ कमर्सका संस्थापक तथा अध्यक्ष राजबहादुर चिपालुको मृत्यु ।

**सार्वजनिक**

सरकारको ऋण ३ खर्ब १२ अर्ब ६६ करोड पुगेको र प्रत्येक नेपालीको शिरमा अहिले पनि १२ हजार ऋण रहेको महालेखापरीक्षकको प्रतिवेदनद्वारा सार्वजनिक ।

**विज्ञापन**



सैनिक विद्रोहबाट सत्ता आफ्नो हातमा लिएका फिजीका सैन्य नेताद्वारा अन्तरिम सरकारमा मन्त्री पदका लागि सामेल हुन त्यहाँका पत्रपत्रिकामा विज्ञापन ।

**थप**

खाग तस्करहरूद्वारा भकाभक गैंडा मारिन थालेपछि सरकारद्वारा चितवन राष्ट्रिय निकुञ्जमा संकटकालका बेला हटाइएका २४ सुरक्षा पोस्टमध्ये चार सुरक्षा पोस्ट पुन:स्थापना ।

**अनुमति**

भारतमा गैरसैनिक परमाणु र इन्धनमा लाग्दै आएको बन्देजबारे अमेरिकी संसद्मा परेको विधेयक पारित भएपछि परमाणु इन्धन निर्यात गर्न भारतलाई अनुमति ।

**उद्धार**



भारतको हैदराबादसिथत रेडप्रभा सर्कसमा पुर्‍याइएका चार बालबालिकाको नेपाल बाल कल्याण संघ हेटौंडाद्वारा उद्धार ।

**आदेश**

शिक्षा विधेयक ल्याउनुपर्ने कारण १५ दिनभित्र पेस गर्न सर्वोच्च अदालतद्वारा सरकारलाई आदेश ।




## झर्रा नेपाली शब्दले सजिनु पर्छ

समय (वर्ष ३, अंक १३४)मा नव नेपालको राष्ट्रियगानको राम्ररी चर्चा गरेको समाचार पढ्न पाइयो। यसका लागि समयलाई धन्यवाद। यतिखेर देशभर राष्ट्रियगानको विषयमा चर्चा भइरहेको छ। कतिपयले यसलाई अर्थहीन विषय वस्तु भन्दै आफ्ना हचुवा अभिव्यक्ति दिएको देख्दा भने अचम्म लागेको छ। मुलुकको राष्ट्रियगानलाई ख्याल सम्झनु हुँदैन। यसका बारेमा अझ धेरै वहस हुन जरुरी छ। देशमा शासक परिवर्तन भएपछि पुनः परिवर्तन गरिनुपर्ने गान बनाइनु हुँदैन। यसमा पहिल्यै सोचविचार गरिनु जरुरी छ। राष्ट्रियगान छनोट समितिका सदस्यले कम्तीमा दसवटा गीत बाहिर ल्याई वहस गरेर त्यसबाट राष्ट्रियगान छनोट गर्नुपर्थ्यो। तर, व्यक्तिगत लाञ्छनामा व्याकुल माइलालाई ल्याइनु त्यति उपयुक्त होइन, तर रचनाकारले नेपाली जनतालाई चिनाउने गौतम बुद्ध, हाम्रो राष्ट्रिय झन्डा र सगरमाथालाई बिर्सेर रचना गरेकोमा भने असन्तुष्टि छ। यसलाई यी सबै समेट्ने गरी झर्रा नेपाली शब्दहरूले भरेर सम्पादन गर्न जरुरी छ।



■ ज्ञानहरि ढकाल
तारुका-६, नुवाकोट

## खै व्यवस्थित ?

समय (वर्ष ३, अंक १३४) मा छापिएको 'विमानहरूको अव्यवस्थित मेला' पढ्दा रमाइलो लाग्यो। आफ्नो देशका दुईवटा हवाइजहाज पनि नभएको मुलुकले एयरपोर्ट व्यवस्थित गर्न नसक्नु आफैंमा लाजमर्दो कुरा हो। मुलुकमा शान्ति आएपछि बाहिरबाट पर्यटकहरू आउने क्रम पनि बढ्दो छ। यस्तो बेला मुलुकको एक मात्र अन्तर्राष्ट्रिय विमानस्थल अव्यवस्थित रुपमा सधैं राख्नु कत्तिको उपयुक्त होला ? यसमा सरकारको ध्यान बेलैमा जान जरुरी छ।

■ विनोद श्रेष्ठ
पेप्सीकोला, भक्तपुर

## कस्तो फोटो हो ?



समय (वर्ष ३, अंक १३४)मा छापिएको 'ढकमक्क गुराँस' पढ्दा हाँसो लागेर आयो। दुईवटा फूलको थुँगा राखेर ढकमक्क गुराँस भनेर छापिएको शीर्षकले पाठकलाई झुक्याएझैं भएन र ? के समयको भाषामा दुईवटा फूलका थुँगालाई ढकमक्क भनिन्छ हो ? कि फोटाको अभावमा यस्तो फोटो छापिएको हो ?

■ रमेश क्षेत्री
पर्सा-४, चितवन

## सहमति हुन जरुरी

समय (वर्ष ३ अंक १३४) को 'नारा कि साँच्चिकै प्रतिबद्धता' समाचार पढ्ने मौका पाइयो।

उक्त समाचारमा राष्ट्रिय चासो बनेको संविधानसभाको चुनाव हुनेमा शंका उब्जाएको छ। द्वन्द्वको अन्त्यसँगै मंसिर ५ माओवादी र सरकारबीच भएको सहमतिले आगामी वर्षको सुरुमा संविधानसभाको निर्वाचन गराउने सहमति भइसकेको छ। मुलुकलाई अग्रगामी दिशातर्फ अगाडि बढाउने हो भने यो निर्वाचन समयमै हुन जरुरी छ। माओवादीसँगको सहकार्यपछि आउँदा दिनमा धेरै विषयमा थप समझदारी जुटाउनु पर्ने देखिन्छ। समयमै अन्तरिम संविधान जारी भई आफूसहितको अन्तरिम सरकारको गठनदेखि अन्य कार्यमा भइरहेको ढिलाइले माओवादीमा समेत शंका बढेको देखिन्छ। यस्तो बेला दुवै पक्षले आपसी समझदारी कायम गरी साना मसिना कुरामा समय खेर नफालेर अघि बढ्न जरुरी छ।

■ राधेश्याम गजुरेल
बेल्कोट-६, नुवाकोट

## सपना निदाएका बेला

**आफैंलाई भुले पनि**
**भुल्नु हुन्नथ्यो**
**चैत्रको हुरीमा झरेको पातजस्तो**
**विशृंखलित विपना**
**गुड्दै गरेको गाडीबाट ब्रेक फेल भएको**
**शब्दहरूको लस्कर**
**तराईको हटियाबाट**
**मुरई बेचेर फर्किएकी**
**युवतीका खाली ढाकीमा**
**छुटेको प्रेमको पाठ**
**कहाँ छुट्यौ तिमी**
**समयका भरोसा साइत**
**भानुचोकमा**
**कैदी भएको हुनुपर्छ तिमी**
**तिम्रो आत्मसम्मान**
**स्कुटर चढेर जाने**
**पोस्टमोर्डन केटीले**
**लगेको हुनुपर्छ**
**लोकतन्त्रको आन्दोलनपछि**
**तिम्रा रहर कविताको क्लिनिकमा नभएर**
**ब्रायन कबका हातहरूमा हुनुपर्छ**
**त्यसैले तिम्रा सपना निदाएका छन्**
**हरपल ।**

■ उमेश राई
विराटनगर

## न्यायालयको दोहोरो मापदण्ड

समय (वर्ष ३ अंक १३४) मा लेखिएको सम्पादकीयले मन छोयो। नेपाली न्यायालयमा देखिएको दोहोरो मापदण्डले पक्कै पनि न्यायालयलाई स्वतन्त्र बनाउन सक्दैन। यसबाट न्यायकर्मी सचेत हुनु जरुरी छ। यस्तो अवस्था दोहोरिरहने हो भने न्यायालयप्रति सर्वसाधारणको वितृष्णा जाग्न सक्छ। खुमबहादुर खड्का र गोविन्दराज जोशीलाई अदालतले सफाइ दिएर भ्रष्टाचारलाई मलजल गरेको छ। अदालत यसरी जनमुखी हुन छाड्ने हो भने कानुनको सर्वोच्च संस्था मानिएको न्यायालयप्रति भोलि सर्वसाधारणले प्रश्न उठाउँदा यसको सम्मान कसले गर्ने ?

■ मेघराज केसी
पो.ब.नं. ८९७३
एन पिसी ५६५
काठमाडौं

समयको ग्राहक बन्नुपरेमा वा पत्रिका नआएमा सम्पर्क गर्नुहोस् । फोनः ४४४३८८८/२११२०९४

**पश्चिममा पूर्वीय दर्शन, साधना प्रणाली तथा अनेकन् गुरुहरू जस्तै महेशयोगी, कृष्णमूर्ति, ओशो, प्रभुपाद, अरविन्द, रविशंकर, सत्य साईबाबा, योगानन्द, रामकृष्ण मिसन, रमण आश्रमहरू बढ्दो प्रभावका कारणले पनि आफ्ना विश्वासको जग धरमराएको अवस्था छ ।**



■ स्वामी आनन्द अरुण

# पूर्नजन्मको वास्तविकता

**मेचीदेखि महाकालीसम्म** छरिएर रहेका ६० ओशो ध्यान केन्द्रहरूले ११ डिसेम्बरका दिन ओशोको ७५औं जन्मोत्सव मनाए । ओशोले शरीर छोड्नुपूर्व आफ्नो समाधिमा लेख्नका लागि एक प्रसिद्ध वाक्य छोडेका थिए - नेवर बोर्न, नेवर डाइड, ओन्ली भिजिटेड दिस प्लानेट अर्थ फ्रम ११ डिसेम्बर १९३१ टु १९ जनवरी १९९० । झट्ट हेर्दा यो वाक्य धेरैका लागि साधारण तर अबुझ लागे पनि यसमा पूर्वीय अध्यात्म दर्शनको सार संगृहीत छ ।

गीताको चौथो अध्यायको छैटौं श्लोकमा भगवान् श्रीकृष्णले पनि यही भनेका छन्, 'म अजन्मा, अविनाशी तथा सबै प्राणीहरूको ईश्वर भए पनि प्रकृतिको अधीनमा म आफ्नो योगमायाले प्रकट हुन्छु ।' अजन्मा र अविनाशी स्वरूपको मतलब जसको न जन्म छ, न मृत्यु । तर त्यस्तो स्वरूप भएको परमात्माले पनि कुनै विशेष कारणवश यो विनाशी मृत्युलोकमा जन्म लिनुपर्छ । जन्म लिनु पर्‍यो भने उसले पनि प्रकृतिको नियमकै अधीनमा बस्नुपर्छ । योगमायाको अर्थ हो - सम्मोहन । सामान्य व्यक्ति वासनाको सम्मोहनमा जन्मिन्छ । जीवनपर्यन्त यही वासनाले उसलाई डोर्‍याउँछ र मर्ने बेला पनि यही अतृप्त वासनाहरू उसका अगाडि नाचिरहेका हुन्छन् र बीज रूपमा तिनीहरूले मन र चेतनामा आफ्नो घर बनाएर बस्छन् र सतत माग गरिरहेका हुन्छन् - छिटो शरीर लेऊ र मलाई तृप्त गर । कामनाको यो नाटक सबै कामनाबाट मुक्त नभएसम्म चली नै रहन्छ । विनाकामनाको जन्म हुन सक्दैन । त्यसकारण श्रीकृष्ण भन्छन्, 'मैले जन्म लिनुपर्‍यो भने पनि कुनै न कुनै कामना सृजना गर्नुपर्छ ।' उनी यसलाई भन्छन् - योगमाया । मायाको अर्थ हो - सम्मोहन । हामी पनि सम्मोहनमै जन्मिन्छौं तर हाम्रो सम्मोहन हुन्छ कामना तृप्तिमा पाइने क्षणिक सुखको । त्यो कामनामा पनि सबैभन्दा प्रबल कामना हो - यौन इच्छा । जीवन भोगेर मर्ने अधिकांश व्यक्तिहरूको मर्ने बेला पनि मनमा यौन इच्छा नै खेलिरहेको हुन्छ र त्यसैले यौनद्वारा नै उसलाई जन्माइन्छ । कृष्ण चैतन्य जस्तो व्यक्तिलाई पनि जन्मिनलाई पनि केही माया सृजित गर्नुपर्छ । त्यो होसपूर्वक आफैं सृजित गरेको हुनाले श्रीकृष्ण त्यसलाई 'योगमाया' भन्छन् ।

तर सम्मोहन नभईकन चेतना पदार्थसँग संयुक्त हुनै सक्दैन । शरीर पञ्चतत्त्वको पार्थिव खोल हो । यसभित्र चैतन्यलाई वास गर्नलाई केही न केही वासनागत सम्मोहन चाहिन्छ । श्रीकृष्णले यही कुरालाई यसै अध्यायको सातौं र आठौं श्लोकमा वर्णन गर्छन् । 'जब जब धर्मको हानि र अधर्मको वृद्धि हुन्छ, तब तब म धर्मको उत्थानका लागि आफ्नो साकार रूप रचेर म प्रकट हुन्छु ।' त्यस्तै, 'साधुको उद्दार र दुष्टको विनाशका तथा धर्मको उत्थानका लागि युग-युग प्रकट भइरहन्छु ।' यो सुखको इच्छाले प्रेरित बेहोस आकांक्षा होइन, कल्याणको कामनाले स्वयंद्वारा होसपूर्ण रचित र प्रायोजित आकांक्षा हो ।

यसै सन्दर्भमा चौथो अध्यायको सुरुका ५ श्लोकहरूमा श्रीकृष्ण र अर्जुनका बीचको संवाद पनि रोचक छ । यसैमा पनि पाँचौं श्लोक महत्त्वपूर्ण छः

बहूनि मे व्यतितानि जन्मानि तव चार्जुन ।
तान्यहं वेद सर्वाणि न त्वं वेत्थ परन्तप ॥

'हे अर्जुन, मेरा र तिम्रा धेरै जन्म भइसके, तर तिमीलाई यो याद छैन । मलाई सबै याद छ ।'

यो श्लोकले हाम्रो आध्यात्मिक चिन्तनको मूल धारणालाई प्रतिस्थापित गर्छ । भारतमा जन्मिएका हिन्दु, बौद्ध, जैन र सिख धर्मले पुनर्जन्मको सिद्धान्तलाई नै आफ्नो आधार मानेका छन् र कर्मअनुसारको जन्मको प्रक्रिया अगाडि बढ्छ भन्ने यिनको आधारभूत सत्य हो । पश्चिममा जन्मिएका तीनवटै धर्म - यहुदी, इसाई र इस्लामले मृत्युपछि जीवनको निरन्तरतालाई त स्वीकार गर्छ, तर यसको शृंखलाबद्ध पुनरावृत्तिलाई स्वीकार गर्दैनन् । यी धर्महरू के भन्छन् भने मानिस आफ्नो कर्मअनुसार स्वर्ग वा नर्कमा बस्छ । तर अहिले पश्चिमका मनोवैज्ञानिक जीवनपछि पनि जीवनको निरन्तरता छ भन्ने तथ्यलाई नकार्नै नमिल्ने तुल्याएको छ । 'नियर डेथ एक्सपिरियन्स', बच्चाहरूद्वारा आफ्नो विगतका जन्मसँग सम्बन्धित बताइएका अकाट्य तथ्यहरू, तिब्बती बार्डोको सचेतन मृत्युको प्रयोग, अशरीरी आत्माहरूद्वारा सम्प्रेषित जानकारीहरू तथा स्वप्नमा प्राप्त पराजीवनका अनुभूति र संकेतहरूको खोजले जीवनपछिको जीवनको निरन्तरतालाई प्रत्येक दिन झन् रहस्यमय तर स्पष्टता पनि दिँदै गएको छ ।

इसाई पूर्वाग्रहमा हुर्केका पश्चिमा वैज्ञानिकहरूलाई यी तथ्यहरू स्विकार्न गाह्रो भइरहेको छ । सूर्यलाई पृथ्वीले परिक्रमा गर्छ र बृहस्पति ग्रहका पनि उपग्रहहरू छन् भन्ने ग्यालिलियोको खोजलाई मान्न स्थापित चर्च र वैज्ञानिक समाजले अस्वीकार मात्रै गरेन, ग्यालिलियोलाई बन्दी जीवन जिउन नै बाध्य पारेको थियो । भ्याटिकनका पोपले सन् १९९३ मा आएर मात्र ग्यालिलियोका यी खोजलाई आधिकारिक मान्यता दिए ।

पूर्वाग्रहले धर्ममा लागेका व्यक्तिहरूलाई मात्रै होइन, विशुद्ध बौद्धिक वैज्ञानिकलाई पनि छोड्दैन किनभने बच्चैमा समाज र परिवारले सिकाएका वृत्तिहरूको परिवर्तन त पीडादायक हुन्छ भने, त्यसबाट मुक्ति त झन् असम्भव नै लाग्छ, तर अहिले पश्चिममा पूर्वीय दर्शन, साधना प्रणाली तथा अनेकन् गुरुहरू जस्तै महेशयोगी, कृष्णमूर्ति, ओशो, प्रभुपाद, अरविन्द, रविशंकर, सत्य साईबाबा, योगानन्द, रामकृष्ण मिसन, रमण आश्रमहरू बढ्दो प्रभावका कारणले पनि आफ्ना विश्वासको जग धरमराएको अवस्था छ ।

प्रसिद्ध मनोवैज्ञानिक तथा चिकित्सक डा. ब्राइन वेसका 'मेनी लाइफ मेनी मास्टरस्' तथा 'सेम सोल, मेनी बडिज' जस्ता पुस्तकहरूका दसौं लाख प्रतिहरू बिक्री भएका छन् । यस्ता विषयवस्तु समेटिएका पुस्तकहरूको लोकप्रियताले पश्चिमको बौद्धिक जगत्मा एक क्रान्तिकारी परिवर्तनको संकेत दिइरहेका छन् । प्रतिस्थापित चिकित्सक डा. वेजले अज्ञात भय र चिन्ताद्वारा सानैदेखि सताइएकी क्याथरिनको चिकित्साको क्रममा यी भय र चिन्ताका कारणहरू यो जीवनमा घटेका कुनै घटनामा नभेटाएपछि उनले सानो सम्मोहनको प्रयोग गरे । यसबाट क्याथरिनले जुन जानकारी दिइन्, त्यसप्रति डा. वेजलाई पनि विश्वास भएन ।

क्याथरिन अँध्यारोदेखि डराउँथिन् । उनी आफू सुत्नेकोठा अँध्यारो छ भने पनि कोठामा छिर्न सक्दैनथिन् । यो डरको कुनै कारण उनले खोजी गर्दा यो जीवनमा त्यसरी अँध्यारोसँग डराउनुपर्ने कुनै मनोवैज्ञानिक चोट पुर्‍याउने दुर्घटना उनले भेटेनन्, तर सम्मोहनमा उनले विगतमा आफूलाई कोढ लागेको र सबैले आफूलाई गाउँबाट निकालेर नजिकको पहाडमा रहेको गुफामा थुनिदिएको दृश्य देखिन् र त्यही अँध्यारो गुफामा आफ्नो दुःखान्त मृत्यु भएको देखिन् अनि रुन थालिन् । यो दृश्यपछि उनको मानसिक रेचन भयो र उनीबाट विस्तारै अँध्यारोको डर पनि हराएर गयो । यो खोजले डा. वेजको जीवनमा मात्रै होइन, पश्चिमको मनोवैज्ञानिक चिकित्साजगत्मै ठूलो परिवर्तन ल्यायो । हुनसक्छ, सन् २०९३ मा भ्याटिकनले पुनर्जन्मलाई आधिकारिक मान्यता दिनुपरोस् । ■

## सेनाको दोहोरो मापदण्ड

**सैनिक कल्याणकारी** कोष पारदर्शी बनाउन, लेखापरीक्षण गराउन र हिसाब किताब सार्वजनिक गर्न सर्वोच्च अदालतले परमादेश जारी गरेलगत्तै शाही नेपाली सेनाले न्यायालयको फैसलालाई शिरोपर गर्ने प्रतिबद्धता सार्वजनिक गरेको छ।

भूतपूर्व सैनिकपरिषद्का तर्फबाट पाँच वर्षअघि दायर रिट निवेदनमा सर्वोच्चले रक्षा मन्त्रालय र जंगी अड्डाका नाममा परमादेश जारी गर्दै कात्तिक २० गते फैसला गरेपछि सेनाले कोषको तेत्तीस वर्षदेखिको नालीबेलीको फेहरिस्त तयार गर्नुपर्ने भएको छ।

कोषलाई गोप्य र तजबिजी ढंगले संचालन गर्दै आएको सेनाले लोकतन्त्र स्थापना अघिसम्म यससम्बन्धी कुनै पनि सूचना प्रवाह गर्न इन्कार गर्ने गरेको थियो। जनआन्दोलन-२ को सफलतादेखि नै उदार देखिँदै आएको सेनाले सर्वोच्चको फैसला भएको पाँच दिनपछि कात्तिक २५ गते पत्रकार सम्मेलन आयोजना गरी कल्याणकारी कोषको विवरण सार्वजनिक गरेको छ।

त्यसका साथै कोषलाई प्रजातान्त्रिक ढंगले व्यवस्थापन गर्ने र अदालतले आदेश दिएका सबै विषयको अनुसरण गर्ने जानकारी समेत दिएको छ।

सैनिक कल्याणकारी निर्देशनालय प्रमुख सहायक रथी कुमार केसीले कोषको कुल रकम, आम्दानी र खर्चको फेहरिस्त वितरण गरेका थिए।

कोषका हकमा न्यायालयको फैसलाप्रति वफादार देखिएको सेनाको व्यवहार सर्वोच्चबाटै भएका अन्य फैसला कार्यान्वनका हकमा भने पश्चगामी देखिएको छ। सार्वजनिक सरोकारको विषयमा प्रगतिशील देखिन खोज्ने सेनाको वास्तविक रुप निरंकुश शैलीकै त छैन भन्ने प्रश्न उठ्ने उदाहरणहरू प्रशस्त छन्।

उपरथी प्रदीपप्रताप वम मल्ललाई अवकाश दिनु अन्यायपूर्ण भएको भन्दै सर्वोच्चले निजलाई वहाल गर्न आदेश दिएको दुई महिना भइसक्दा पनि रक्षा मन्त्रालय र सेनाले सुनुवाइ गरेको छैन। तीनवर्षे कार्यकाल समाप्त भएपछि अरू उपरथीहरूको २ वर्ष अवधि थपिएको तर पूर्वाग्रही हिसाबले आफूलाई अवकाश दिइएको भन्दै मल्ल सर्वोच्च गएका थिए।

राजाको प्रत्यक्ष शासनकालमा ल्याइएको नियम कानुनको आफू सिकार भएको र वर्तमान सरकारले त्यति बेलाको कामलाई अवैध ठहऱ्याएकाले पदावधि थपिनु आफ्नो हक भएको मल्लको दाबी थियो।

मल्लको दाबीलाई जायज ठहऱ्याउँदै सर्वोच्चले रक्षा मन्त्रालय र जंगी अड्डाका नाममा जारी गरेको परमादेश कार्यान्वयन नगरिएकाले कोषका हकमा सेनाले देखाएको उदारता कतै आडम्बर त हैन भन्ने प्रश्न पनि उब्जिएको छ। ■

## कांग्रेस–एमाले र सरकारी उच्च नियुक्ति

**माघ १९ पछि** संघर्ष, जनआन्दोलन र विगत ६ महिनामा सरकारमा साझेदार बनेका नेपाली कांग्रेस र एमालेबीचको सम्बन्ध कटु हुँदै गएको छ। खास गरी शान्ति प्रक्रियामा प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले एमालेका महासचिव माधवकुमार नेपाललाई अपमानित गरेको र भावी अन्तरिम सरकार तथा संसद्मा माओवादीलाई एमालेको भन्दा कम हैसियत र स्थान प्रदान गर्ने कोइरालाको निर्णयपछि सम्बन्ध कटु बनेको हो।

यो कटुता राजदूतहरूको नियुक्ति प्रक्रिया अनौपचारिक रुपमा अघि बढेपछि सार्वजनिक विवादको विषय बनेको छ। माधवकुमार नेपालले अमेरिकाका लागि अख्तियार दुरुपयोग अनुसन्धान आयोग (अदुआ)का प्रमुखका रुपमा हालै अवधि पूरा गरेका सूर्यनाथ उपाध्यायको नाम प्रस्तावित गरेका थिए, तर प्रधानमन्त्री कोइरालाले त्यसलाई ठाडै अस्वीकार गरेको बुझिएको छ।

एमाले महासचिव माधवकुमार नेपालले आफ्नो प्रस्तावित नामबारे पुष्टि गरे पनि त्यसबारे अरू विवरण खुलाउन चाहेनन्। प्रधानमन्त्री कोइरालाका विदेश मामिलासम्बन्धी सल्लाहकार तथा पुत्री सुजाता कोइरालाका निकट मानिने डा. सुरेशराज चालिसे अमेरिकाका लागि सम्भावित राजदूत मानिन्छन्।

वैशाखमा सात दल समर्थित सकारको स्थापना भएदेखि एक दर्जनभन्दा बढी मुलुकबाट उसले शाही सरकारद्वारा नियुक्त राजदूतहरूलाई फिर्ता बोलाएको थियो। ती लगायत झन्डै १८ मुलुकहरूमा नेपालका कूटनीतिक नियोग नेतृत्वविहीन छन् र सत्ताधारी दलहरू खासगरी कांग्रेस-एमालेबीचको खिचातानी त्यो रिक्तताका लागि जिम्मेवार रहेको परराष्ट्र मन्त्रालय स्रोत बताउँछ। कूटनीतिक नियोग जस्तै मुलुकका चार विश्वविद्यालयहरूमा उपकुलपति तथा महत्त्वपूर्ण प्रशासनिक पदहरू रिक्त हुँदा शैक्षिक तालिकाहरू समेत प्रभावित हुन पुगेका छन्।

शिक्षामन्त्री मंगलसिद्धि मानन्धरले आफूले ती पदहरूका नाम सिफारिस गरिसकेको, तर कुलपतिको हैसियातले प्रधानमन्त्रीले त्यो सिफारिस अनुमोदन नगरेको सार्वजनिक वयान दिइसकेका छन्।

त्यस्तै एमाले-कांग्रेस खिचातानीले राष्ट्रिय मानवअधिकार आयोगको गठनलाई पनि प्रभावित गरेको छ। नेपालस्थित राष्ट्रसंघीय प्रतिनिधि, मानवअधिकार उच्चायोगको विशेष कार्यालय र केही मानवअधिकार संगठनको चासोलाई तत्काल सम्बोधन गर्ने आश्वासन गत साता प्रधानमन्त्रीले दिए पनि प्रधानमन्त्री एमाले समर्थक मानवअधिकारवादी संगठनहरूको वर्चस्व आयोगमा स्थापित हुन नदिन कटिबद्ध रहेको प्रधानमन्त्री निकट सूत्रले अनौपचारिकरुपमा जानकारी दिएको छ।

आयोगको अध्यक्षमा सर्वोच्चका अवकाशप्राप्त न्यायधीश रहने कानुन र परम्परा छ।


## मकालु यातायातको बस सेवा

**कलङ्कीबाट छुट्ने : मुख्य कार्यालय, फोन नं. ४२७७५५२, ४२८१९७२, ४२८७३०६**

### काठमाडौंबाट जाने

| | | | |
|---|---|---|---|
| काकडभिट्टा | बिहान ५.०० बजे | पोखरा | बिहान ७.३० बजे |
| भद्रपुर | बिहान ५.१० बजे | वीरगञ्ज रात्रि | बेलुकी ८.१५ बजे |
| मधुमल्ला | बिहान ५.२० बजे | कलैया | बिहान १०.१५ बजे |
| धरान | बिहान ६.०५ बजे | भरतपुर | बिहान ११.४५ र दिउँसो १२.१५ बजे |
| विराटनगर | बिहान ५.४५ बजे र ६ ४५ बजे | शिवनगर | दिउँसो १२.३० बजे |
| राजविराज | बिहान ६.०० बजे | टाँडी पर्सा | दिउँसो १.०० बजे |
| सिरहा/माडर | बिहान ६.१५ बजे | टाँडी-खोलेसिमल | दिउँसो १.४५ बजे |
| मलङ्गवा | बिहान ६.३५ बजे | पर्सा-कपिया | दिउँसो २.२० बजे |
| जनकपुर | बिहान ७.२० बजे | पर्साढाप-मेघौली | दिउँसो ४.४५ बजे |
| गौर | बिहान ६.५५ बजे | गीतानगर-जगतपुर | दिउँसो ४.१५ बजे |
| वीरगञ्ज | बिहान ७.०५, १०.१५ र ११.०० बजे | वरथवा | बिहान ७.४० बजे |

### काठमाडौंमा टिकट पाइने स्थानहरू

| कलङ्की | सुन्धारा | गौशाला | लगनखेल |
|---|---|---|---|
| २७३९१२/२८१७०४ | २५३१४२ | ४९३५५७/४९७१३७ | ५५२१६६६ |

### काठमाडौंतर्फ आउने

| | | | |
|---|---|---|---|
| काकडभिट्टाबाट | बिहान ५.०० बजे | वीरगञ्जबाट | बेलुका ८.३० बजे |
| भद्रपुरबाट | बिहान ४.५० बजे | कलैयाबाट | बिहान ८.०० बजे |
| मधुमल्लाबाट | बिहान ४.५० बजे | भरतपुरबाट | बिहान ५.३० बजे |
| धरानबाट | बिहान ४.२० बजे | पर्साबाट | बिहान ५.४५ बजे |
| इटहरीबाट | बिहान ५.००, ५.२०, ६.३० र ७.०० बजे | खोलेसिमलबाट | बिहान १०.३० बजे |
| विराटनगरबाट | बिहान ४.३० बजे | पर्सा-कपियाबाट | बिहान ६.३० बजे |
| राजविराजबाट | बिहान ५.३० बजे | मेघौलीबाट | बिहान ८.४५ बजे |
| सिरहा/माडरबाट | बिहान ५.१५ बजे | जगतपुरबाट | बिहान ८.१५ बजे |
| लहानबाट | बिहान ६.१५, ७.००, ७.१५ र ९.०० बजे | वीरगन्ज रात्रि | बिहान ६.४५ बजे |
| मलङ्गवाबाट | बिहान ५.१५ बजे | नारायणगढबाट | बिहान ६.१५, ६.४५, ७.००, ७.४०, ८.००, ८.१५, ८.४५ र दिउँसो ३.०० बजे |
| जनकपुरबाट | बिहान ८.१५ बजे | पार्वतीपुरबाट | दिउँसो १२.०० बजे |
| गौरबाट | बिहान ५.३० बजे | | |
| वीरगञ्जबाट | बिहान ९.००, ११.०० र ११.३० बजे | | |

अन्य स्थानहरू : काँकडभिट्टा र भद्रपुरमा मेची संघको काउन्टर, धरानमा बसपार्क (०२५)२०३७२, विराटनगरबाट बसपार्क नजिकै (०२१) ३०७२७, इटहरीमा पश्चिमचोक, राजविराजमा (०३१) २००९, लाहानमा (०३३) ६०३६६, सिराहामा (०३३) २०२३३, सिराहा/माडरमा (०३३) २०१३१, जनकपुरमा भानुचोक र रामानन्द चोक, मलङ्गवामा (०४६) २००४२, वीरगन्जमा (०५१) २१५२६, हेटौंडामा भानुचोकमा (०५७) २०५३५, नारायणगढमा पुल्चोक बसपार्क (०५६) २४२०८।

*यात्रुहरूको सुविधाका लागि गौशाला र सुन्धाराबाट निःशुल्क मिनिबस सेवा उपलब्ध गराइएको छ।*




नेकपा (माओवादी) ले ओसारपसार गर्न नदिएपछि जिल्ला वन कार्यालय भरतपुरमा रहेका काठसहितका दुई ट्रक ।

सूर्यप्रकाश कँडेल

# माओवादीले काठ रोके

**सरकारसँग शान्ति** सम्झौतापछि हतियार र जनसेना व्यवस्थापनमा व्यस्त नेकपा माओवादीले आफ्नो नयाँ सत्ताको रवाफ र पुराना क्रियाकलाप अझै पनि दोहोऱ्याएको छ । अब त माओवादीबाट हस्तक्षेप व्यहोर्नु नपर्ला भन्ने व्यवसायीको भावनाविपरीत गत साता माओवादीका कार्यकर्ताले चितवनमा घाटगद्दी गरिएका काठ सम्बन्धित पक्षलाई उठाउनबाट रोक लगाएका छन् ।

नेपाल वन पैदावार उद्योग व्यवसायी संघ, शाखा कार्यालय चितवनबाट गत शनिवार विज्ञप्ति जारी गर्दै वन कार्यालयबाट काठ उठाउनको लागि प्राप्त इजाजतपत्र खोसेर शुक्रबार माओवादी कार्यकर्ताले काठ उठाउनमा रोक लगाएको उल्लेख गरेको छ । विज्ञप्तिमा गत वर्षदेखि नै माओवादीले प्रति क्युफिट २ सय ५० रुपैयाँ कर उठाउँदै आएको र अहिले शान्ति सम्झौतापछि पनि काठ उठाउन नसक्ने परिस्थिति सिर्जना गरिएको जनाइएको छ ।

माओवादीले शुक्रबार ग १ ख १२३६ र ना २ ख २४४४ नम्बरको ट्रकमा लोड गरिएको ७२ थान (आठ सय ९५ क्युफिट) काठ उठाउन रोक लगाएको सम्बन्धित व्यवसायी सम्झौता काष्ठ उद्योग भरतपुरका विश्वराज अधिकारी बताउँछन् । वनपैदावार व्यवसायी संघ चितवनका सचिव विश्वनाथ पौडेलले शुक्रवार दिउँसो ३:३० बजेको समयमा नेकपा (माओवादी)का जिल्ला जनसरकार प्रमुख दण्डपाणि पौडेल र भरतपुर नगर इन्चार्ज विवेकले काठ ओसारपसारमा रोक लगाएपछि काठ उठाएको गाडी जिल्ला वन कार्यालय भरतपुरको परिसरमा राखिएको जानकारी गराए ।

काठ उठाउन रोक लगाइएको विषयमा स्पष्ट पार्दै नेकपा (माओवादी) भरतपुर नगर इन्चार्ज विवेकले विगतमा कर उठाउने गरेको स्विकार्दै अहिले भने रकमको लागि नभई पारदर्शिताका कारण काठ उठाउन नदिएको बताएका छन् । उनले शान्ति सम्झौतापछि हतियार व्यवस्थापनमात्र भएकाले अन्तरिम सरकार नबनेसम्म वन कार्यालयको स्वीकृतिमा जिल्लामा काठ उठाउन नदिइने बताए ।

■ **सूर्यप्रकाश कँडेल/चितवन**

# राजावादीको रणनीति निर्माणमा धक्का

**आगामी संविधानसभामा** राजाको पक्षबाट लड्ने रणनीति बनाउन जुटेका राजावादीलाई विद्यार्थी संगठनले खेदेपछि उनीहरूको योजनामा धक्का लागेको छ । केन्द्रीय योजनाबमोजिम शिथिल राजावादी संगठनलाई ब्यूँताउने प्रयास पहिलो चरणमै धक्का खाएपछि क्रमशः गर्ने भनिएका राप्रपा नेपालका अन्य कार्यक्रमहरू पनि केही पछि सरेका छन् ।

तीन दिनको लागि तय भएको सम्मेलनमा स्थानीय तहमा प्रशासन तथा दलहरूसँगको सम्बन्ध संगठन निर्माण र सुदृढीकरण लगायतका विषयमा छलफल हुने तय भएको थियो । स्रोतका अनुसार दरवारको भूमिकाका विषयमा समेत सहभागीले बन्दसत्रको सुरुमै सवाल उठाएका थिए ।

उद्घाटनसत्रमा पार्टी अध्यक्ष रवीन्द्रनाथ शर्माले राजाविनाको प्रजातन्त्र रहन नसक्ने अभिव्यक्ति दिएपछि विद्यार्थीहरूले उनीहरूलाई खेद्ने योजना बनाएका थिए । नेपाल विद्यार्थी संघ, नेपाल विद्यार्थी संघ प्रजातान्त्रिक र अखिल क्रान्तिकारीका कार्यकर्ताको पृथ्वीनारायण क्याम्पसबाट सुरु भएको जुलुस सम्मेलनस्थल पार्टी प्यालेस छिर्नेबित्तिकै सहभागीहरू प्रतिकार नगरी भागेका थिए ।

अप्रत्यासित रुपमा भेलामा हस्तक्षेप भएपछि भागेर अन्नपूर्ण होटलमा जम्मा हुन गएका झन्डै चार दर्जन सहभागीको माझमा नेता शर्माले दुई मिनेट भाषण गरेर कार्यक्रम समापन भएको घोषणा गरेका थिए । पोखरामा विरोधको स्वर समेत निकाल्ने स्थिति नभएपछि भोलिपल्ट राजधानीमा पत्रकार सम्मेलन आयोजना गरेर उक्त आक्रमणको विरोध गरेका थिए ।

भेटिएको कागजातअनुसार राजालाई फेरि सक्रिय भूमिकाका लागि प्रेरित गर्ने बाटोमा लाग्ने योजना बनाउनु भेलाको प्रमुख उद्देश्य थियो । राप्रपा नेपालको राजनीतिक तथा सांगठनिक प्रतिवेदन शीर्षकमा प्रस्तुतकर्ताको नामविहीन अवस्थामा भेटिएको कागजातमा प्रजातन्त्रका लागि राजा चाहिने उल्लेख मात्रै थिएन, राजाविना नेपाली जनताको सुरक्षा नहुने पनि लेखिएको थियो ।

भेलामा शाही मन्त्रीहरू भुवन पाठक, दुर्गा श्रेष्ठ, तोरणबहादुर गुरुङ लगायतको उपस्थिति थियो । शाही गृहमन्त्री तथा पार्टीका संस्थापक अध्यक्ष कमल थापा भेला समयमा पोखरामै भए पनि कार्यक्रममा भने पुगेनन् ।

विद्यार्थी आक्रमणपछि त्यसप्रति मिश्रित प्रतिक्रिया आएका छन् । राष्ट्रसंघीय मानवअधिकार उच्चायुक्तका नेपाल प्रतिनिधि लेना सुन्धले त्यसरी भेलामा भएको आक्रमणको आलोचना गरेकी छन् । जनआन्दोलनका दोषीहरूलाई कारबाही गरिनुपर्ने भए पनि त्यसरी उनीहरूले भेला गर्न पाउने मौलिक हक छिन्न नमिल्ने भन्दै संविधानसभामा भाग लिन दिएर जनतालाई चुन्ने अधिकारी दिनुपर्ने सुन्धको भनाइ थियो । 'दलहरूले संसद्बाट निकाल्न हुन्छ भने हामीले पोखरामा गुटबन्दी गर्न लाग्दा बिथोल्न किन नहुने ?', नेविसंघ कास्कीका नेता योगराज लामिछानेको स्पष्टोक्ति थियो । मानवअधिकारकर्मी टेकनाथ बराल भने मानवअधिकार हननमा संलग्न भएकाहरूको प्रतिकार हुनु स्वभाविक भएको बताउँछन् ।

उता अध्यक्ष शर्माले समयसँग कुरा गर्दै अहिले मुलुकमा भएका शान्ति प्रक्रियालाई माओवादीहरूले रणनीतिक रुपमा लिएको विचार व्यक्त गरेका छन् । उनी भन्छन्, 'तर म अहिले भइरहेको कार्य रणनीतिक नहोस् र शान्ति आओस् भन्ने चाहन्छु ।' माओवादी आन्दोलन २०४६ सालको उपलब्धि कमजोर पार्ने उद्देश्यबाट सुरु भएको बताउँदै शर्माले त्यति बेला राजासँग कार्यगत एकता गर्न खोजेको समेत खुलासा गरे ।

■ **केशव लामिछाने/पोखरा**


नारायण खड्का

# वासका लागि वन फडानी

**माओवादीले आफ्नो** आधार शिविर स्थापना गर्ने बहानामा झापा र इलामको सीमावर्ती गाविस दानाबारीमा रहेको नमुना सामुदायिक वन फडानीलाई तीव्रता दिएका छन्। उनीहरूले अहिलेसम्म सो सामुदायिक वनबाट २ सयभन्दा बढी ठूला रुख ढालेका छन्।

माओवादीको फस्ट डिभिजनअन्तर्गत विप्लव स्मृति ब्रिगेडका लागि प्रस्तावित गरिएको सहायक शिविर निर्माणका लागि भन्दै सो वन फडानी कार्य तीव्र पारेका हुन्। सो शिविरमा १ हजार माओवादी सेना रहने र उनीहरूको लागि वासस्थान तयार गर्नका लागि कुनै भौतिक पूर्वाधार तयार नगरिएका कारण बाध्यतावश आफूहरूले वनका रुख फडानी गरिएको माओवादीले बताएको छ। सो ब्रिगेडका माओवादी कमान्डर हिमाञ्चलले अहिलेसम्म १ सय ५० रूख कटान गरिसकिएको स्विकार्दै आवश्यकता परेमा अझै अरू रूख काट्न सकिने स्पष्ट पारे।

कटान गरिएका रूखको लागत मात्र १० करोडभन्दा धेरै पर्ने सो सामुदायिक वनका सदस्यहरूको कथन छ। यतिमात्र नभएर घना जंगल रहेको सो स्थानमा यसरी नै रुख कटान गर्न थालिएपछि केही दिनमै सो क्षेत्र उजाड हुने स्थानीय बासिन्दाहरू चिन्ता व्यक्त गर्छन्। एक किलोमिटर क्षेत्रफल ओगट्ने सो शिविर निर्माण गर्नका लागि चाहिने जति रुखहरू कटान गरिने भनिएपछि कमसेकम ३ सयभन्दा बढी रुख कटान हुने आशंका गर्दै वनका सदस्यहरू चिन्तित बनेका छन्। कमान्डर हिमाञ्चलले बूढा र काम नलाग्ने किसिमका रुख मात्र कटान गरिने बताए पनि घना जंगलका सयौं रुख कटान गरिएको छ।

महिलासहित चार सयभन्दा बढी माओवादी कार्यकर्ता रुख कटान गर्न र टहरा निर्माण गर्न यसबेला व्यस्त छन्। आफूहरूको बस्ने र खाने कुनै राम्रो प्रबन्ध नभएकाले बाध्य भएर वन फडानी गर्नुपरेको हिमाञ्चल सुनाउँछन्। कटान गरिसकिएका रुखहरू शिविर निर्माण सम्पन्न भइसकेपछि के गर्ने भन्ने बारेमा भने माओवादी र वन समिति नै पनि प्रस्ट हुन सकेका छैनन्। माओवादीले कटान गरिएका रुखहरू काम सम्पन्न भइसकेपछि बाटो, बिजुलीका लागि खर्च गर्ने र सो रकम नमुना सामुदायिक वनले नै खर्च गर्ने बताएको छ।

सरकारले वास्ता नगरेका कारण अहिले सो स्थानका माओवादीहरू चिसो भुइँमै रात कटाउन बाध्य छन्। यतिमात्र नभएर उनीहरू अहिले रात कटाउनका लागि स्थानीय बासिन्दाकोमा वास बसिरहेका छन्।

■ **नारायण खड्का/झापा**

**राष्ट्रिय जनमुक्ति** पार्टीले राजतन्त्रको टुंगो लगाउन जनमत संग्रह नै उपर्युक्त विधि भएको ठहर गरेको छ। उसले जनमत संग्रह नमान्नु राजतन्त्र जोगाउने खेल भएको जिकिर पनि गरेको छ। पार्टीको पाँचौं राष्ट्रिय सम्मेलन तथा महासभाले त्यस्तो ठहर गरेको हो। त्यस्तो सम्मेलन मंसिर २४ र २५ गते बुटवलमा सम्पन्न भएको थियो।

सो सम्मेलनले संघीय गणतान्त्रिक मोर्चाको अवधारणामा सामेल हुन सबैलाई आग्रह गर्दै केन्द्रीय संघात्मक सरकारको अधीनस्थ बहुजातीय स्वशासित सरकारको लक्ष्य हुनुपर्ने ठहर गरेको छ। रक्षा, परराष्ट्र, मुद्रा तथा ठूला र सामरिक महत्त्वका उद्योगहरू केन्द्रीय संघात्मक सरकारमा राखी अन्य विकास निर्माण र प्रशासनमा संवैधानिक रुपमा अधिकारयुक्त स्वायत्त क्षेत्रको स्थापना गर्ने राज्य संरचनाको अवधारणा उसको रहेको छ।

त्यस्तै विविध जातजाति, आदिवासी जनजाति, दलित, उत्पीडित, अल्पसंख्यक, मधेसी र तराईवासी समुदायको आ-आफ्नो जनसंख्याको समानुपातिक आधारमा मुलुकको नीति निर्माणमा संवैधानिक रुपमा सहभागिता बनाउने सरकारको संरचना पनि उसले



दीपक ज्ञवाली

जनमुक्ति पार्टीका अध्यक्ष एमएस थापा

# जिकिर जनमतसंग्रह

अनुमोदन गरेको छ।

पार्टी अध्यक्ष एमएस थापाले अहिलेको राजनीतिक ध्रुवीकरणप्रति असन्तोष व्यक्त गर्दै अरू कुनै पार्टीले आफ्नो विजय ठानिरहे पनि राष्ट्रियता पराजित भइरहेको बताए। उनले दिल्लीको स्वार्थमा घटनाक्रम भइरहेको टिप्पणी पनि गरे। चरम वामपन्थी र चरमदक्षिणपन्थी मिलेर अन्य शक्तिलाई पन्छ्याउने खेल खेलेको दाबी गर्दै थापाले त्यस्तो खेल खतरनाक भएको पनि बताए।

'माओवादीलाई प्रयोग गरेर अरूलाई टुक्र्याउने खेल भइरहेको छ', उनले जिकिर गरे, 'माओवादीका लागि अहिलेको परिस्थिति निल्नु न ओकल्नुभएको छ।'

पार्टी अध्यक्ष थापाले राजा फाल्नेबारे सबै जनताले अभिमत राख्न पाउनुपर्ने जिकिर गर्दै जनमत संग्रह बाहेकका विधिबाट राजा राख्न चाहनेहरूको इच्छा पूरा हुने दाबी गरे। उनले भने, 'प्रतिनिधि किनबेचको खतरा जारी हुनेछ।'

नेपालका लागि राजतन्त्र आवश्यक नभएको चर्चा गर्दै थापाले बताए, 'हिंस्रक बाघलाई खोरमा थुनेर राखिरहनु हुँदैन, कुनै बेला निस्किन सक्छ।'

राजतन्त्रबारे चर्को आलोचना गरे पनि सो पार्टीले राजाको प्रत्यक्ष शासनकालमा भएका निर्वाचनमा भने भाग लिएको थियो। सो पार्टीले नागरिकता विधेयकप्रति पनि कडा आलोचना गरेको छ।

■ **दीपक ज्ञवाली/बुटवल**



भैरहवामा सञ्चालित लुम्बिनी पर्यटन महोत्सव तथा राष्ट्रिय औद्योगिक व्यापार मेलामा प्रदर्शन गरिएका झाँकीहरू ।

# उत्साह जगाउने उपाय

**शान्ति स्थापनाले** नयाँ लहर ल्याइरहेका बेला रुपन्देहीको सिद्धार्थनगरमा लुम्बिनी पर्यटन महोत्सव तथा राष्ट्रिय औद्योगिक व्यापार मेला आयोजना भएको छ ।

लुम्बिनीको प्रवेशद्वार र एक महत्त्वपूर्ण नाका सुनौलीको मुखमै रहेको भैरहवामा आयोजित महोत्सवले उद्योग, व्यापार र पर्यटन क्षेत्रमा नयाँ उत्साह जगाउन महत्त्वपूर्ण भूमिका खेल्ने विश्वास आयोजकहरूले लिएका छन् ।

द्वन्द्वको प्रभावले लामो समयदेखि निराशाजनक परिणाम हात लागेका ती क्षेत्रहरूमा नयाँ आशा जगाउन यस्तो महोत्सव तथा मेला सार्थक सावित हुने आयोजक अध्यक्ष कृष्णप्रसाद शर्माले बताए ।

उद्योग वाणिज्य संघ सिद्धार्थनगरको आयोजनामा संचालित महोत्सव तथा मेलास्थलमा विभिन्न उत्पादनहरू बिक्री, वितरण र प्रदर्शनका लागि राखिएका छन् । २ सय ७१ स्टलहरूमा राखिएका त्यस्ता वस्तुको बिक्री वितरण र प्रदर्शन उत्साहजनक भएको आयोजकहरूले बताएका छन् ।

महोत्सवस्थलमा पर्यटन प्रवर्धनमा सघाउ पुऱ्याउने गतिविधि पनि भइरहेका छन् । जहाँ बुद्धको जन्मस्थल लुम्बिनीको झल्को दिने मायादेवी मन्दिरको दुरुस्त मन्दिर बनाइएको छ । पालमार्फत बनाइएको त्यस्तो मन्दिरभित्र बुद्धसँग सम्बन्धित दुर्लभ तस्बिरहरू पनि राखिएका छन् । त्यस्तै स्वयम्भू, मुक्तिनाथ लगायतका आकर्षक मन्दिर र बगैंचाहरू पनि बनाइएका छन् ।

मेलामा आएका स्वदेशी तथा विदेशी दर्शकलाई लुम्बिनी र अन्य पर्यटकीय स्थलहरूसम्म पुऱ्याउन यस्तो गरिएको आयोजक अध्यक्ष शर्माले बताए ।

त्यस्तै मेलामा विभिन्न झाँकी, खेल, प्रतियोगिता र सांगीतिक कार्यक्रमहरू पनि नियमितरुपमा संचालन भइरहेका छन् ।

आयोजनाका सुरुका दिनहरूमै उत्साहजनकरुपमा दर्शक तथा पर्यटकहरू आएको पनि शर्माले बताए । उपप्रधानमन्त्री केपी शर्मा ओलीले गत बिहीवार मेला तथा महोत्सवको उद्घाटन गरेका थिए । मंसिर २२ गतेदेखि सुरु भएको महोत्सव पुस २ गतेसम्म संचालन हुनेछ ।

मेला अवधिभर १५ करोडको कारोवार हुने र पाँच लाख दर्शकले अवलोकन गर्ने आशा आयोजकहरूले लिएका छन् ।

भैरहवामा यस्तो कार्यक्रम सकिएको लगत्तै बुटवलमा पनि उद्योग वाणिज्य संघ बुटवलले त्यस्तै प्रकृतिको कार्यक्रम गर्ने भएको छ । पुस १४ देखि २४ गतेसम्म बुटवलमा त्यस्तो कार्यक्रम हुनेछ । यसको तयारी तीव्र गतिमा भइरहेको उद्योग वाणिज्य संघ बुटवका अध्यक्ष नवराज श्रेष्ठले बताए ।

बुटवलमा प्रत्येक वर्ष राष्ट्रिय व्यापार मेला तथा राष्ट्रिय औद्योगिक प्रदर्शनी हुँदै आएका छन् । पछिल्ला वर्षमा उद्योग वाणिज्य संघ बुटवल र रुपन्देही उद्योग संघले पालो बाँडेर त्यस्तो आयोजना गर्दै आएका छन् ।

■ **दीपक ज्ञवाली/भैरहवा** (तस्विर पनि)


## रेडियो सगरमाथा एफ. एम. १०२ थोप्लो ४ मेगाहर्ज




**रेडियो खबर पत्रिका**

पत्रपत्रिकाको संगालो, विशेषज्ञहरूको प्रतिक्रिया र विश्लेषण, फिचर र रिपोर्ट, शेयर बजारको साप्ताहिक विश्लेषण, दैनिक हुने औपचारिक कार्यक्रमको जानकारी साथै चाडपर्व, जात्रा, दिवस, जन्मदिन र महत्त्वपूर्ण घटनाहरूको संगालो । हरेक बिहान (६:००-७:१५)

**हालचाल**

ताजा खबर थाहा पाउन- **हालचाल**, बिहान, ८:४५, ११:४५, अपरान्ह, २:४५, ४:४५, साँझ ६:४५ र राती ९:४५ बजे

**बिबिसी नेपाली सेवा**

हरेक दिन राती (८:४५-९:१५)

**हरेक बिहान ५:०० देखि राती ११:०० बजेसम्म सूचना, शिक्षा र स्वस्थ मनोरञ्जनका लागि भरपर्दो साथी रेडियो सगरमाथा एफ. एम. १०२ थोप्लो ४ मेगाहर्ज**

**नेपाली रेडियो**
**नेपाली आवाज**

ठेगाना :
रेडियो सगरमाथा एफ. एम. १०२ थोप्लो ४ मेगाहर्ज
बखुण्डोल, ललितपुर
फोनः ५५२८०९१, ५५४२२४५, ५५४५६८०
पोष्ठ बक्स, ६९५८, काठमाडौं
ईमेल : info@radiosagarmatha.org

# पलायो आशा



**सशस्त्र द्वन्द्वका कारण जनसहभागितामा आधारित विकास कार्यक्रमअन्तर्गत गत वर्ष छुट्याइएको सानो रकममध्ये पनि सहमतिका अभावमा धेरैजसो काम रोकिएका थिए। मुलुकमा शान्ति स्थापना भएपछि बिस्तारै ती काम सुरु हुन थालेका छन्।**

■ **श्याम भट्ट/वैतडी** (तस्बिर पनि)

**सशस्त्र द्वन्द्वका कारण** रोकिएका विकास निर्माणका कामहरू ऐतिहासिक परिवर्तनपछि धमाधम हुन थालेकाले दुर्गम क्षेत्रका बासिन्दामा आशाको सञ्चार हुन थालेको छ। मुख्यतया विकासको मेरुदण्ड मानिएको सडक मार्गमा द्रुत गतिमा काम भइरहेको छ भने वर्षौंदेखि सपना देखाउँदै आएका यहाँका ठूला जलविद्युत् आयोजनाहरूले काम सुचारु गर्ने छाँट देखाएपछि स्थानीय बासिन्दामा केही काम पाइन्छ कि भन्ने आत्मविश्वास बढेर गएको छ। यससँगै गैरसरकारी संघसंस्थाहरू पनि विभिन्न रुपमा गाउँ पस्ने वातावरण पाएपछि आफ्ना कार्यक्रमलाई सदरमुकामभन्दा बाहिर लग्न आँट गरिरहेका छन् भने राज्य पनि गाउँमा वर्षौंदेखि रोकिएका सानाठूला काम पूरा गर्ने योजनामाथि कसरत गरिरहेको देखिन्छ। राष्ट्रिय मूलधारमा अटाउन नसकेको सुदूरपश्चिम सशस्त्र द्वन्द्वको अवस्थामा झन् टाढा पर्न गएको थियो भने भएका विकास निर्माण पनि ध्वंसको सिकार भएका थिए।

चालू रहेका काम रोकिन पुगेका थिए। मुख्यतया द्वन्द्वले दार्चुला, बाजुरा, अछाम र बझाङका सदरमुकाम छुने सडकमार्गमा काम अवरुद्ध हुँदा आधा दशकअघि नै सडकले छुनु पर्ने यी सदरमुकामहरू राजमार्गसँग जोडिन सकेका थिएनन्। यसैगरी चमेलिया र पश्चिम सेती जलविद्युत् आयोजना समेत पछि परेका थिए। सदरमुकाम सडकले छोइसकेको बैतडीको कालोपत्रेमा समेत ढिलाइ भएको थियो भने बैतडीबाट भारत जोड्ने महाकाली नदीमाथिको पक्की पुल समेत द्वन्द्वकै कारण बन्न सकेको थिएन। यसैगरी सुदूरपश्चिममा हुने भनिएको कैलालीस्थित मेडिकल कलेज अहिलेसम्म अलपत्र परेको छ भने सुदूरपश्चिमाञ्चल विश्वविद्यालय स्थापनाका लागि भइरहेका पहलहरू समेत पछि परेका थिए। ऐतिहासिक परिवर्तनपछि बढेको विकास गतिले चार महिनाअघि दार्चुला सदरमुकाममा चारपांग्रे पुग्न सक्यो भने बझाङ सदरमुकाम पुग्न अब ११ किलोमिटर मात्र बाँकी रहेको छ। बैतडी-बझाङ सडक आयोजना प्रमुख भक्तराज शाक्यका अनुसार विस्फोटन अभावमा रोकिएको काम अहिले सुचारु छ। आगामी महिनाको मसान्तसम्म चैनपुरसम्म छुने उद्देश्यले काम भइरहेको छ। अछामको साफेबगरस्थित बूढीगंगा नदीमाथि निर्माण सम्पन्न पुलले गर्दा सदरमुकाम मंगलसेन पनि राजमार्गसँग जोडिएको छ। मंगलसेननजिक रहेको कैलाशखोलामाथि पक्की पुल बनाउन सके बर्खामा समेत सदरमुकामको बाटो अवरुद्ध हुँदैन। यसै साता उद्घाटन भएको कैलाली महोत्सवमा सुदूरपश्चिमेलीहरूले प्रमुख अतिथि शेरबहादुर देउवासँग सुदूरपश्चिमाञ्चल विश्वविद्यालयको बारेमा छलफल गरेका छन्। यहाँका समस्याका भारीलाई नर्बिसन देउवालाई आयोजकले २१ किलोको माला समेत पहिऱ्याइदिएका थिए।

डडेल्धुराका स्थानीय विकास अधिकारी दामोदर भट्टका अनुसार स्थानीय सरकार नभएको अवस्थामा परिवर्तनका लागि आन्दोलन गरेका दलसँग समन्वय गरी विकास योजनाहरूमा सहमति भइरहेको छ। गत वर्ष रोकिएका धेरैजसो काम यस वर्ष हुने भएका छन्। जनसहभागितामा आधारित विकास कार्यक्रमअन्तर्गत गत वर्ष छुट्याइएको ९६ लाख रुपैयाँ मध्ये धेरैजसोमा सहमति अभावमा काम रोकिएको थियो। चालू आवमा काम गर्न ९० रुपैयाँ लाख सडकमार्गमा ७० लाख रुपैयाँखानेपानी योजनामा र ९ लाख रुपैयाँ झोलुंगे पुलको लागि छुट्याई काम सुरु हुन आँटेको छ। परिवर्तनले नै अहिले गाउँमा विकासका लागि बजेट छुट्याउने वातावरण स्वीकार गर्दै भट्ट भन्छन्, 'यसबाहेक सानातिना दर्जनौं कामहरू पनि चालू आर्थिक वर्षमा सुरु हुने भएका छन्।'

### तयारी चमेलियाको

आयोजना निर्माणका लागि दाता कुरिरहेको नेपाल विद्युत् प्राधिकरणले चमेलिया जलविद्युत् आयोजना नेपाल सरकारसँगको साझेदारीमा आफैं निर्माण गर्ने भएको छ। आयोजनाका लागि सात सय रोपनी जग्गा अधिग्रहण गरिएको छ।

आयोजनाका लागि आवश्यक पर्ने जग्गा अधिग्रहण गरिएपछि मुआब्जाका लागि जिल्ला प्रशासन कार्यालय दार्चुलाले जग्गाको मूल्यांकन गरेको छ। प्रशासनका अनुसार नापनक्सा भई नाममा दर्ता नभएका जग्गालाई प्रतिरोपनी ५० हजार र दर्ता जमिनलाई प्रतिरोपनी २ लाख रुपैयाँ मुआब्जा दिइनेछ। मुआब्जाका लागि मात्रै १५ करोडभन्दा बढी खर्च हुने अनुमान आयोजनाले गरेको छ। दार्चुलाका शेरी, लटैनाथ र शिखर गाविसमा गरी सात सय रोपनी जग्गा अधिग्रहण गरिने भएको हो। आयोजनाका इन्जिनियर परमानन्द भट्टका अनुसार पहिलो चरणमा पावर हाउस, सुरुङ र ठेकेदार, कर्मचारी एवं प्राविधिकका लागि बन्ने घरका लागि जमिन चाहिएको हो। थप जग्गा आवश्यकताअनुसार अधिग्रहण गरिनेछ। ३० मेगावाट विद्युत् उत्पादन गर्न १५-१५ मेगावाट क्षमताका दुइटा टरवाइन जडान गरिने बताउँदै आयोजना प्रमुख केशवराज भट्टले भने, 'शेरी र लटैनाथ गाविसमा नदीको प्रवाह रोकेर ५४ मिटर अग्लो बाँधबाट ४ किलोमिटर लामो सुरुङबाट टरवाइनसम्म पानी पुगाइनेछ। द्वन्द्व सुरु हुनुअघि



बैतडीको निर्माणाधीन कालोपत्रे सडक

बलाच गाविसमा आवश्यक भवनहरू बनेका थिए भने चमेलिया नदीबाट आयोजनास्थलसम्म १८ किलोमिटर लामो सडक मार्ग बनिसकेको थियो । एक दशकअघि निर्माण सुरु भएको चमेलिया जलविद्युत् आयोजना आवश्यक रकमको अभाव र द्वन्द्वका कारण अलपत्र परेको थियो । अहिले आएर प्राधिकरणले आफ्नो ७५ प्रतिशत र नेपाल सरकारको २५ प्रतिशत लगानीमा आयोजना निर्माण हुने भएको हो । आयोजनाको कुल लागत साढे ५ अर्ब रुपैयाँ अनुमान गरिएको छ ।

## कालीमा पुल बन्ने भो

सुदूरपश्चिमका पहाडी जिल्लाबाट सर्वाधिक नजिक पर्ने बैतडीको जुलाघाटमा काली नदीमाथि पक्की पुल बनाउन भारतले अग्रसरता देखाएको छ । उत्तराञ्चल राज्यमा पर्ने पिथौरागढ जिल्लाअन्तर्गतको यो भागमा पुल बनाउन ३ वर्षअघिदेखि नै भारतले चासो दिँदै आएको थियो । अन्तर्राष्ट्रिय सीमाका कारण राज्यद्वारा प्रस्तावित पुलका लागि केन्द्र दिल्लीमा अनुमतिका लागि पत्राचार गरेको छ । पुलका लागि उत्तराञ्चल सरकारले ४ करोड १२ लाख रुपैयाँ बजेट छुट्याएको छ ।

स्वदेशतर्फ पनि जिल्लाले गृह मन्त्रालयमार्फत भौतिक योजना तथा निर्माण मन्त्रालयलाई यसको जानकारी गराएको प्रमुख जिल्ला अधिकारी चूडामणि बस्यालले *समय*लाई बताउँदै भने, ‘कूटनीतिक पहल केन्द्रले गर्नेछ भने स्थानीय र छिमेकी देशको जिल्लासँग समन्वय गर्न गृहले आदेश दिएको छ ।’ गत साउनमा पिथौरागढमा सम्पन्न सीमा बैठकमा भारतले यो प्रस्तावलाई पूरा गर्न अन्तिम तयारी भइसकेको जनाएको थियो । पिथौरागढका जिल्ला प्रमुख अमित नेगीले यथाशीघ्र आफूहरू काम गर्न तयार रहेको बताएका थिए । उसो त आधा दशक यताका सीमा बैठकमा पक्की पुलले चर्चा पाउँदै आएको थियो । जुलाघाटको आधा किलोमिटर क्षेत्रभित्र पुल निर्माण गरिने सहमति भएको छ । दिल्लीले सहमति दिनेबित्तिकै दुवै देशका प्राविधिक मिलेर यो तय गर्नेछन् । सुदूरपश्चिमका सम्पूर्ण पहाडी जिल्लाबाट तराईस्थित भारतीय नाका पुग्न डडेल्धुरा पुग्नै पर्छ, जहाँबाट कैलाली नाका १ सय ३५ किलोमिटर र कञ्चनपुर नाका १ सय ६५ किलोमिटर हुन आउँछ भने डडेल्धुराबाट जुलाघाटको दूरी १ सय २ किलोमिटर मात्र हुन आउँछ ।

## बन्यो कालोपत्रे

डडेल्धुरादेखि बैतडी जोड्ने दशरथ चन्दमार्गको सतबाँझसम्म कालोपत्रे सडक निर्माण सम्पन्न हुनै लागेको छ ।  अट्टाशिलको यो प्रविधिको यो बाटोलाई रसुवा निर्माण सेवा र तामाङ कन्स्ट्रक्सन कम्पनीले निर्माण गरिरहेका छन् । वरिष्ठ सर्वेक्षक लक्ष्मण नेपालका अनुसार यी दुई निर्माण कम्पनीले यो सडकलाई दुई खण्ड पारी निर्माण गरिरहेको छ । डडेल्धुरासम्म कालोपत्रे सडक पुगेको एक दशकपछि यो निर्माण सम्पन्न हुन लागेको हो । यो मार्गले बैतडीसम्मको यात्रा सहज बनाएको छ भने आगामी दिनमा भारतीय झुलाघाटसम्म बन्ने कालोपत्रेको लागि पनि बाटो खोलेको छ । सतबाँझबाट झुलाघाटको दूरी २९ किलोमिटर मात्र हुन आउँछ । यसै मार्ग भएर बझाङ र दार्चुलाका लागि समेत बाटो छुट्टिने हुँदा यसको महत्त्व रहेको मानिन्छ । ■



# पैसाको किचलो

■ मधुसूदन पौडेल/काठमाडौं
तस्विरहरू : तेज बस्नेत



**आफ्ना सेना बस्ने** अस्थायी शिविर व्यवस्थापनका लागि माओवादीले सरकारसँग ३ अर्ब ६२ करोड रुपैयाँ माग गरेको छ। माओवादीले २८ शिविरमा बस्ने आफ्ना ३५ हजार सेनाका लागि यो रकम आवश्यक भएको भन्दै गृह मन्त्रालयसमक्ष यसै साता मात्र रकमको एउटा 'इस्टिमेट' पेस गरेको छ। रकम तत्काल निकासा हुनु पर्ने अडान पनि माओवादीले दोहोऱ्याएको छ, तर सेनाको संख्या यकिन नभइसकेको अवस्थामा माओवादी मागबमोजिम रकम दिन नसकिने अडान सरकारले राखेको छ। यसकारण माओवादी सेनाको शिविर व्यवस्थापनका लागि आवश्यक रकम निर्धारण गर्ने मामिलामा सरकार र माओवादीबीच सहमति बन्न सकिरहेको छैन। मागिएको रकम नपाउँदा माओवादी नेताहरू असन्तुष्ट बन्दै सरकारको तिखो आलोचनामा उत्रिएका छन्। माओवादी वार्ताटोलीका सदस्य देव गुरुङ भन्छन्, 'पैसाको अभावमा जनसेनाले दुखः पाइरहेका छन्, सरकार थप रकम दिन आनाकानी गरिरहेको छ।'

सरकारबाट निकासा भइसकेको रकम माओवादी सेनाका लागि उपयोग हुन नसक्दा शिविरहरूमा समस्या थपिँदै गएका छन्। सरकारले मंसिर पहिलो साता ७ करोड र दोस्रो साता १० करोड गरी माओवादीलाई १७ करोड रुपैयाँ उपलब्ध गराएको छ। सात शिविरमा जम्मा भएमा माओवादी सेनाले आफूहरूका लागि खाद्यान्न, लत्ताकपडा र नचुहिने वासको अभावमा दुखः झेल्नु परेका गुनासा सार्वजनिक गरिरहेका छन्। माओवादी मागअनुसार सरकारले पहिलो चरणमा सात शिविरका लागि प्रतिशिविर १-१ करोडका दरले ७ करोड रुपैयाँ उपलब्ध गराएको थियो। उक्त रकम कमी भएको गुनासो आउनासाथ थप १० करोड रुपैयाँ निकासा

दिएको थियो। सरकारबाट निकासा पाएको रकम शिविर व्यवस्थापनमा उपयोग हुँदा कम्तीमा न्यूनतम आधारभूत कुराबाट माओवादी सेना वञ्चित रहनु पर्ने थिएन भन्ने विश्लेषण गरिएको छ।

माओवादीलाई रकम उपलब्ध गराउने विषय सरकार र माओवादी दुवै पक्षले 'तजबिजी'का रुपमा छाडिदिएका छन्। दुवै पक्ष शिविर व्यवस्थापनका लागि आवश्यक रकम सरकारले उपलब्ध गराउने सैद्धान्तिक सहमतिमा पुगेका त छन्, तर उनीहरूका लागि कति रकम खर्च गर्ने भन्ने विषयमा कुनै अनुमानित बजेट स्वीकृत गरिएको छैन। अर्थमन्त्री डा. रामशरण महतका अनुसार माओवादी शिविर व्यवस्थापनका लागि आवश्यक पर्ने रकम सरकारले उपलब्ध गराउँदै जाने सहमति भएको छ। माओवादी नेता गुरुङ भन्छन्, 'हामीलाई अंक तोकेर रकम दिने कुनै निर्णय भएको छैन, तर आवश्यकताअनुसार दिने भनिएको हो।' यही विश्लेषणका आधारमा माओवादीले सरकारसँग तत्काल आवश्यकता पर्नेभन्दा धेरै रकम माग गरेको देखिएको छ भने सरकारले माग गरिएका आधारहरू अविश्वसनीय रहेको तर्क अगाडि सार्न थालेको छ।

माओवादीलाई थप रकम उपलब्ध गराउने मामिला प्राविधिक झमेलामा बल्झिन थालेको छ। माओवादी नेतृत्व यसप्रति समयमै सचेत हुन सकेन भने आगामी दिनमा यो क्रम अरू बढ्दै जानेछ। किनभने माओवादीलाई रकम उपलब्ध गराउनुअघि निकासा गरिएको रकम कसरी खर्च गर्नु पर्नेछ भन्ने विषयमा सरकार र माओवादी पक्षबीच द्विपक्षीय सम्झौता गरिएको छ। मंसिर ७ गते माओवादी वार्तांटोलीका संयोजक कृष्णबहादुर महरा र शिविर व्यवस्थापन केन्द्रीय समन्वयकर्ताको कार्यालयका संयोजक सुशील जंगबहादुर राणाले हस्ताक्षर गरेको उक्त सम्झौताअनुसार माओवादीलाई उपलब्ध गराइएको रकम सम्झौता भएको मितिले ३५ दिनभित्र फर्स्योट गर्नु पर्ने प्रावधान राखिएको छ। यो समयावधि सकिन अब धेरै दिन बाँकी छैन। अर्थमन्त्रालयका सहसचिव दीप बस्न्यात भन्छन्, 'खर्च गरिएको बिल/भर्पाई हामीले गृह मन्त्रालयमार्फत नै लिनेछौं। यो रकम अन्य सरकारी खर्चसरह लेखापरीक्षण गर्नु पर्नेछ। अन्यथा भुक्तानी दिने अधिकारी जिम्मेवार मानिनेछन्। माओवादी पक्षबाट थप रकमको माग गरिँदा यसअघि उपलब्ध गराइएको रकम फर्स्योट हुनु पर्ने आग्रह अर्थमन्त्रालयका अधिकारीले गृह प्रशासनलाई गर्दै आएका छन्। माओवादीलाई दिइएको १७ करोड रुपैयाँ शिविर व्यवस्थापन, खाद्यान्न, फर्निचर, कार्यक्रम र अन्य विविध जस्ता शीर्षकमा खर्च गर्ने सम्झौतामा दुवै पक्ष सहमत छन्। प्रमुख

# माओवादी सेनाको संख्या अझै थाहा छैन

**मुलुकमा शान्ति स्थापनाका लागि प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाका मुख्य सहयोगीका रुपमा क्रियाशील छन्, अर्थमन्त्री डा. रामशरण महत। शान्ति प्रक्रियाका सफल चरणहरूसँगै महतमाथि सम्झौता कार्यान्वयनका लागि दबाब बढिरहेको छ। किनभने त्यसका लागि पैसा चाहिन्छ। त्यो जुटाउने जिम्मेवारी सम्हालेका छन्, उनले। प्रस्तुत छ, यसै विषयमा केन्द्रित रहेर मधुसूदन पौडेलले उनीसँग गरेको वार्तालापः-**

**सरकारले माओवादीलाई रकम निकासा दिने तरिका कस्तो छ ?**

सरकारले वास्तवमा आर्थिक नियमको अनुसरण गरेकै छैन। आकस्मिक रुपमा रकम दिइएको छ। अघिल्लो दिन माओवादीले रकम माग्यो, भोलिपल्टै सरकारले दियो। सुरुमा १० करोड रुपैयाँ गृहमन्त्रालय पठाइयो। त्यसबाट माओवादीले ७ करोड रुपैयाँ लिए। पछि फेरि तुरुन्तै रकम चाहियो भनेपछि मन्त्रिपरिषद्को बैठकले निर्णय गर्‍यो। त्यति बेला म पनि थिइनँ। पछि अर्थमन्त्रालयले ७ करोड रुपैयाँ निकासा दिएपछि अहिलेसम्म माओवादीलाई १७ करोड रुपैयाँ सरकारले उपलब्ध गराएको छ।

**तर माओवादीले त २८ करोड रुपैयाँ मागेको थियो ?**

उसको माग होला। उसले २८ वटा शिविरका लागि १-१ करोडका दरले मागेको हो। तत्काल सातवटा मुख्य शिविर रहने भएपछि हामीले सोहीअनुसार नै निकासा दिएका छौं। यसबारेमा गृह मन्त्रालयले हेरिरहेको छ। हामी आवश्यकताअनुसार दिने भनिरहेका छौं।

**सरकारले दिएको रकम खर्च गर्ने कुनै आधार बनाइएका छन् ?**

यो रकम माओवादीले आफैं खर्च गर्ने हो, तर माओवादी र गृह मन्त्रालयबीच रकम के-केमा खर्च गर्ने भन्ने बारेमा सम्झौता भएको छ। त्यसका आधारमा माओवादीले खर्चको फाँटबारी सरकारी नियममा रहेर बुझाउनु पर्छ। अहिले माओवादीलाई पेस्कीका रुपमा दिइएको रकम फर्स्योट गर्नुपर्छ।

**निकासा गरिएको रकम केमा खर्च गर्ने सहमति भएको हो ?**

माओवादी सेनाका लागि लत्ताकपडा, फर्निचर र खाद्यान्नका लागि हो। शिविर बनाउने जिम्मेवारी माओवादीकै हो, तर सरकारले पनि सहयोग गरिरहेको छ।

**माओवादीले करिब ४ अर्ब रुपैयाँ आवश्यक पर्ने बताएको छ। सरकार यो रकम दिन तयार छ ?**

अहिलेको मुख्य समस्या माओवादी सेनाको वास्तविक संख्या कति छ भन्नेमा हो। संयुक्त राष्ट्रसंघले माओवादी सेनाको संख्या प्रमाणीकरण गरिसकेपछि कति रकम आवश्यक पर्छ भन्ने कुराको यकिन होला। सरकारले प्रहरी र सेनाको 'परहेड' खर्च नबढ्ने गरी खर्च उपलब्ध गराउनेछ।

**माओवादीले भनेको छ नि, आफ्नो सेनाको संख्या ३५ हजार छ भनेर ?**

राष्ट्रसंघले प्रमाणीकरण गरिसकेपछि मात्रै माओवादी सेनाको संख्या यकिन हुनेछ। मलाई के लाग्छ भने त्यो संख्या ७-८ हजारभन्दा बढी नहुन सक्छ।

**माओवादी तत्काल रकम आवश्यक छ भनिरहेको छ। थप रकम निकासा हुँदै छ ?**

माओवादीका तर्फबाट एउटा 'इन्टिमेट' पनि आएको छ। अब राष्ट्रसंघले पनि काम सुरु गर्छ। यसअघि दिइएको रकमको सम्झौताअनुसार फर्स्योट गर्नु पर्छ। माओवादी सेना व्यवस्थापनका लागि आवश्यक रकम सरकार उपलब्ध गराउँदै जानेछ।

**माओवादी सेनाले तलब पनि दिइनेछ अहिले ?**

अहिले उनीहरूलाई तलब दिने प्रश्नै उठ्दैन। दुवै सेना व्यवस्थापनको प्रक्रियामा लिईने निर्णयअनुसार काम हुनेछ।

**कहिलेसम्म सम्पन्न होला त यो काम ?**

माओवादी सरकारमा आइसकेपछि त यसमा ढिला गर्नु पर्ने कुनै जरुरी छैन। फेरि सरकारमा बस्ने अनि छुट्टाछुट्टै सेना राख्ने कुरा पनि मिल्दैन। त्यसैले ६ महिनाभित्र सेना व्यवस्थापनको काम सक्नु पर्छ भन्ने मलाई लाग्छ।

**माओवादी शिविरमा खानेपानी, बिजुली, सडक, भवन जस्ता भौतिक पूर्वाधार निर्माण गर्ने भनिएका छन्। त्यसका लागि पनि सरकारले बजेट छुट्याउँछ होला ?**

अहिले यी भौतिक पूर्वाधार निर्माणका लागि केन्द्रबाट बजेट दिने सहमति भएको छैन। तर, स्थानीय निकायले यी कामका लागि आवश्यक सहयोग पुर्‍याउनेछ। माओवादी सेनाका शिविर रहने ठाउँहरूमा रहेका परियोजनाहरूले आफ्नो खर्च कटौती गरेर भए पनि यी काममा सहयोग पुर्‍याउने प्रतिबद्धता जनाएका छन्। उनीहरूले परियोजना लागतको १० प्रतिशतसम्म रकम ती ठाउँको भौतिक पूर्वाधार विकासमा लगाउनेछन्। फेरि हामी लामो समयका लागि यी शिविर बनाउँदै छैनौं। ६ महिनाभित्र सेनाको व्यवस्थापनको काम पूरा गर्ने सोचका साथ काम गर्दा उनीहरूलाई अस्थायी प्रकारका भौतिक पूर्वाधारबाट काम चलाउन सकिन्छ।

**दाताहरूले पनि आर्थिक सहयोग दिँदै छन् कि ?**

जिल्ला अधिकारीको नेतृत्वमा रहने कार्यान्वयन समितिमार्फत खर्च गर्नु पर्ने र नेपाल खाद्य संस्थानबाट खाद्यान्न खरिद गर्नु पर्ने लगायतका सहमतिहरू माओवादीबाट पालना नभएको गृह प्रशासनका अधिकारीहरूको भनाइ छ ।

## सेनाको संख्या, मुख्य समस्या

बृहत् शान्ति सम्झौतापछि माओवादी सेना अस्थायी शिविरमा आएका छन् । उनीहरूको भरणपोषणको जिम्मेवारी लिन सरकार तयार छ, तर सेनाको संख्यामा समस्या बल्झिएको छ । माओवादी पक्षले सार्वजनिक रुपमा आफूसँग ३५ हजार सेना भएको दाबी गर्दै आएको छ । त्यसका आधारमा उसले सातवटा मुख्य शिविर र २१ वटा सहायक शिविर गरी २८ वटा शिविर स्थापना गर्न प्रस्ताव गरेको छ । प्रारम्भिक चरणमा माओवादीले सरकारसँग प्रतिशिविर १ करोड रुपैयाँका दरले २८ करोड रुपैयाँ माग्नुको आधार यही थियो ।

तर माओवादीले दाबी गरेअनुरूप माओवादी सेनाको संख्या नरहेको विश्वास सरकारी पक्षको छ । एक उच्च सरकारी स्रोतका अनुसार माओवादी अध्यक्ष प्रचण्डले प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालालाई आफ्नो सेनाको संख्या ८ हजार रहेको जानकारी गराएका छन् । जसका आधारमा सरकारले ३५ हजार सेनाका लागि शिविर लगायतका कुनै पनि व्यवस्थापनको जोहो गर्नु आवश्यक नरहेको बताउँदै आएको छ । अर्थमन्त्री डा. महतले पनि सार्वजनिक रुपमा माओवादी सेनाको संख्या आठ हजारभन्दा बढी नहुने जिकिर गर्दै आएका छन् ।

सेनाको संख्या बढी देखाउन माओवादीले शान्ति सम्झौतापछि व्यापक मात्रामा युवाहरूलाई भर्ती गरेको आरोप लाग्दै आएको छ । सैनिक प्रमाणीकरणको तयारीमा रहेको संयुक्त राष्ट्रसंघले यसरी भर्ती गरिएका युवाहरूलाई माओवादी सेना मान्न नसकिने प्रस्ट पारिसकेको छ । उसले केही दिनमै माओवादी सेना प्रमाणीकरणको कार्य सुरु गर्नेछ । अर्थमन्त्री महतले पनि राष्ट्रसंघले माओवादी सेनाको प्रमाणीकरण गरिसकेपछि उनीहरूको भरणपोषणको जिम्मा सरकारले लिने बताएका छन् । यसरी प्रमाणीकरण गरिएका सेनाका लागि नेपाली सेना वा प्रहरीको प्रतिव्यक्ति नबढाई खर्च उपलब्ध गराउने योजनामा सरकार छ, तर उनीहरूलाई सरकारले तलब दिनेछैन । माओवादी पक्ष भने आफ्ना सेनाले तलब पनि पाउनु पर्ने अडानमा छ ।

## स्थायी शिविर ?

गृह मन्त्रालयमा बुझाइएको शिविर व्यवस्थापन 'इस्टिमेट'मा माओवादीले शिविरका लागि आवश्यक

विश्व खाद्य कार्यक्रमले खाद्यान्न सहयोग उपलब्ध गराउनेछ । त्यसबाहेक प्रत्यक्ष रुपमा आर्थिक सहयोगको कुरा आएको छैन । बरु हामीले समग्र शान्ति प्रक्रिया अगाडि बढाउनका लागि 'पिस फन्ड' बनाएका छौं । त्यसमा सहयोग गर्न दाताहरूलाई भनेका छौं । समग्र प्रक्रियाका लागि ५ अर्ब रुपैयाँ आवश्यक पर्ने देखिएको छ ।

**अलि फरक प्रसंग, माओवादी सरकारमा सामेल भएपछि आर्थिक नीतिमा पनि परिवर्तन आउला ?**

अब बन्ने अन्तरिम सरकारको उद्देश्य संविधानसभाको निर्वाचन सम्पन्न गर्नु हो । त्यसैले यो सरकारले नीतिगत परिवर्तनका काम गर्ने सम्भावना रहँदैन । अहिले पनि हामी सरकार र माओवादीबीच सम्पन्न बृहत् शान्ति सम्झौताअनुसार नै काम गरिरहेका छौं । यसअघि सुरु भएका निजीकरणका अधकल्चा कामहरू मात्रै अगाडि बढाइएका हुन् । सम्झौतामा पनि विकासका साझा अवधारणा तयार पार्ने भनिएको छ । सोहीअनुसार राष्ट्रिय सहमतिका आधारमा नै विकासको योजना कार्यान्वयन गरिनेछ ।

**जनता विकास निर्माणका केही उल्लेख्य काम सरकारले अगाडि बढाओस् भन्ने चाहनामा छन् । सरकारको ध्यान यतापट्टि छ ?**

वास्तवमा हामीले 'क्राइसिस म्यानेजमेन्ट'मा समय बिताउनु परेको छ । एकपछि अर्को समस्या थपिएका छन् । मुलुकमा हरेक क्षेत्रमा अहिले विभिन्न समस्या लिएर सडकमा उत्रिने काम चालिरहेको छ । जसको प्रत्यक्ष सम्बन्ध अर्थ मन्त्रालयसँग जोडिएको छ । जुनसुकै समस्याहरू पनि आखिरमा रकमसँग जोडिएका छन्, जसको व्यवस्थापन गर्न हामीलाई समस्या परिरहेको छ । मेरो पहिलो प्राथमिकता शान्ति प्रक्रियालाई सफल बनाउनका लागि आवश्यक पर्ने रकमको व्यवस्था गर्ने हो । संविधानसभाको निर्वाचनका लागि आर्थिक र अन्य आवश्यक व्यवस्था मिलाउने हो । विस्थापितहरूलाई घर फर्काउने हो । ध्वस्त भएका भौतिक संरचना पुनर्निर्माण गर्दै थप संरचनाको निर्माण गर्नु हो । सरकारले यही काम गरिरहेको छ, अहिले । शान्तिको लाभ जनताले पाउनु पर्छ भन्नेमा सरकार सचेत छ । ■



भवन निर्माणका लागि मात्रै २ अर्ब ६२ करोड रुपैयाँ खर्च लाग्ने उल्लेख गरेको छ। ती शिविरहरूमा तालिम हल लगायतका पूर्वाधार निर्माण गरिनु पर्ने आवश्यकता औंल्याइएको छ। यसबाट माओवादीले स्थायी शिविरको अवधारणा अगाडि सारेको गृह मन्त्रालयका अधिकारीहरूको भनाइ छ।

सरकार-माओवादी सम्झौताअनुसार अन्तरिम संविधान जारी हुनासाथ बन्ने अन्तरिम सरकारमा माओवादी सहभागी बन्नेछन्। तत्कालका लागि एक सरकार दुई सेनाको अवस्था कायमै रहने भए पनि सकेसम्म छिटो दुवैतर्फका सेना समायोजन गर्ने लक्ष्य राखिएको छ। शान्ति सम्झौतामा सेना समायोजनका लागि अन्तरिम सरकारले एउटा कार्यदल बनाउने भनिएको छ। जसले दुवै सेना समायोजनको योजना तयार पार्नेछ। सरकारी पक्षको चाहना अन्तरिम सरकार बनेको ६ महिनाभित्र दुवै सेना समायोजनको काम पूरा गर्नु पर्छ भन्ने देखिएको छ। यसले माओवादी सेनाको दिगो व्यवस्थापन अवधारणाअनुसार पक्की भवनहरू निर्माण गर्ने लगायतका पूर्वाधारमा खर्च गर्नु आवश्यक छैन भन्ने देखिएको छ। शान्ति प्रक्रियाका धेरै काम सम्पन्न गर्न सरकारसँग रकमको अभाव रहँदै आएको अवस्थामा शिविर व्यवस्थापनसँग जोडिएका भौतिक पूर्वाधारमा धेरै रकम खर्च गर्ने चाहनामा सरकार छैन। फेरि माओवादी सेना वर्षौं शिविरमा रहन सम्भव छैन। किनभने सफलताका साथ अगाडि बढेको शान्ति प्रक्रियासँगै उनीहरू नेपाली सेना, प्रहरी वा अन्य वैकल्पिक पेसामा समाहित गरिनेछन् वा नचिताइएको अवस्थामा शान्ति प्रक्रिया अवरुद्ध बनेमा पनि उनीहरू त्यहाँ बस्न सम्भव छैन। त्यसैले माओवादी सेनाका लागि बनाइने शिविरहरू अस्थायी प्रकृतिका नै रहनेछन्। माओवादी नेता गुरुङ भन्छन्, 'सेना एकीकरण प्रक्रियामा गइसकेको हुनाले अन्तत्वोगत्वा उसलाई आवश्यक पर्ने सबै खर्चको दायित्व राज्यको नै हुनेछ।' उनको भनाइले पनि माओवादी सेनाका लागि छुट्टै रहने स्थायी प्रकृतिका शिविरको जरुरी देखिँदैन।

माओवादी शिविरमा खानेपानी, सडक, विद्युत् र सञ्चार लगायतका सुविधा विस्तार गर्न पनि सरकारमाथि दबाब बढिरहेको छ, तर केन्द्रीय तहमा यस विषयमा औपचारिक निर्णय भने भएको छैन। माओवादीले आफ्ना शिविर रहेका ठाउँहरूमा यस्ता कार्यक्रम सुरु गर्न दबाब दिन थालेका छन्। विकासका यी पूर्वाधार विस्तार गर्न यसै पनि योजना तर्जुमा गर्नु आवश्यक हुन्छ। अहिले स्थानीयस्तरको बजेट शिविर राखिएका ठाउँहरूतर्फ केन्द्रित गर्ने सोच राखिएको छ भने ती ठाउँहरूमा दाताहरूबाट संचालित परियोजनाहरूले १० प्रतिशतसम्मको बजेट यी पूर्वाधारका लागि खर्च गर्न तयार भएका छन्। यसले अस्थायी रुपमा नै विकासका पूर्वाधारले शिविरलाई जोड्न सम्भव हुनेछ।

### शान्तिको लागत

सरकारले सेना, हतियारको व्यवस्थापन र संविधानसभाको निर्वाचनसम्म शान्ति स्थापनाको समग्र प्याकेजका लागि ५ अर्ब रुपैयाँको खर्च आवश्यक पर्ने अनुमान गरेको छ। जसमा माओवादी सेनाको शिविर व्यवस्थापनका लागि १ अर्ब ४० करोड रुपैयाँसम्म खर्च उपलब्ध गराउने योजना सरकारले बनाएको छ। करिब १ लाखको संख्यामा रहेको नेपाली सेनाको वार्षिक बजेट साढे १० अर्ब रुपैयाँ रहेको छ। सरकारले सेनाकोभन्दा बढी रकम माओवादी सेनालाई नदिने प्रस्ट पारेको पृष्ठभूमिमा उसका लागि खर्च गर्ने योजना बनाइएको १ अर्ब ४० करोड रुपैयाँ पर्याप्त रहेको भनाइ सरकारी अधिकारीको छ। फेरि पनि माओवादी सेनाको प्रमाणीकरणपछि बजेटको आकार निश्चित बन्न सक्नेछ। माओवादी सेनाका लागि विश्व खाद्य कार्यक्रमले आवश्यक खाद्यान्न उपलब्ध गराउनेछ। जसका कारण अहिले मुख्य खर्च मानिएको खाद्यान्नमा जाने रकम बच्नेछ। माओवादीले कुनै पनि दातासँग सम्झौता गरेर कुनै पनि प्रकार आर्थिक सहायता नलिने भनेको छ। 'तर कसैले डोनेसन बक्समा सहयोग राखिदिन्छ भने हामी स्वीकार गर्न सक्छौं', नेता गुरुङको भनाइ छ।

समग्र शान्ति प्रक्रियाका लागि आवश्यक पर्ने ५ अर्ब रुपैयाँ जुटाउन सरकारले दाताहरूलाई आग्रह गरेको छ। जसलाई 'पिस फन्ड'को नाम दिइएको छ। यो फन्डमा अहिलेसम्म रकम जुट्न सकेको छैन। 'क्रिसमससम्म दाताहरूबाट रकम जुट्ने विश्वास गरेका छौं', अर्थमन्त्री महत भन्छन्। यो प्याकेजअन्तर्गत विस्थापितलाई घर फर्काउन, माओवादी सेनाको भरण पोषण, उनीहरूको वैकल्पिक पुनःस्थापना र संविधानसभाको निर्वाचनका लागि रकम जुटाउने काम गरिनेछ। ■





# अझै ढिलाइ

**जेठमा संविधानसभाको निर्वाचन गर्न सकिने गरी निर्वाचन आयोगका लागि कानुनी जटिलता फुकाउन मंसिरमै निर्वाचनसम्बन्धी कानुन प्रतिनिधिसभा लैजाने सहमति शीर्षस्थ नेताहरूबीच भएको छ ।**

तोकिएको समयभन्दा २३ दिन ढिलो सत्तारुढ सात दल र माओवादी अन्तरिम संविधानबारे सहमतिमा पुगेका छन् । कार्तिक २२ गते शीर्षस्थ नेताहरूको बैठकले मंसिर ५ गतेसम्म अन्तरिम संविधानको टुंगो लगाउने सहमति गरे पनि आपसी विवादका कारण अन्तरिम संविधान अनिश्चय बनेको थियो । कार्तिक २७ र २८ गते भएका आठ दलका शीर्षस्थ नेताहरूको बैठक राजनीतिक सहमतिमा पुगेपछि मुलुकले अन्तरिम संविधान पाउने निश्चित भएको छ । यद्यपि, कार्तिक २७ गते यो समाचार तयार पार्दासम्म शीर्षस्थ नेताहरूले सहमति जनाएको अन्तरिम संविधानले वैधानिकता पाउने विधि भने निश्चय भएको छैन । सरकारी वार्ताटोली सदस्य तथा पर्यटनमन्त्री प्रदीप ज्ञवालीका अनुसार हतियार व्यवस्थापन नभई अन्तरिम संविधानले वैधानिकता नपाउने, अन्तरिम संसद् र सरकार गठन नगर्ने पक्षमा सरकार रहेकाले अन्तरिम संविधान जारी हुने मिति अनुमान गर्न सकिने सम्भावना छैन । स्रोतहरू अन्तरिम संविधानलाई मन्त्रिपरिषद्मार्फत प्रतिनिधिसभामा पेस गरी जारी गरिने प्रक्रिया भने निश्चित रहेको बताउँछन् । तर, यो वैधानिक प्रक्रियाले कति समय लिनेछ भन्ने अझै निश्चित छैन ।

आठ दलबीच अन्तरिम संविधानबारे राजनीतिक सहमति बने पनि हतियार व्यवस्थापन पूर्ण नभई जारी गर्ने वा नगर्नेबारे माओवादी तथा सत्तारुढ एमालेसहित गैरकांग्रेस दल र दुवै कांग्रेसबीच विवाद कायम रहेकाले अन्तरिम संविधान जारी हुनै समय लाग्ने निश्चित छ । प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला र नेपाली कांग्रेस प्रजातान्त्रिकका सभापति शेरबहादुर देउवा हतियार व्यवस्थापन नभई अन्तरिम संविधान जारी नगर्ने तथा माओवादीलाई अन्तरिम सरकारमा नलाने पक्षमा अझै दृढ रहेकाले पनि अन्तरिम संसद् र सरकार निर्माणबारे अनिश्चय कायम रहेको हो । तर, जेठमा संविधानसभाको निर्वाचन गर्न सकिने गरी निर्वाचन आयोगका लागि कानुनी जटिलता फुकाउन मंसिरमै निर्वाचनसम्बन्धी कानुन प्रतिनिधिसभा लैजाने सहमति शीर्षस्थ नेताहरूबीच भएको छ । यद्यपि, मंसिर २७ गते यो समाचार तयार पार्दासम्म संविधानसभासम्बन्धी कानुन २०४७ वा अन्तरिम संविधानअनुसार जारी गर्नेबारे भने निश्चय भएको छैन ।

अन्तरिम संविधानबारे राजनीतिक टुंगो लगाउने सहमति बनाएको मंसिर २७ गतेको शीर्षस्थ नेताहरूको बैठकमा माओवादी अध्यक्ष प्रचण्डको आक्रोश भने चर्को रहेको स्रोत बताउँछ । स्रोतका अनुसार उनले 'युद्धका बेला सहमति गर्ने सात दल शान्ति प्रक्रियाका बेला अविश्वासपूर्ण हुनु आश्चर्यजनक रहेको' तथा 'युद्ध पुन: भड्किए नेपाली सेना सात दलको सरकारको पक्षमा नरहने' चेतावनी दिएका थिए । शीर्षस्थ नेताहरूको बैठकमा प्रचण्डले अन्तरिम संविधान जारी गर्न ढिलाइ गर्नु प्रत्युत्पादक हुने पनि बताएका थिए ।

माओवादीले यसअघि पनि सात दलसँगका अन्तरिम संविधान जारी गर्ने लगायत सात दलसँगको राजनीतिक सहमति कार्यान्वयनमा ढिलाइ भएकोमा सार्वजनिकरुपमै असन्तुष्टि प्रकट गरिसकेको छ । यसअघि चाहिँ ढिलाइका लागि माओवादीले संयुक्त राष्ट्रसंघलाई दोषी ठहऱ्याएको थियो । माओवादी वरिष्ठ नेता डा. बाबुराम भट्टराईले मंसिर २५ गते बिबिसी नेपाली सेवासँग 'राष्ट्रसंघको ढिलाइले नेपालको शान्ति प्रक्रिया अवरुद्ध हुने स्थिति आए आफूहरूलाई स्वीकार्य नहुने' बताएर राष्ट्रसंघको भूमिकाप्रति असन्तुष्टि जनाएका थिए । उनले 'द्वन्द्वरत पक्ष सहमत हुने हो भने राष्ट्रसंघलाई धन्यवाद पत्र दिएर उनीहरूको आवश्यकता नरहेको भनेर फर्काउन सकिने' बताएका थिए । २०६२ मंसिरमा भारतको राजधानी नयाँ दिल्लीमा सात दल र माओवादीबीच भएको बाह्रबुँदे सहमतिमा समेत राष्ट्रसंघलाई महत्त्वपूर्ण जिम्मेवारी दिने उल्लेख भएकोमा राष्ट्रसंघप्रति माओवादीको असन्तुष्टिमा सरकारको भने सहमति छैन । प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले माओवादीको हतियार नथन्क्याई अन्तरिम संविधान जारी नहुने उल्लेख गरेर राष्ट्रसंघको भूमिका सरकारलाई स्वागतयोग्य रहेको स्पष्ट पारिसकेका छन् ।

माओवादीले राष्ट्रसंघको अनुगमन प्रक्रियाका कारण राजनीतिक सहमति कार्यान्वयनमा ढिलाइ भएको बताए पनि तथ्यहरूले त्यस्तो देखाउँदैनन् । वैशाख ११ गतेको राजनीतिक परिवर्तनपश्चात् सत्तारुढ बनेको सात दल र माओवादीबीच भएका सहमतिहरू कार्यान्वयन नहुन तथा ढिलाइ हुनुमा राष्ट्रसंघभन्दा सात दल, सरकार र माओवादी नै जिम्मेवार रहेको स्पष्ट छ । असार २ गते सत्तारुढ सात दल र माओवादी शीर्षस्थ नेताहरूबीच भएको आठबुँदे सहमति कार्यान्वयन नहुनुमा राष्ट्रसंघको भूमिकै थिएन भने त्यसै बेला १५ दिनमै अन्तरिम संविधान बनाउने घोषणा असफल हुनुमा पनि राष्ट्रसंघ कारक थिएन ।

कार्तिक २२ गते आठ दलका शीर्षस्थ नेताहरूको सहमतिबाट तोकिएको समयसीमा लागू नहुनुमा पनि राष्ट्रसंघ जिम्मेवार देखिँदैन । सहमतिमा सरकार र माओवादीबीच विस्तृत शान्ति सम्झौता कार्तिक ३० सम्म गर्ने भनिएको थियो, तर मंसिर ५ गते मात्र भयो । सम्झौता ६ दिन ढिलो हुनुमा सत्तारुढ सात दल र माओवादीका भिन्न अडान नै जिम्मेवार थिए । यसैगरी राष्ट्रसंघको समेत हस्ताक्षर आवश्यक पर्ने हतियार र सेना अनुगमनसम्बन्धी त्रिपक्षीय सम्झौता मंसिर १२ गते मात्र हुनुमा न राष्ट्रसंघको अडान जिम्मेवार थियो न त प्रक्रिया नै । सरकार र माओवादी प्रतिनिधिबीच राजधानीका विभिन्न होटलहरूमा ५ दिनसम्म चलेको रस्साकस्सीले ढिलाइमा राष्ट्रसंघको भूमिका थिएन भन्ने नै स्पष्ट पार्छ । सम्झौतामा राष्ट्रसंघका नेपाल प्रतिनिधि इयान मार्टिनको हस्ताक्षर २ सातापछि मात्र भए पनि त्यसले सात दल र माओवादीलाई अन्य काम अघि बढाउन रोकेको देखिँदैन ।

माओवादी सेना शिविरमा मंसिर ५ गतेभित्र जम्मा हुने, हतियार भण्डारण गर्ने र राष्ट्रसंघद्वारा उनीहरूको प्रमाणीकरण तथा अनुगमन गर्नेमा मात्र राष्ट्रसंघलाई भूमिका दिइएको छ । राष्ट्रसंघ विश्वव्यापी मान्य संस्था भएकाले त्यसको आफ्नै प्रक्रिया हुनुलाई अनौठो मान्न मिल्दैन तथा राष्ट्रसंघको संलग्नताप्रति सबै शक्ति राष्ट्रहरूको पनि चासो रहने भएकाले प्रक्रियाले समय लिनु स्वभाविक छ । तर, असार २ गतेको सहमति लागू नहुनु र त्यसपछिका सहमति कार्यान्वयनमा ढिलाइ गरिनुमा राष्ट्रसंघले स्पष्ट जिम्मेवारी नै ढिलो पाउनु महत्त्वपूर्ण कारण रहेको स्पष्ट छ । सरकार र माओवादीबीच सेना र हतियार व्यवस्थापनसम्बन्धी त्रिपक्षीय सम्झौतामा मंसिर १२ गते सहमति भएपछि मात्र राष्ट्रसंघले स्पष्ट भूमिका पाएको थियो ।

■ **सुवास देवकोटा/काठमाडौं**



शिक्षकहरूलाई स्वतः स्थायी गर्ने सरकारी निर्णयको विरोध गर्दै विद्यार्थीहरू

# मनोमानी

■ डिल्ली आचार्य/काठमाडौं
तस्विरहरू : तेज बस्नेत



**शिक्षा विधेयकको** विरोधमा उत्रिएका विद्यार्थीहरूले मंसिर २४ गतेदेखि शिक्षा विभाग, शिक्षा सेवा आयोग र मध्यमाञ्चल क्षेत्रीय शिक्षा निर्देशनालयमा अनिश्चितकालीन तालाबन्दी गरेका छन् । विद्यार्थीहरूले मंसिर २३ गतेदेखि नै त्रिभुवन विश्वविद्यालय उपकुलपतिको कार्यालय र परीक्षा नियन्त्रण कार्यालयमा तालाबन्दी गरेका थिए ।

शिक्षा शास्त्र संकाय र त्रिभुवन विश्वविद्यालय केन्द्रीय क्याम्पसका विद्यार्थीहरूको नेतृत्वमा उक्त तालाबन्दी गरिएको हो ।

महेन्द्र रत्न क्याम्पस ताहाचल र सानोठिमी शिक्षा क्याम्पस स्ववियुले शिक्षा विधेयक प्रमाणीकरण नगर्न तथा नयाँ जनशक्तिले अवसर पाउने गरी विधेयक ल्याउन माग गर्दै शिक्षा सम्बद्ध संस्थाहरूमा तालाबन्दी गरिएको बताएका छन् । 'नयाँ जनशक्तिले अवसर पाउने गरी विधेयक नआएसम्म तालाबन्दी यथावत् राखिनेछ', सानोठिमी शिक्षा क्याम्पसका स्ववियु सभापति अनिल थापाले बताए ।

शिक्षण अनुमति पत्रका लागि भएको जाँच एक्कासि स्थगित भएको घोषणा गरिएपछि आन्दोलित विद्यार्थीहरू प्रतिनिधिसभाले मंसीर १४ गते शुक्रवार अस्थायी शिक्षकलाई स्थायी गर्ने र अध्यापनका लागि अनुमति पत्र लिनुपर्ने प्रावधानसहितको शिक्षा विधेयक पारित गरेपछि प्रदर्शनमा उत्रिएका हुन् । प्रतिनिधिसभाद्वारा पारित शिक्षा ऐनको विरोधमा विद्यार्थीहरूले प्रदर्शन जारी राखेका छन् । उक्त ऐन शिक्षा क्षेत्रमा नयाँ र योग्य जनशक्तिलाई पाखा

लगाउने षड्यन्त्रका रूपमा ल्याइएको भन्दै विद्यार्थीहरू आन्दोलनमा उत्रिएका हुन् ।

त्यसअघि आन्दोलनरत अस्थायी शिक्षकको माग पूरा गर्न नेपाल सरकारले मंसिर ८ गते शिक्षा ऐनको आठौं संशोधनमार्फत पूरा गर्न ६ बुँदे सहमति गरेको थियो । सहमतिका मूल बुँदामा '२०६३ वैशाख १० गतेसम्म सामुदायिक विद्यालयको रिक्त दरबन्दीमा नियुक्ति पाई हालसम्म कार्यरत अस्थायी, तल्लो तहमा स्थायी भई माथिल्लो तहमा अस्थायी नियुक्ति पाएका र लियन पदमा कार्यरत शिक्षकलाई प्रक्रिया पुऱ्याई स्थायी गरिने' जस्ता रहेका छन् ।

उक्त विधेयकबाट दीर्घकालसम्मका लागि शिक्षा क्षेत्रमा प्रवेश गर्न चाहने योग्यता पुगेका नयाँ व्यक्तिहरूले अवसर नपाउने आन्दोलनकारी विद्यार्थीहरूको भनाइ रहेको छ । 'प्रतिनिधिसभा र सरकारले हाम्रा मागलाई सम्बोधन नगरेसम्म आन्दोलन जारी रहनेछ', त्रिवि संघर्ष समितिका संयोजक रमेश थापाले भने । नेपाल सरकारले अस्थायी दरबन्दीमा कार्यरत शिक्षकहरूलाई स्थायी गर्ने भनेर घोषणा गरेपछि विवाद सिर्जना भएको हो । लामो समयदेखि शिक्षकको दरबन्दी पूर्ति गरिएको छैन । २०५२ सालभन्दा पछाडि अहिलेसम्म पनि स्थायी शिक्षकको लागि कुनै परीक्षा हुन सकेको छैन । हजारौं दरबन्दीहरू खाली छन् । सरकारले त्यसको निम्ति कुनै प्रक्रिया अगाडि बढाएको छैन ।

कृष्णप्रसाद भट्टराईको सरकारले २०४७ सालमा अस्थायी दरबन्दीमा कार्यरत एक वर्ष सेवा गरेका सम्पूर्ण शिक्षकलाई स्वतः स्थायी गरेको थियो । बहुदलीय व्यवस्था पुनःस्थापित भएपछि एकपटक मात्र खुला प्रतियोगिताबाट शिक्षक दरबन्दी परिपूर्ति गर्ने काम भएको थियो ।

यसरी पटक-पटक नियोजित रूपमा हचुवाको भरमा नयाँ जनशक्तिलाई पाखा लगाउने काम भएको भन्दै विद्यार्थीहरूले प्रदर्शन जारी राखेका हुन् । त्रिवि संयुक्त संघर्ष समितिका संयोजक थापा भन्छन्, 'विधेयकले खुला प्रतिस्पर्धामार्फत शिक्षक सेवामा प्रवेश गर्ने ढोका बन्द गरेको छ ।'

शिक्षा तथा खेलकुदमन्त्री प्रा. मंगलसिद्धि मानन्धर भने सरकारले नयाँ जनशक्तिलाई पाखा लगाउने काम गर्न खोजिएको भन्ने भनाइसँग असहमति व्यक्त गर्छन् । उनले भने, 'नयाँलाई रोक्न खोजिएको होइन, प्रक्रिया पुऱ्याएर कार्यरतलाई स्थायी बनाउने भनेको मात्र हो ।'

यसैगरी अस्थायी शिक्षकलाई स्थायी गर्ने निर्णय बदर गरी स्थायी दरबन्दीहरू खुला प्रतिस्पर्धाद्वारा पूर्ति गर्न माग राखी सर्वोच्च अदालतमा रिट दायर गरिएको छ । 'शिक्षा तथा खेलकुदसम्बन्धी केही नेपाल ऐन संशोधन विधेयक २०६३' संविधानसँग बाझिएकाले बदर घोषित गर्न माग गरिएको हो । सामुदायिक विद्यालयमा रिक्त स्थायी दरबन्दीमा र कानुनद्वारा सिर्जित स्थायी प्रकृतिका पदमा समान अवसरको आधारमा प्रतिस्पर्धात्मक रुपले नियुक्ति गर्नु भनी परमादेश जारी गर्न माग राखी रिट दायर गरिएको छ । रिटमा वर्षौंसम्म अस्थायी शिक्षकको भरमा पठनपाठन गराई शैक्षिक कुशासन सिर्जना गर्ने जिम्मेवार पदाधिकारीहरूलाई कारबाही गर्न समेत माग गरिएको छ ।

विद्यार्थीहरूको आन्दोलन चर्कंदै गएपछि शिक्षा तथा खेलकुद मन्त्रालयले अस्थायीसहित ४० हजार शिक्षक दरबन्दीको प्रस्ताव गरेको छ । 'हामीले शिक्षक दरबन्दी बढाउन लागेका छौं', शिक्षामन्त्री मानन्धर प्रस्ट पार्छन् ।

सरकारी विद्यालयमा ६० हजार शिक्षक आवश्यक रहेको अधिकारीहरू बताउँछन् । तत्काल लागू हुने गरी ४० हजार शिक्षक दरबन्दी प्रस्तावित गरिएको छ । प्रस्तावित शिक्षक दरबन्दी एकैपटक नभई वर्षैपिच्छे बढाउन थालिएको हो । मुलुकमा करिब २० हजार अस्थायी शिक्षक कार्यरत छन् । विधेयकमा पारित प्रक्रिया यथावत् रहने र नयाँ शिक्षक दरबन्दीमा खुला प्रतिस्पर्धा गराइने शिक्षामन्त्री मानन्धरले बताए ।

मुलुकका प्रमुख विद्यार्थी संगठनहरूले भने यसप्रति ठोस धारणा सार्वजनिक गरेका छैनन्, न त उनीहरू विद्यार्थीलाई चिढ्याउन चाहन्छन् न त कार्यरत अस्थायी शिक्षकहरूलाई । उनीहरू घुमाउरो पाराले प्रस्तुत भएका छन् । प्रक्रिया पुऱ्याएर अस्थायी शिक्षकलाई स्थायी पनि गर्नुपर्ने र नयाँलाई पनि उपेक्षा गर्न नहुने उनीहरूको भनाइ छ ।

शिक्षाविद्हरू पनि सरकारको उक्त निर्णयप्रति असन्तुष्टि व्यक्त गर्छन् । उनीहरू शिक्षा जस्तो संवेदनशील क्षेत्रमा सस्तो र लोकप्रिय निर्णय गर्न नहुने बताउँछन् । अधिकांश विद्यालयमा अस्थायी दरबन्दीमा योग्य मानिसभन्दा पनि राजनीतिक कार्यकर्तालाई नियुक्ति गर्ने परिपाटीको विकास भयो । यसले गर्दा शिक्षा क्षेत्रमा लाग्न इच्छुक योग्य व्यक्तिहरू उपेक्षित हुन पुगे ।

लाखौं विद्यार्थीको भविष्य निर्माण गर्ने जस्तो कार्यमा विचार नगरी निर्णय गर्नु देश र समाजलाई नै उपेक्षा गरेको ठान्दछन्, उनीहरू । शिक्षाविद् विद्यानाथ कोइराला भन्छन्, 'एउटा शिक्षकले तीस वर्षसम्म अध्यापन गर्छ । एउटा अयोग्य व्यक्ति त्यसरी स्थायी हुन पुग्यो भने त्यसबाट समाज र देशलाई हुने नोक्सानी अकल्पनीय बन्न पुग्छ । त्यसको जिम्मेवारी कसले लिन्छ ?'

यसरी सीधै कसैलाई प्रतिस्पर्धाबाट उपेक्षा गर्न मिल्दैन र राज्यले उनीहरूलाई कि रोजगार दिनुपऱ्यो कि श्रम गर्ने अवसर पाउनुपऱ्यो । अन्यथा यसबाट समाजमा अराजकता उत्पन्न हुनसक्छ ।

केही समयअघि शिक्षामन्त्री मानन्धरले अस्थायी शिक्षकहरूले पनि लोकतान्त्रिक आन्दोलन सफल पर्न सहयोग पुऱ्याएका हुनाले उनीहरूलाई मानवीय हिसाबले यस्तो निर्णय गरिएको हो भन्ने सार्वजनिक अभिव्यक्ति दिएका थिए । शिक्षाविद् कोइराला भन्छन्, 'यस्तो कुरालाई कुनै पनि हालतमा मानवीय दृष्टिकोण भन्न मिल्दैन । उनीहरूको सहभागिताको कदर गर्नलाई अन्य कुनै पुरस्कारको व्यवस्था गर्न सकिन्थ्यो तर स्वतः स्थायी बनाइनु जायज होइन ।'

बरु उनीहरूले आजसम्म गरेको सेवाको लागि उनीहरूले गरेको काम गरेको आधारमा प्रतिवर्षको १ वा आधा नम्बर दिनुपर्ने धारणा कोइरालाको छ । यस्तो अवस्था निम्त्याउने काममा सरकारको भूमिका पनि कम छैन । लामो समयसम्म दरबन्दी पूरा गर्ने काममा हरेक सरकारले उदासीनता देखाए । २०५२ मा लिएको शिक्षक सेवा आयोगको परीक्षाफल २०६० मा मात्रै प्रकाशित गऱ्यो । थुप्रै दरबन्दी खाली छन् । १४-१५ वर्षसम्म एकपटक मात्र खुला प्रतिस्पर्धाबाट शिक्षक छनोट गर्ने प्रयास हुनु र उक्त परीक्षाको रिजल्ट पनि आठ वर्षपछि मात्र निकाल्नुले सरकारको लापरवाही देखिन्छ । खाली दरबन्दीमा आफ्ना कार्यकर्ता भर्ना गर्ने विकृति भित्र्याइयो । योग्य व्यक्तिहरू पाखा लाग्ने अवस्था सिर्जना भयो । यसले समस्या बढेको हो ।

**एउटा शिक्षकले तीस वर्षसम्म अध्यापन गर्छ । एउटा अयोग्य व्यक्ति त्यसरी स्थायी हुन पुग्यो भने त्यसबाट समाज र देशलाई हुने नोक्सानी अकल्पनीय बन्न पुग्छ । त्यसको जिम्मेवारी कसले लिन्छ ?**
**अधिकांश विद्यालयमा अस्थायी दरबन्दीमा योग्य मानिसभन्दा पनि राजनीतिक कार्यकर्तालाई नियुक्ति गर्ने परिपाटीको विकास भयो । यसले गर्दा शिक्षा क्षेत्रमा लाग्न इच्छुक योग्य व्यक्तिहरू उपेक्षित हुन पुगे ।**

शिक्षाविद् कोइराला भन्छन्, 'शिक्षक सेवा आयोग तीन वा ६ महिनामा खोले हुन्थ्यो । यसो गरे समस्या सिर्जना नै हुँदैनथ्यो ।' शिक्षाविद् डा. मनप्रसाद वाग्ले भन्छन्, 'संशोधित ऐन जस्ताको तस्तै प्रमाणीकरण भएमा शिक्षाको गुणस्तर खस्किनेछ ।'

नेपाल शिक्षक संघ, काठमाडौं जिल्ला सदस्य महेश अधिकारी भन्छन्, 'एकपटक अस्थायी शिक्षकलाई शून्यमा पुऱ्याओस् अनि यो समस्या दोहोरिँदैन । कम्तीमा वर्षमा एकपटक रिक्त दरबन्दी परिपूर्तिको लागि परीक्षा लिइनुपर्छ भन्ने हाम्रो माग हो । स्वतः स्थायी हुनुपर्छ भन्ने कुरा ठिक होइन ।'

योभन्दा अगाडि कार्यरत अस्थायी शिक्षकहरूलाई पचास प्रतिशत दरबन्दीमा आन्तरिक प्रतिस्पर्धाबाटै स्थायी बनाइएको थियो । त्यसमा असफल हुने शिक्षकहरू पनि यस नियमले स्थायी हुन पाउने परिस्थिति खडा भएको छ । विगतमा काठमाडौं जिल्लाका लागि सामाजिक विषयको मावि तहका लागि २४ जना शिक्षक मागिएकोमा २२ जना मात्र पास भए । अहिलेको नियमले उक्त जाँचमा असफल भएका त्यस्ता अयोग्य व्यक्ति पनि स्थायी हुन पाउने भाग्यमानी हुनेछन् ।

उक्त शिक्षा विधेयकको विरोधमा धनकुटा, धादिङ, सिन्धुपाल्चोक, कास्की, लमजुङ लगायतका जिल्ला शिक्षा कार्यालयमा तालाबन्दी गरिएको छ भने कयौं जिल्लामा तोडफोडका घटना पनि भएका छन् । विधेयकको विरोधमा मंसिर २४ गते धादिङ राजमार्ग बन्दसमेत गरिएको थियो । ■


# वार्तामा बस्न तयार

## वार्ताबाटै समस्या समाधान गर्न जनतान्त्रिकका संयोजक जयकृष्ण गोइतले राज्यपक्षसँग वार्ताका लागि तयार रहेको सार्वजनिक गरेका छन् ।

**स्वतन्त्र तराई** राज्यको माग गर्दै अढाई वर्षदेखि सशस्त्र संघर्ष गर्दै आएका जनतान्त्रिक तराई मुक्तिमोर्चा राज्य पक्षसँग वार्ता गर्न तयार भएको छ । गृहमन्त्री कृष्णप्रसाद सिटौलाले मंसिर १७ गते सप्तरीको राजविराजमा सञ्चारमाध्यममार्फत जनतान्त्रिकलाई वार्ताबाटै समस्या समाधान गर्न आग्रह गरेलगत्तै जनतान्त्रिकका संयोजक जयकृष्ण गोइतले राज्यपक्षसँग वार्ताका लागि तयार रहेको सार्वजनिक गरेका छन् । मन्त्री सिटौलाले शान्तिपूर्ण ढंगबाट वार्ताद्वारा समाधान नहुने समस्या नेपालमा नरहेकाले अपहरण, फिरौती र बन्दुकको लडाइँ बन्द गरी वार्ताबाटै समस्याको निकास खोज्न आग्रह गरेका थिए ।

सरकारी वार्ताटोलीका संयोजक समेत रहेका मन्त्री सिटौलाद्वारा गरिएको आग्रहप्रति सकारात्मक हुँदै जनतान्त्रिक तराईमुक्ति मोर्चाका केन्द्रीय संयोजक जयकृष्ण गोइतले आइतवार विज्ञप्तिमार्फत राज्यपक्षसँग वार्ताका लागि हात बढाएका हुन् । वार्ताका लागि गोइतले मुख्यतया दुइटा सर्त अघि सारेका छन् । माओवादीका केन्द्रीय सदस्य मातृका यादवद्वारा साउन १ गतेबाट घोषणा गरिएको जनतान्त्रिकविरुद्धको छापामार र मोर्चाबन्दी युद्धविराम गराउनुपर्ने र बेपत्ता पारिएका जनतान्त्रिकका कार्यकर्ताहरूलाई सार्वजनिक गरी वार्ताअनुकूल वातावरण बनाउन सरकारसमक्ष उनीहरूको माग छ ।

वार्ताद्वारा नै समाधान खोजियोस् भन्ने आवाज विभिन्न राजनीतिक दल, सञ्चारकर्मी, बुद्धिजीवी, नागरिक मसाज, मानवअधिकारवादी संघ संस्थाबाट उठिरहेका बेला वार्ताको वातावरण बनाउन एक महिनाअघिको तराई बन्द फिर्ता लिएको गोइतले स्मरण गराएका छन् । माओवादीले सप्तरी-सिरहा जिल्लामा मात्रै युद्धको घोषणा गरे पनि सिंगो तराईलाई नै हत्या आतंकको भयानक यातना गृहमा परिणत गरेको गोइतको भनाइ छ ।



माओवादीले युद्धविराम घोषणा गरे पनि तराईमा हिंसात्मक गतिविधि नरोकिएको गोइतको दाबी छ । युद्धविरामअघि जनतान्त्रिक तराई मुक्तिमोर्चाका पोलिटब्युरो सदस्य एवं तराई तराईमुक्ति सेना प्रमुख विनयकुमार महतो (सुरज)ले २०६३ जेठ १८ गते रौतहट जिल्ला सदस्य भाग्यनारायण यादवको हत्या गरेको तथा सिरहा जिल्ला कमिटी संयोजक बलराम यादव र सर्लाहीका जिल्ला सदस्य जीतनारायण यादवलाई कब्जामा लिई बेपत्ता पारेको गोइतको भनाइ छ ।

युद्धविरामको घोषणापछि असार ३२ गते सप्तरीको लोहजारा गाउँ कमिटीका कुलानन्द भिण्डवारको हत्यापश्चात् माओवादी नेता मातृका यादवले साउन १ गते जनतान्त्रिकविरुद्ध युद्ध घोषणा गरेको गोइतद्वारा जारी विज्ञप्तिमा भनिएको छ । जनतान्त्रिक तराईमुक्ति मोर्चा सरकारसँग वार्ताका लागि सकारात्मक रहँदै आए पनि राज्यपक्षले नै बेवास्ता गरेको उनको आरोप छ ।

प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले बिबिसी नेपाली सेवामा एक महिनाअघि जनतान्त्रिकको विषयमा उपेक्षापूर्ण अभिव्यक्ति दिएको र उद्योग वाणिज्य तथा आपूर्तिमन्त्री हृदयेश त्रिपाठीद्वारा नेपाली सञ्चारमाध्यममा भ्रम सिर्जना गरेको जनतान्त्रिक तराई मुक्तिमोर्चाका केन्द्रीय संयोजक गोइतको आरोप छ । जनतान्त्रिक तराई मुक्तिमोर्चाका तर्फबाट वार्ताका लागि तयार रहेको अभिव्यक्ति पहिलोपटक भने आएको होइन । यसअघि पनि पटक पटक आफूहरू शान्तिविरोधी नभएको भन्दै मोर्चा संयोजक गोइतले आफ्ना भनाइ सार्वजनिक गर्दै आए पनि सरकारका तर्फबाट त्यसप्रति गम्भीरता नदेखाइएको जनतान्त्रिक पीडितहरूको आरोप रहेका छ । हुनत सरकारका मन्त्रीहरूले पनि विभिन्न समयमा जनतान्त्रिकलाई छिट्टै वार्तामा बोलाउन अभिव्यक्ति दिँदै आए पनि मन्त्रीहरूको भनाइ र गराइमा भिन्नता देखिएको मोर्चाका समस्याबाट पीडित हुनेहरूको संख्या दिनानुदिन बढ्दै गएको मधेसी गणतान्त्रिक मोर्चाका अध्यक्ष प्रा. शिवनारायण यादवको कथन छ ।

माओवादीबाट विद्रोह गरी २०६१ साउन १० गतेबाट स्वतन्त्र तराई राज्यको माग गर्दै जनतान्त्रिक तराई मुक्तिमोर्चाको गठन गरी सशस्त्र संघर्ष गर्दै आएका छन् । गोइत जनतान्त्रिक गठन गर्नुअघि माओवादी निकट मधेसी राष्ट्रिय मुक्तिमोर्चाका केन्द्रीय अध्यक्ष तथा संयुक्त क्रान्तिकारी जनपरिषद्का सदस्य समेत रहेका थिए । आत्मनिर्णय तथा स्वशासनको अधिकारको माग गर्दै जनतान्त्रिक तराई मुक्तिमोर्चाले सप्तरी सिरहा, सुनसरी, रौतहट महोत्तरी, सर्लाही लगायतका जिल्लाहरूमा आफ्ना गतिविधि तीव्र पार्दै आएका छन् । तराईका २१ जिल्लालाई छुट्टै राज्यको माग गर्दै आएका मोर्चाले पहाडे मूलका बासिन्दालाई नै मुख्य निसाना बनाएका छन् । शोषक सामन्तको आरोपमा पहाडे मूलका व्यक्तिहरूबाट करको नामबाट मोटो रकम असुल्ने काम हुँदै आएको थियो । हालसम्म जनतान्त्रिक तराई मुक्तिमोर्चाद्वारा झन्डै एक दर्जनभन्दा बढी मधेसी तथा पहाडे समुदायका व्यक्तिहरू मारिएका छन् भने झन्डै दुई दर्जनभन्दा बढी पहाडे समुदायका व्यक्तिहरू अपहरण र फिरौतीबाट पीडित रहेको इन्सेक सप्तरीको तथ्यांक रहेको छ ।

यता जनतान्त्रिक तराई मुक्तिमोर्चाका केन्द्रीय संयोजक जयकृष्ण गोइतद्वारा कारबाही गरिएकाहरूले समेत जनतान्त्रिककै नामबाट गतिविधि सञ्चालन गर्दै आएका छन् । तत्कालीन पूर्वी कमान्ड इन्चार्ज ज्वाला सिंह र जिल्ला संयोजक रणवीर सिंह सहित कार्यकर्तालाई पार्टीको नीतिविपरीत कार्य गरेको भन्दै कारबाही गरेका थिए । सिडिएमए ताररहित टेलिफोन सर्वेक्षणका लागि साउन १६ गते सप्तरीको तिलाठीस्थित बेल्ही गाउँबाट नेपाल टेलिकम क्षेत्रीय कार्यालय विराटनगरका इन्जिनियरद्वय- ज्ञानेश दंगाल र प्रशान्तबाबु तिवारीलाई अपहरण गरी फिरौती माग गरेका थिए, तर गोइतले सञ्चार क्षेत्रमा कार्यरत इन्जिनियरद्वयलाई विनाफिरौती मुक्त गर्न आदेश दिए पनि रणवीर सिंह समेतका व्यक्तिले मान्न तयार भएनन् । आखिरमा इन्जिनियरद्वय सात लाख रुपैयाँ फिरौती तिरेर रिहा भए ।

आफ्नो निर्देशनअनुसार नचलेको भन्दै ज्वाला सिंह समेतलाई गोइतले कारबाही गरेपछि भदौ २ गते एक प्रेस विज्ञप्तिमार्फत आफूहरूले अधिवेशनमार्फत कार्यसमिति चयन गरेको घोषणा गरेका थिए । उक्त समिति ज्वाला सिंहको अध्यक्षतामा २३ सदस्यीय समिति गठन गरिएको कुरा सञ्चारकर्मीहरूलाई जानकारी गराएका थिए । हाल जनतान्त्रिक तराई मुक्ति मोर्चाकै नामबाट ज्वाला सिंहको समूहले तराई जिल्लाहरूमा गतिविधि सञ्चालन गर्दै आएको छ ।

■ श्यामसुन्दर यादव/राजविराज



# सुनकोसीमा पुल अझै सपना

■ किरण भण्डारी/घुर्मी, उदयपुर (तस्वीरहरू: तेज बस्नेत)

**ओखलढुंगा, खोटाङ** र सोलुखुम्बुको केही भागको मुख्य बजार उदयपुरको पश्चिम उत्तरमा रहेको घुर्मी बजार पुग्न सुनकोशी नदी तर्नुपर्छ। डुंगा दुर्घटना बढेपछि दुई वर्षदेखि अस्थायी झोलुंगे पुलको सुविधा उपलब्ध छ। घुर्मी वा उदयपुरको कटारीमा किनमेल गर्न हिँडेका सर्वसाधारण मात्र हैन, रोजगारीको खोजीमा मुग्लान पसेकाहरूले पनि बाँसको कप्टेरोले बनेको घरेलु प्रविधिको पुलले सुविधा पुऱ्याएको अनुभव गरेका छन्।

सुनकोशी नदी तर्ने क्रममा तीन वर्षअघि डुंगा पल्टिई २० जनाभन्दा बढी यात्रुको मृत्यु भएपछि स्थानीय व्यवसायी र सुनकोशी युवा क्लबको सक्रियतामा बर्सेनि अस्थायी झोलुंगे पुल बन्न थालेको हो। वर्षाको तीन महिनाबाहेक २ वर्षदेखि उक्त पुल संचालनमा आएपछि नदी तर्दा अकालमा ज्यान जानेको संख्या घटेको स्थानीय बासिन्दाहरू बताउँछन्।

निजी क्षेत्रले निर्माण गरेको उक्त पुल प्रयोग



पैसा तिर्नुस् पुल तर्नुस् : पुल तर्नका लागि बटुवासँग पैसा असुल्दै। सुनकोसीमा वर्षौंअघि बन्ने भनिएको पक्की पुल अझै सपना मात्र भएपछि स्थानीय व्यवसायीहरूले वर्षेनी अस्थायी पुल बनाउने गरेका छन्। यो पुल तर्ने बटुवाले तोकिए अनुसारको शुल्क तिर्नुपर्छ।

गरेबापत बटुवाले शुल्क तिर्नुपर्छ। पुल मालिक लालसुन्दर श्रेष्ठका अनुसार रित्तै हिँड्नेले ५, झोला बोकेकाले १० रुपैयाँ र भरियाले मालको तौलअनुसार शुल्क तिर्नुपर्छ। 'जनतालाई सुविधा र आफूलाई २-४ पैसा आम्दानी होस् भनेर हामीले ४ लाखभन्दा बढी लगानी गरेर पुल हालेका हौं', उनी भन्छन्, 'त्यसैले व्यक्तिको बाहेक प्रतिक्विन्टल ५ रुपैयाँ भाडा उठाउने गरेका छौं।' पुल निर्माण र शुल्क उठाउन जिविसबाट स्वीकृति लिएको दाबी उनले गरेका छन्।

मालसामानको भाडाबाहेक दसैंपछि दैनिक औसत ३ हजार रुपैयाँ शुल्क असुली हुने पुल मालिकले जानकारी दिएका छन्। श्रेष्ठका अनुसार अस्थायी झोलुंगे पुल भएर आवत जावत गर्नेको संख्या दैनिक ५ सयभन्दा बढी हुन्छ।

मिर्चैया-कटारी-घुर्मी (सुनकोशी) सडक र सुनकोशीपारिबाट पनि ओखलढुंगाको सदरमुकामसम्म यातायात संचालनमा रहेकाले यो बाटो भएर तराई, भारत वा अन्यत्र ओहोर दोहोर गर्नेको संख्या ठूलो भएको हो।

सुनकोशी किनारमा उदयपुर जिल्लातर्फ रहेको घुर्मी बजारले गर्दा मालसामानको ओसारपसार व्यापक छ। स्थानीय व्यापारीहरूका अनुसार ओखलढुंगा, खोटाङ, सोलुखुम्बु, सिन्धुली र उदयपुरको केही भागको थोक बजारको रुपमा रहेको घुर्मीमा दैनिक १ करोडभन्दा बढीको कारोबार हुन्छ।

उदयपुर उद्योग वाणिज्य संघका सदस्य तथा घुर्मीका स्टेसनरी पसले मदन कटुवालका अनुसार खाद्यान्न, लत्ताकपडा, होटल घुर्मीको चल्तीका व्यवसाय हुन्। 'यहाँ २ सय ५० भन्दा बढी पसल छन्, मौसममा तिनीहरूको सरदर कारोवार दैनिक एक करोड हुन्छ', उनी अनुमान गर्छन्।

सयौं व्यक्ति ओहोर दोहोर हुने सुनकोशीमा मोटर गुड्ने पक्की पुल बनाउन सरकार कस्सिएको पाँच वर्ष भइसक्दा पनि योजनाले साकार रुप नपाउँदा दुर्गम पहाडका जनताको दुःखका दिन लम्बिरहेको छ। ठेक्का प्रदान गरिएको ४ वर्षसम्म पनि काम सुरु नभएको र थालेको ३ वर्ष न्यूनतम लाग्ने हुँदा पुलमा हिँडेको शुल्क तिर्नुपर्ने अवस्थाबाट उनीहरूले मुक्ति पाउन लामो प्रतीक्षा गर्नुपर्छ।

सेनाले मिर्चैया-कटारी-सुनकोशी कच्ची सडक बनाइसक्नेबित्तिकै पक्की पुल निर्माण गर्न सरकारले पाँच वर्षअघि नै योजना बनाएको थियो। २०५६ सालमा बाक्लिएको घुर्मी बजार वयस्क भएको त्यतिबेला भर्खर तीन वर्ष पुगेको थियो।

सुनकोशीमा पुल हालेर कच्ची सडक बनिसक्नेबित्तिकै ओखलढुंगा मोटर पुऱ्याउने उद्देश्यले सडक विभागले पुलको ठेक्का आह्वान पनि गऱ्यो। वाइवा कन्स्ट्रक्सनले ठेक्का हात पाऱ्यो। सेनाले सुनकोशी-ओखलढुंगाको कच्ची सडक बनाइसक्नेबित्तिकै मोटर गुडाउने योजनासहित २ वर्षभित्र पुल निर्माण गर्नुपर्ने समयसीमा सहित वाइवाले कामको जिम्मा लियो।

निर्माणको काम तुरुन्त सुरु होस् भन्ने अभिप्रायले सरकारले करिब २ करोड रुपैयाँ परिचालन खर्चबापत ठेकेदार कम्पनीलाई बैना दियो। तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवाबाट शिलान्यास गराउने तिथिमिति पर्खंदा पर्खंदै २०५९ असोज १८ को राजा ज्ञानेन्द्रको कदमले उनलाई नै पदच्युत गरिदियो।

प्रजातन्त्रमाथि प्रहार हुनेबित्तिकै पुल निर्माणमा स्थानीय राजनीतिक दबाब कम भयो। संसद् र स्थानीय निकाय जनप्रतिनिधिविहीन बनेपछि स्वभाविक रुपमा ग्रामीण भेगको विकास ओझेल पऱ्यो। राजनीतिक कार्यकर्ता शाही कदमविरुद्ध केन्द्रित भएको मौका पारेर पुल निर्माण थाती मात्र बसेन, त्यही बेला सुनकोशीमा हालिएको फेरी नै काटियो। २०६० सालमा फेरी काटिएपछि राज्यसत्तामा जस्तै ओखलढुंगा र छिमेकी जिल्लाको विकासमा पनि प्रतिगमन भयो।

एकातिर फेरि नदीले बगाएको रिपोर्ट बन्यो भने अर्कोतिर माओवादीलाई कारण देखाउँदै पुलको निर्माण सुरु नै गरिएन। जिल्ला सिमानामा भएकाले उदयपुरवासीको खासै अपनत्व नभएको र पुल बनेमा अस्थायी बजार भएर पनि निकै चल्तीको घुर्मी बजार सुक्ने भएकाले यसलाई सुनकोशीपारिका जिल्लाले मात्र आवश्यकता ठाने।

घुर्मी बजारका व्यापारीले फेरी सुनकोशीले बगाएको बताए भने कतिपयले व्यापारी, प्रशासन र माओवादीको मिलेमतोमा उक्त घटना घटाइएको आरोपसमेत लगाए, त्यतिबेलै। पुल निर्माणलाई चार वर्ष ढिलो गराउने शक्तिसमेत यही माफिया भएको आरोप उनीहरूको छ। पुलको जोडदार माग गर्नुपर्ने स्थान घुर्मीमा अधिकांश तराईवासी (स्थानीय बासिन्दाको शब्दमा इन्डियन) भएकाले पनि विकासको मागको स्वर गुञ्जिन सकेन।

ओखलढुंगा-२ घर भई ट्रक व्यवसायमा संलग्न कर्णबहादुर गिरी भन्छन्, 'फेरि सुनकोशीले बगाएको होइन, घुर्मीका व्यापारीले काट्न लगाएका हुन् भन्ने हल्ला त्यति बेला चलेको थियो, तर कसैले चासो दिएन।' फेरीबाट यातायात आवागमन भएमा घुर्मी बजार नरहने हुँदा यस्तो आपराधिक कार्य गरिएको आरोप ओखलढुंगाका अन्य व्यापारीहरूको पनि छ।

लोकेन्द्रबहादुर चन्द, सूर्यबहादुर थापा हुँदै फेरि देउवा नै प्रधानमन्त्री भए। ओखलढुंगाका प्रतिनिधिसभा सदस्यमा विजयी होमनाथ दहाल मन्त्री भएपछि यो पुलको विषय फेरि उठान भयो। उदयपुरनिवासी टीकादत्त निरौला भौतिक योजना तथा निर्माण सचिव भएकाले मन्त्रालयले पनि सडक विभाग लहानलाई ताकेता लगायो। माओवादीको चर्कंदो गतिविधि र सुरक्षाको कारण देखाएर केन्द्रलाई अत्ताउने काम गरेर त्यति बेला पनि विकासमा अवरोध पुऱ्याइएको आरोप स्थानीय प्रतिनिधिहरू लगाउँछन्। माओवादीका भेषमा लुकेका 'खाओवादी'हरूलाई प्रयोग गरेर प्रधानमन्त्री देउवाबाट शिलान्यास हुन नदिने वातावरण बन्यो।

ओखलढुंगा, सोलुखुम्बु र खोटाङका लाखौं जनता, सिन्धुली तथा उदयपुरको आंशिक भाग समेत लाभान्वित हुने भएकाले सुनकोशीको पुल अत्यावश्यक भएको बताउँदै सांसद दहाल भन्छन्, '२०५९ र २०६१ मा प्रधानमन्त्री देउवालाई उद्घाटन गराउने भन्दाभन्दै सरकार ढलेकाले पनि यो विलम्ब भएको हो।'

घुर्मीका व्यापारी, सडक कर्मचारी, ठेकेदारको स्वार्थले पुल निर्माणमा ढिलाइ भएको आरोप सीधै नलगाए पनि दहालले कूटनीतिक पारामा अन्य ओखलढुंगावासीका जस्तै धारणा व्यक्त गरेका छन्। 'पुल बन्नेबित्तिकै अर्बौंको कारोबार हुने घुर्मी सुक्छ र बजार ओखलढुंगा सर्छ भन्ने भयले ढिलाइ भएको मान्नेहरू पनि छन्', उनले *समय*सित भने, 'फेरि आफैंले काटेर माओवादीलाई बदनाम गराई बगाएको भन्ने पनि सुनिएको छ।'

पुल बन्नेबित्तिकै घुर्मी बजार सुक्ने हुँदा निर्माणलाई जतिसक्यो पछि धकेल्न व्यापारीहरू दिलोज्यानले लागिरहेको आरोप ओखलढुंगा मात्र हैन, कटारीका व्यापारी पनि लगाउँछन्। तर घुर्मीका तराईमूलका व्यापारीहरू केही पनि प्रतिक्रिया दिन चाहँदैनन्, पहाडियाहरू त्यस्तो आरोपलाई सरासर नकार्छन्।

'पुल बन्ने भनेको पाँच वर्ष नाघिसक्यो

# सिन्डिकेटको मार

**वर्षौंदेखि चर्चामा** रहेको पुल नबनेकाले बाँसको झोलुंगे पुल प्रयोग गरेको समेत शुल्क तिर्न बाध्य पहाडी जिल्लाका गरिब जनताको घाउमा यातायात व्यवसायीले लगाएको सिन्डिकेटले नुनचुक छर्कने काम गरेको छ। कटारी-सुनकोशी र सुनकोशी-ओखलढुंगा गरी २ वटा सिन्डिकेटको मारमा परेका छन्, यस क्षेत्रका स्थानीय बासिन्दा।

बस सिन्डिकेटले यात्रा महँगो भएको छ भने ट्रक व्यवसायीहरूको सिन्डिकेटले सम्पूर्ण उपभोग्य वस्तुको मूल्य चर्को भएको छ। कटारी-सुनकोशी ४६ किमिको बसभाडा १ सय ६० रुपैयाँ छ। लगभग २० किमि मात्र कच्ची बाटो रहेको सडकमा यो भाडादर निकै महँगो हो। मुलुकको अन्य भागमा भाडादर प्रतिकिलोमिटर १ रुपैयाँको हारहारी भएकोमा यहाँ झन्डै ४ रुपैयाँ छ।

बसको भाडादरमात्र महँगो होइन, सिन्डिकेटले गर्दा अन्यत्रका रिजर्भ बसलाई समेत घुर्मीसम्म जान नदिने प्रतिबन्ध यहाँका व्यवसायीले लगाएका छन्। 'जन्ती ल्याए पनि वा शैक्षिक भ्रमणमा आएका भए पनि अन्यत्रको बसलाई कटारीबाट उकालो लाग्न दिइँदैन', सिन्डिकेटको चरम दादागिरीको उदाहरण दिँदै उदयपुर उद्योग वाणिज्य संघ सदस्य मदन कटुवाल भन्छन्, 'ओखलढुंगा उद्योग वाणिज्य संघका पदाधिकारी यसै साता अध्ययन भ्रमणमा जान लाग्दा रिजर्भ बस समेत ल्याउन दिइएन।'

बसभन्दा ट्रकको सिन्डिकेटको मार झन् चर्को छ। एक लाख एक हजार रुपैयाँ दर्ता शुल्क तिरेर ॐ हलेसी ट्रक व्यवसायी संघमा दर्ता भएका बाहेक अन्य वाहनले कटारीबाट सामान बोकेर जान नपाउने जबरदस्त नियम बसालिएको छ। समितिले तोकेको ट्रिप शुल्क ९ सय रुपैयाँ तिरेर पनि कुनै पनि मालवाहक गाडीलाई कटारीबाट पहाडतिर जान दिइँदैन।








**सुनकोसीमा पुल नबनेकाले बोकाएर तारिएका बिसौं बस र ट्रकको पार्किङस्थल। यी सवारी साधनले सुनकोसीदेखि ओखलढुंगा बजारसम्म यात्रु र मालसामान ओसारपसार गर्छन्। यसरी तारिएका १६ बस र ५० ट्रकले सुनकोसी पारिका बासिन्दाहरूलाई सजिलो चाहिँ पारेका छन्।**

समितिले तोकेका विभिन्न शुल्क र एकाधिकारले गर्दा कटारीबाट सुनकोशीसम्मको भाडा प्रतिक्विन्टल २ सय ५० छ। यो भाडा दर वीरगन्ज वा विराटनगरबाट कटारीसम्म सामान ढुवानी गरेभन्दा चारगुणा बढी छ। भाडा र पटक पटक लोड अनलोडको मारले ढुवानीलाई अझ महँगो बनाइदिएको छ।

'गाडी भाडा जायज हुने हो भने अझ धेरै व्यापार हुन्छ', कटवाल भन्छन्, 'सुनकोशीपारि ओखलढुंगामा सिन्डिकेट भए पनि वारिको तुलनमा सस्तो नै छ।'

४२ किमि कच्ची सडक चल्ने बसभाडा १ सय ७५ रुपैयाँ तोकिएको छ। ट्रकबाट ढुवानी गर्न सोही दूरीमा प्रतिक्विन्टल २ सय ७५ रुपैयाँ लाग्छ। खाद्यान्नको अधिकांश माग भएको जिल्ला भएकाले तराईबाट पुऱ्याउँदा एक बोरा चामलमा ७ सय रुपैयाँसम्म ढुवानी र लोड-अनलोड खर्च लाग्ने कटवालले बताए।

'वीरगन्जबाट एक ट्रक सामान ओखलढुंगा पुऱ्याउँदा वीरगन्ज, कटारी, घुर्मी, तल्लो हर्कपुर र सदरमुकाममा लोड-अनलोड गर्नुपर्दा पनि भारी बोकेर लगेकोभन्दा महँगो पर्छ', सांसद दहालले भने।

भाडादर यति महँगो हुँदाहुँदै पनि ग्याँस सिलिन्डरदेखि पानी राख्ने प्लास्टिक ट्यांकी समेत ओखलढुंगा जाने गरेको छ। सुनकोशी तारेर सामान लोड गराइदिने व्यवसाय गरेर बसेका कैलाश श्रेष्ठका अनुसार 'दिनको ५० सिलिन्डर त ग्याँसमात्र ओखलढुंगा जान्छ।' ३५ केजी तौलको एक सिलिन्डर ग्याँसको ओखलढुंगामा अन्यत्रभन्दा दुई सय रुपैयाँ बढी १ हजार २ सय ५० बजार मूल्य हुनुले त्यहाँको आकाशिएको बजारभाउको अनुमान लगाउन सकिन्छ।

सरकारले सिन्डिकेट तोडेर प्रतिस्पर्धात्मक वातावरण बनाइदिन सकेमा पुल निर्माणमा भएको ढिलाइले आहत भएका जनताले उपभोग्य वस्तुमा केही सहुलियत पाई राहत महसुस गर्न पाउँथे। ■






सुनकोसीमा रहेको अस्थायी पुलमा शुल्क तिरेर मालसामान पारि पुऱ्याएपछि ओखलढुंगातर्फ लैजान ट्रकमा लोड गरिँदै

अहिलेसम्म केही सुरसार छैन', उदयपुर उद्योग वाणिज्य संघकी सदस्य तथा कटारी होटल व्यवसायी संघकी अध्यक्ष भन्छिन्, 'खै त्यो पुलले घुर्मीको व्यापार सुकाउने भएकाले पनि बन्न नदिइएको भन्ने पनि सुनिन्छ।'

फेरि काटिनु र पुल निर्माणमा ढिलाइप्रति सम्बन्धित निकायले चासो नदेखाउनुले विकासविरुद्धको मिलेमतोको आरोप प्रमाणित हुने प्रशस्त आधार प्रस्तुत गर्छ। बैना लिइसकेको निर्माण कम्पनीले ४ वर्ष बितिसक्दा पनि काम सुरु नगर्दा कुनै हर्जाना नतिराउनु र माओवादी द्वन्द्व समाधानको दिशातिर गएपछि सडक विभागले नयाँ निहुँ खडा गर्नुले उनीहरूको नियत सफा नभएको पुष्टि हुन्छ।

सुरुका तीन वर्ष माओवादीका कारण निर्माण हुन नसकेको भनिएको पुलको एक वर्षदेखि पुरानो डिजाइन नै गलत भएको निष्कर्ष निकालेर ढिलाइ गरिएको छ। चार वर्ष नाघिसक्दा पनि किन निर्माण थालिएन भनी प्रश्न गर्दा सडक विभाग, लहानका प्रमुख हरिभक्त श्रेष्ठले टालटुले जवाफ दिएका छन्। 'डिजाइन परिवर्तन गर्नुपरेकाले ढिला भएको हो', उनले भने, 'हतार गरेर बनाउनुभन्दा राम्रो डिजाइन पर्खेर ढिलै गर्नु राम्रो भनेर हामी अल्मलिएका हौं।' पहिला ६६ मिटरको डिजाइन भएकोमा अब निर्माणस्थल केही परिवर्तन गरी ८५ मिटर लामो पुल बनाउन लागेको श्रेष्ठले बताएका छन्।

सुनकोशीसम्म यसै वर्ष पिच सक्ने लक्ष्यअनुरुप काम भइरहेको भए पनि ओखलढुंगासँग सीधा सडक सम्पर्क पुलको अभावले अझै केही वर्ष धकेलिने भएको छ। 'चाँडो चाँडो काम गर्न सके दुई, नत्र तीन वर्षमा पुल बन्छ', डिभिजनल इन्जिनियर श्रेष्ठले भने।

मिचैंया-कटारी-जौबारी-सुनकोशी सडक कालोपत्रेको योजना सुरु हुनुअघि आह्वान भएको पुल निर्माण सुनकोशीसम्म सडक पक्की भइसक्दा पनि सुरु नहुने भएको छ। गत वर्षदेखि कालोपत्रेको काम सुरु भएकोमा मिचैंया-कटारी खण्ड पक्की भइसकेको छ भने कटारी-जौबारीको अधिकांश कालोपत्र गरिसकिएको छ। 'जौबारी-सुनकोशी खण्डको काम भने ढिलाइ भइरहेको छ', इन्जिनियर श्रेष्ठले बताएका छन्।

पुल निर्माणमा ढिला गरेको निर्माण कम्पनी वाइवा कन्स्ट्रक्सन नै पिचमा पनि सुस्त देखिएको छ। वाइवाको भागमा परेको २२ मध्ये १२ किलोमिटरभन्दा बढी सडकमा नाली बनाउने र ग्राभेल गर्ने काम समेत सकिएको छैन। सुनकोशी-ओखलढुंगा खण्डको कालोपत्रे पुल निर्माणपछि मात्र सम्भव भएकोले अनिश्चित छ।

जे भए पनि कटारी-ओखलढुंगा ८८ किमिमध्ये ५० किमिभन्दा बढी सडक कालोपत्रे भएकाले कटारी-घुर्मी चल्ने बसको संख्या थपिँदै गएका छन्। अहिले कटारीबाट सुनकोशीसम्म ३२ वटा बस र १ सय २९ वटा ट्रक गुडिरहेका छन्।

ओखलढुंगा जिल्लामा पनि तल्लो हर्कपुरदेखि सदरमुकामसम्म ४२ किमि बाटो संचालनमा आएको २ वर्ष नाघेको छ। केही किलोमिटर बाटो बन्नेबित्तिकै फेरीबाट सुनकोशी नदी तारेर बस, ट्रक ५ वर्षदेखि नै गुड्न थालेका थिए।

फेरी काटिएदेखि एउटा ट्रक-बस सुनकोशी तारेको कम्तीमा ३५ हजार लाग्ने भए पनि हिउँदपिच्छे गाडीको संख्या बढिरहेको छ। ड्रम कसेर ठूलो आकारको डुंगा बनाई बस तार्ने गरिएको छ। त्यसरी नदी तार्ने क्रममा दुई वर्षमा १-१ वटा ट्रक र बस सुनकोशीमा डुबेको व्यवसायीहरू बताउँछन्।

यति विधि जोखिम सामना गरेर पनि ओखलढुंगापट्टि १६ वटा बस र ५० ट्रक संचालनमा छन्। असार, साउन भदौ तीन महिना गाडी थन्किने र नट, बोल्टु बिग्रे पनि सामान र मिस्त्री दुवै लिन लहान पुग्नुपर्ने भएकाले व्यवसाय जोखिम र यात्रा खतरापूर्ण बनेको छ। ■

## मिचैंया-ओखलढुंगा ११५ किमि

- ■ मिचैंया-कटारी, २७ किमि, वाइपी कन्स्ट्रक्सन, कालोपत्रे भइसकेको
- ■ कटारी-जौबारी, २४ किमि, तुँदी कन्स्ट्रक्सन, अधिकांश कालोपत्रे गरिसकेको
- ■ जौबारी-सुनकोशी, २२ किमि, वाइवा कन्स्ट्रक्सन, अधिकांश काम बाँकी
- ■ सुनकोशी नदीमा पुल, निर्माण सुरु नै नभएको
- ■ सुनकोशी-ओखलढुंगा, ४२ किमि

**प्रजातन्त्रको सजीवताको लागि विधिसम्मत कानुनी राज अर्थात् संविधानीकरण प्रजातन्त्र अनिवार्य तत्त्व रहेको हुन्छ ।**



# अन्तरिम संविधान र संविधानसभा

■ कुसुम श्रेष्ठ

**अन्तरिम संविधानको** मस्यौदा कुन गर्भमा लुकेको छ, यस जानकारीको हकबाट हामी वञ्चित छौं । बेला बखत महत्त्वपूर्ण व्यक्तिहरूबाट अन्तिम चरणको छलफल भइरहेको कुरा र छिट्टै सार्वजनिक हुने कुरा आश्वस्त गराइएको छ । यदि छलफल भइरहेको छ भने कुन पद्दतीमा भइरहेको छ, त्यसको पनि जानकारीबाट हामी वञ्चित छौं ।

हुनत हाम्रो देश मा २००७ सालको ऐतिहासिक परिवर्तनमा अन्तरिम संविधानको अनुभव हामीसँग नभएको होइन । उक्त अन्तरिम संविधान भारतबाट निर्मित भई निर्वाचित संविधानसभाद्वारा संविधान निर्माण र निरगमण नहुन्जेल लागू भएको थियो । त्यो अन्तरिम संविधान अनेकन् राजनीतिक उथलपुथलसँग सातआठ वर्षसम्म कायम रह्यो । संविधानसभा निर्वाचित हुन सकेन, तथापि तत्कालीन राजनीतिक शक्तिहरूको सहमतिमा संविधानवादयुक्त प्रजातान्त्रिक संविधान २०१५ सालमा निर्मित भई लागू भएको थियो, तर यसले स्थायित्व प्राप्त गर्न सकेन । अवर्णनीय षड्यन्त्रको चक्रव्युहमा हठात् त्यस संविधानको हत्या गरियो ।

तीन दशक निर्देशित संविधानपछि जनसम्मतिअनुरुप संविधानवादयुक्त प्रजातान्त्रिक संविधान २०४७ मा पुनःनिर्मित र निरगमित भए । तर हाम्रो देशको बाह्य प्रभाव, देशमा छाएको आतंक, सन्त्रस्त वातावरण, बाध्यात्मक स्थिति, अएकता, द्वन्द्व, विग्रह, असष्णुहिता, विश्वासको संकट र विशेषतः नयाँ परिवर्तनका सन्देशवाहक, कर्ता र नेताहरूको प्रतिबद्धता र ससर्त प्रतिफल कारण हामी पुनः अन्तरिम संविधान र संविधानसभाको प्रयोगमा लागिरहेका छौं । परिणामस्वरुप २०४७ सालको संविधानले पनि लिखित संविधानको स्थायित्व स्वरुपबाट निमेष हुन गइरहेको छ । आज आधा शताब्दीभन्दा बढी समयावधिपछि पुनः हामी अन्तरिम संविधान र संविधानसभाको प्रयोगात्मक कालखण्डमा फर्किरहेका छौं ।

संविधानको संरचना गर्दा ऐतिहासिक पृष्ठभूमिलाई चाहेर पनि पन्छाउन सकिँदो रहेनछ । वस्तुतः संविधान जीवित दस्तावेज हो, न कि स्वप्निल वा काल्पनिक । जीवन्तताले भूतकालीन प्रयोग, अनुभव, शिक्षा, उदाहरण, ज्ञान, कमी कमजोरी, सफलता असफलताको पृष्ठभूमि नियाल्दै वर्तमान वास्तविकता, जनसम्मति एवं समयको भावनालाई आत्मसात गर्दछ । भविष्यको लागि मार्गचित्र कोर्दै स्थायित्व प्रत्याभूत गर्ने प्रजातान्त्रिक संवैधानिक गुणहरू संवरण गरेको हुन्छ । नेपालको सन्दर्भमा संविधान निर्माण गर्दा आधारभूत अविभाज्य तत्त्वहरूलाई परित्याग गर्न सकिँदैन, - ती हुन् राष्ट्रिय एकता, प्रजातन्त्र र प्रजातन्त्रको संवैधानीकरण । बहुधर्म, भाषा, संस्कृति विश्वास एवं जनसमुदायहरूमा समाहित राष्ट्र नेपालको भू-राजनीतिकको बाध्यतामा विकसित हुने हाँक हामीमा रहीआएको छ ।

ठूला दुई अति शक्तिशाली राष्ट्रहरूको बीचमा रहेको कमजोर तर सामरिक महत्त्वको हाम्रो राष्ट्रको विशिष्ट संवेदनशीलता रहेको हुन्छ । स्वर्गीय लिओ रोजले स्ट्राटेजी फर सर्भाइवल-नेपाल्स केस अविष्मरणीय कृति छोड्नु भएको छ । सायद यसबाट प्रभावित भएर एकजना नेपाली विद्वान्ले स्ट्रगल फर सर्भाइवल भन्ने किताब प्रकाशित गर्नुभयो । तर, नेपाल र नेपाली फगत बाँच्नुमा सीमित हुन चाहँदैनन्, अपितु सभ्य राष्ट्रहरूको समुदायमा एक राष्ट्रका रुपमा स्थापित पनि हुन चाहन्छ । ऊ प्रजातन्त्रमा समाहित अर्थात् प्रजातान्त्रिक राष्ट्रकै रुपमा विकसित हुने संकल्प गर्दछ । राज्यको सर्वभौमसत्ता र अन्तिम शक्ति जनतामा अन्तरनिहित होस् र त्यहाँ वैयक्तिक अधिकार र स्वतन्त्रताले सर्वोपरिता पाउन सकून्, त्यस्तो राज्यको चाहना हो हाम्रो । तर, अनियन्त्रित वा आबद्धरहित प्रजातन्त्र हाम्रो चाहना होइन किनकि त्यसमा मानवताविरोधी स्वेच्छाचारी हिटलर जन्मन सक्छ । प्रजातन्त्रको सजीवताको लागि विधिसम्मत कानुनी राज अर्थात् संविधानीकरण प्रजातन्त्र अनिवार्य तत्त्व रहेको हुन्छ ।

वस्तुतः यसअघि उल्लिखित अनिवार्य तत्त्वहरू हाम्रो संविधानमा अन्तरनिहित छ । अब निर्माण हुने संविधान त्यसबाट विचलन भएमा हाम्रो राष्ट्रले अकल्पनीय दुर्दशा भोग्नु पर्ने अवस्था हुन जान्छ ।

यस सन्दर्भमा अमेरिकाको कोलम्बिया विश्वविद्यालयका एसोसियट प्रोफेसर जेनिक रेन्डनको, 'लिभिङ डकुमेन्ट' (द काठमाडौं पोस्ट, जुन १७ २००६) लेख उल्लेखनीय छ । त्यो लेख दक्षिण अफ्रिकाको ऐतिहासिक परिवर्तनको सन्दर्भमा थियो । त्यहाँको नयाँ संविधानले रंगभेद शासनमा निर्मित संविधानबाट अवगुण एवं अमान्य व्यवस्था पन्छाई अत्यन्त उदाहरणीय प्रजातान्त्रिक संविधानको आलेखलाई ग्रहण गरेको थियो । उक्त लेखका केही अंश म उद्धृत गर्न चाहन्छु :

'नयाँ संविधान लेख्ने प्रक्रियामा कानुनमा आधारित शासन व्यवस्थालाई निलम्बित गर्ने लोभबाट दक्षिण अफ्रिकाका जनताले आफूलाई जोगाए र अहिले त्यसको फल पाएका छन् उनीहरूले । अत्याचारी रंगभेदमा आधारित सरकारले सत्ता त्याग्न नचाहे पनि जनताको मागअनुरुप संवैधानिक सुधारको प्रक्रिया सुरु गऱ्यो । तर, सन् १९८३ को संविधानले अन्तर्राष्ट्रिय जगत्ले नै तिस्कार गरेको रंगभेद पद्धतिलाई नै पुनःस्थापित गऱ्यो । त्यसपछि सरकारले कानुनी राज्यको सिद्धान्तको दुरुपयोग गरे पनि, समान अधिकारका पक्षधरहरूका साथै नोवेल शान्ति पुरस्कार विजेता नेल्सन मन्डेला र उनको पार्टी (अफ्रिकन नेसनल कांग्रेस)ले त्यसलाई पूर्णरुपमा अस्वीकार गरेनन् । क्रान्तिकारी प्रतिबद्धता र भावनाका बाबजुद, उनीहरूले सत्तासीन शासन र कानुनको अवधारणामा निहित भावनाबीचको अन्तरबारे उनीहरू सचेत थिए । उनीहरूले एउटा नयाँ संविधान निर्माण गरे, जुन विश्वकै उत्कृष्ट छ, वास्तवमा । 'द एक्ट अफ वन हन्ड्रेड एन्ड अइट' नाम दिइएको उक्त संविधानको शीर्षक त्यति आकर्षक नहोला, तर यसले के देखाउँछ भने त्यो संविधान एउटा शून्यताबाट जन्मेको हैन । बरु त्यो एउटा त्यस्तो संविधानबाट, जसमा कानुनी राज्यको अवधारणाप्रति दक्षिण अफ्रिकाको प्रतिबद्धता निहित थियो र आज त्यहाँको समृद्धि र कानुन व्यवस्था त्यसैको परिमाण हो ।'

हाम्रो २०४७ को संविधान कुनै निर्दयी वा अधिनायकको संविधान थिएन । त्यो जन आन्दोलनको उत्सर्ग एवं जन सम्मति समाहित संविधान हो । एउटै मात्र प्रश्न छ : हामी किन नेल्सन मन्डेलाको अत्यन्त सूक्ष्म मात्रा भए पनि पदचिन्ह अनुसरण नगर्ने ? ■

*(CiSAPR द्वारा मंसिर २१ गते आयोजित कार्यक्रममा वरिष्ठ अधिवक्ता श्रेष्ठबाट प्रस्तुत लिखित भाषण)*

# माओवादी पार्टीमा दुई लाइन संघर्षको प्रश्न

**यी एकता, संघर्ष र रुपान्तरण होइन कि एकता, संघर्ष र विघटनमा परिणत भएका तथ्यहरू हुन् । भिन्न मतमाथि वैचारिक हस्तक्षेप गर्नुभन्दा भौतिक हस्तक्षेप गर्ने र पार्टीभित्रको अन्तरसंघर्षलाई मैत्रीपूर्ण रुपमा होइन, शत्रुतापूर्ण रुपमा गर्ने घटनाहरू सत्तासीन कम्युनिष्ट पार्टीहरू र सत्ताको नजिक पुगेको पार्टीहरूमा देखियो ।**

**■ मणि थापा**

**पार्टी विपरीतहरूको** एकत्व हो । समाजमा जति वर्गहरू हुन्छन् पार्टीमा पनि ती वर्गहरूको प्रतिनिधित्व हुने गर्दछ । वर्गको मात्र होइन, ऐतिहासिक घटना र प्रतिनिधिको पनि पार्टीमा प्रतिनिधित्व हुने गर्दछ । पार्टी निश्चित विचार र वर्गको प्रतिनिधित्व गर्ने संस्था भए पनि ती निश्चित वर्गहरूबाट मात्र पार्टीमा प्रतिनिधित्व हुन्छ र निश्चित वर्गको हुँदैन भन्ने होइन । किनकि भौतिक वर्गभन्दा विचारको प्रश्न मुख्य भएर आउँछ । सर्वहारा वर्गको विचार त्यही वर्गले मात्र आत्मसात गर्न सक्छ भन्ने हुँदैन । एउटा पुँजीपति वर्गको मान्छेले पनि सर्वहारा वर्गको विचारलाई आत्मसात गर्न सक्दछ भने सर्वहारा वर्गले पुँजीपतिको विचारलाई पनि आत्मसात गर्न सक्दछ यसरी हेर्दा पार्टी वर्गको मात्र यान्त्रिक प्रतिनिधित्व नगर्ने भएकोले मुख्यतः विचारकै प्रतिनिधित्व हुने गर्दछ । गाँठी कुरा जुन वर्गको विचार हो त्यही वर्गले त्यसलाई आत्मसात गऱ्यो भने त्यो चिरस्थायी र परिपक्क हुने सम्भावना बढी रहन्छ । विचार र वर्गको बीचको अन्तरविरोधले अवसरवादको जन्म हुने खतरा बढी रहन्छ कुरा त्यति मात्र हो ।

पार्टी विपरीतहरूको एकत्व हो भने पार्टीभित्र भिन्न विचार हुन स्वभाविकै हो समाजमा जति विचारहरू छन्, पार्टीमा पनि तिनै विचारहरूको अस्तित्व हुन अनिवार्य हुन्छ । जब पार्टीमा विविध विचारको अस्तित्व हुन्छ भने अस्तित्वलाई प्रतिनिधित्व गर्ने पात्र पनि हुने गर्दछ । ती पात्रहरूले निश्चित वर्ग, विचार रुचि, चाहना र वर्ग महत्त्वाकांक्षालाई बोकेर आएका हुन्छन् । समाजका विभिन्न प्रवृत्तिहरूको एकत्व ऐतिहासिक आवश्यकताबाट पैदा हुन्छ । जब उनीहरूको ऐतिहासिक आवश्यकतामा सापेक्ष समानता देखा पर्छ त्यति बेला तिनीहरू एकताबद्ध हुन्छन्, तर एकताबद्ध सापेक्षिक हुन्छन् । तर सापेक्षिकको विपरीत निरपेक्ष उनीहरूको बीचमा बेमेल, भिन्नता र संघर्ष नै प्रधान हुने गर्दछ । जब हामी सापेक्षिक एकताबद्ध हुन्छौं निश्चित उद्देश्य पूरा गर्न सापेक्षिक अनुशासन, नियम, कानुन, कार्यक्रम र नेता निर्माण गर्दछौं । निरपेक्ष रुपमा हाम्रा विपरीत नै हुने गर्दछन् । त्यसलाई निश्चित रणनीति, कार्यनीति र नेताबाट सापेक्ष एकता गरिन्छ । एकता सापेक्ष र संघर्ष निरपेक्ष भन्नुको अर्थ पनि यही हो ।

सापेक्ष एकता भनेको द्वन्द्ववादी हुने हो भने निरपेक्ष एकताको माग गर्नु अधिभूतवादी हुनु हो । स्वभावैले मान्छेले द्वन्द्ववाद लागू गरिरहेको हुन्छ, तर परिस्थितिले मान्छेलाई अधिभूतवादीको माग गरिरहेको हुन्छ । लागू गर्ने द्वन्द्ववाद, चाहना गर्ने अधिभूतवाद । यो मान्छेको मानोवृत्ति हो । जो जीवन व्यवहारमा देखिने गर्दछ । मान्छेलाई अधिभूतवादी हुन सजिलो छ, तर द्वन्द्ववादी हुन धेरै गाह्रो छ । अझ आफ्नै जीवन व्यवहारमा तार्किक रुपले अभिव्यक्त गर्न झन् गाह्रो छ । जब मान्छेहरू साधारण किसान हुन्छ, शिक्षक हुन्छ उसले द्वन्द्ववाद लागू गर्छ, तर मान्छे विशिष्टता हासिल गर्दै जान्छ तब उसलाई द्वन्द्ववादी हुन गाह्रो हुँदै जान्छ, अझ मान्छेहरू महत्त्वाकांक्षी, पदलोलुप, व्यक्तिवादी र स्वार्थी हुन्छ । उसले नाम द्वन्द्ववादको लिन्छ, व्यवहारमा अधिभूतवाद प्रयोग गर्दै जान्छ । जब जीवन व्यवहारमा उसको अधिभूतवाद असफल हुँदै जान्छ, तब ऊ नोकरशाही र सत्ताको प्रयोग गर्न थाल्दछ । त्यसलाई ऊ द्वन्द्ववादको सबैभन्दा राम्रो प्रयोग ठान्दछ । त्यसलाई प्रमाणित गर्न ऊ अझ सर्वसत्तावादी बन्दछ । जब सत्ता प्रयोग नै समस्या समाधानको विधि र विचारको रुपमा आउँछ, त्यहाँ एकता, संघर्ष र रुपान्तरणको प्रश्नमा एकता त हुन्छ, तर जब संघर्ष र रुपान्तरणको प्रश्न अगाडि आउँछ, त्यो रुपान्तरणमा सत्ता नै अवरोधको रुपमा देखा पर्दछ ।

रुपान्तरण सत्ता प्रयोगबाट कहिल्यै पनि हुँदैन । सत्ता भनेको बल प्रयोग पनि हो । बल प्रयोगले रुपान्तरण हुँदैन । सत्तासीन वर्गले त रुपान्तरणको लागि कार्य गरेका अनुभूति गर्न सक्छ, तर जो रुपान्तर हुने हो, उसका लागि त्यो प्रतिशोध हुन सक्छ । रुपान्तरण एउटाको मात्र होइन, दुवैको हुनु पर्दछ । अतः रुपान्तरणलाई जोड गर्दा एकता संघर्षको विधिमा पनि ध्यान पुऱ्याउन जरुरी छ । एकता गर्दा अराजनीतिक गर्ने, संघर्ष र रुपान्तरणको माग गर्ने यो हुन सक्दैन, जस्तो चुनवाङ बैठक । संघर्ष गर्दा सत्ताको प्रयोग गर्ने रुपान्तरणको माग गर्ने यो पनि हुन सक्दैन, जस्तो लाभाङ बैठक । रुपान्तरणको माग गर्दा एकताको माग गर्नु पर्दछ । एकताको माग गर्दा संघर्ष गर्न दिनु पर्दछ र संघर्षबाट मात्र रुपान्तरण खोजिनु पर्दछ । संघर्ष गर्न निषेध गर्ने (विचार राख्न नदिने) एकताको माग गर्ने भनेको एकता गर्न नचाहनु हो । अझ रुपान्तरण र एकताको जोडदार माग गर्ने संघर्षलाई निषेध गर्ने प्रवृत्तिले एकता पनि हुन सक्दैन र रुपान्तर पनि हुन सक्दैन । माओवादीभित्रको अन्तरसंघर्षको चक्र यसरी नै चलिरहेको छ । त्यहाँ जति एकता, संघर्ष र रुपान्तरणको कुरा भइरहेको छ, न त त्यहाँ एकता छ, न विधिसम्मत संघर्ष र न रुपान्तरण नै छ । विधिसम्मत एकता छैन भने विधिसम्मत संघर्ष र रुपान्तरण पनि छैन । छ भने अधिभूतवादी एकता छ । छ भने अवसरवादी एकता छ । छ भने उपयोगितावादी एकता छ ।

जब दुई लाइन संघर्षलाई नै निषेध गरिन्छ भने अझ अन्तरसंघर्षमा सत्ताको प्रयोग हुन्छ भने कि त पार्टी फुट्छ कि विघटन हुन्छ कि त ख्रुस्चेव र लिनप्याओ जन्मन्छ । कम्युनिष्ट इतिहासमा यही भइरहेको छ । कम्युनिष्ट सत्ताको विघटनमा दुई लाइन संघर्षको प्रश्न नै मुख्य भएर आइरहेको छ । स्टालिनको रूसमा त्यही भयो, क. प्रचण्डको माओवादी पार्टीमा पनि त्यही इतिहास दोहोरियो । स्टालिनले भिन्न मतलाई सत्ताको प्रयोग गरी बहुमत सिसिएमहरूको हत्यासम्म गरे । स्टालिनको गति पनि त्यही भयो । ख्रुस्चेव सत्तामा आउँदा स्टालिनलाई हत्यारा भन्दै उनको मूल्य र मान्यताप्रति धावा बोलियो । माओ आफू सत्तामा छँदा देङ स्याओ पिङलाई जेल हाले, तर माओको मृत्युपछि देङहरू पुनः सत्तामा आए र माओका मूल्य मान्यताहरूमाथि धावा बोलियो र माओका अनुयायी ग्याङ अफ फोरलाई जेल हालियो । क. प्रचण्डको पार्टीमा बाबुराम भट्टराई लगायतका अल्पमतलाई गिरफ्तार गर्ने योजना बनाइयो र घेरामा राखियो । केन्द्रीय समितिका सदस्य क. अनवरतलाई वारेन्ट जारी गरियो । रवीन्द्र र अनुकूललाई गद्दार घोषित गरी वर्ग संघर्षको विधि प्रयोग गर्न देशव्यापी अभियान चलाइयो ।

यी दुई लाइन संघर्षमा सत्ताको प्रयोग भएका तथ्यहरू हुन् । तर असफल र अराजनीतिक तथ्यहरू हुन् । यी एकता, संघर्ष र रुपान्तरण होइन कि एकता, संघर्ष र विघटनमा परिणत भएका तथ्यहरू हुन् । भिन्न मतमाथि वैचारिक हस्तक्षेप गर्नुभन्दा भौतिक हस्तक्षेप गर्ने र पार्टीभित्रको अन्तरसंघर्षलाई मैत्रीपूर्ण रुपमा होइन, शत्रुतापूर्ण रुपमा गर्ने घटनाहरू सत्तासीन कम्युनिष्ट पार्टीहरू र सत्ताको नजिक पुगेको पार्टीहरूमा देखियो । माओवादी पार्टीमा यी घटनाहरूको जबरजस्त पुनरावृत्ति भयो । त्यसपछि हामी सोच्न बाध्य भएका हौं । वर्गसंघर्षको स्थिति हेर्दा सम्भावनाका क्षितिज खुलेको देखिने पार्टीभित्र विकास भएको एकमनावाद, नव सामन्तवाद र व्यक्तिवाद देख्दा इतिहास दोहोरिएको देखिने । सर्वसत्तावाद र व्यक्तिवादले सामन्तवाद र साम्राज्यवादको रुप धारण गरेर आएको देखिने । क. प्रचण्डको विरोध गर्नु कम्युनिष्ट घोषणापत्र जलाएको रुपमा बुझ्ने । अन्तरसंघर्षको कुरा गऱ्यो वर्ग संघर्षलाई निषेध गरेको सम्झने । आधार इलाकाको आलोचना गऱ्यो, रोल्पाली जनताको अवमूल्यन सम्झने । फौजीवादको विरोध गऱ्यो, जनमुक्ति सेनाको वीरताको अवमूल्यन सम्झने । सोच्ने र सम्झने मात्र होइन, मानौं सोच्नु पनि अपराधको रुपमा बुझ्ने स्थितिको विकास भयो । भिन्न मत राख्ने, दुई लाइन संघर्ष संचालन गर्ने,

बहुमत र अल्पमतका आधारमा वैचारिक संघर्ष संचालन गर्ने, वैचारिक संघर्षको आधारमा पार्टीलाई रुपान्तरण गर्ने, भिन्न मतको सम्मान गर्ने यो त धेरै टाढाको विषय भयो । आज पनि हामी देखिरहेका छौं हिजो अल्पमतका मान्छेहरूका नाममा जसरी खेद्ने काम भयो, आज पनि रवीन्द्र र अनुकूलबाट तरंगित मान्छेहरू भन्दै डन्डा लगाउने काम जारी छ ।

हाम्रो मुख्य चासो कसले के गऱ्यो भन्ने होइन । प्रचण्ड र बाबुरामले हामीलाई गद्दार भने भन्ने होइन, तर हाम्रो कामना छ प्रचण्ड र बाबुरामलाई इतिहासले गद्दार नभनोस् । हाम्रो चासो अन्तरसंघर्षको प्रश्नमा किन एउटै प्रवृत्तिका घटनाहरू दोहोरिए ? लाखौं जनताको बलिदानबाट बनेको कम्युनिष्ट आन्दोलन एक दुई नेताको सनकमा कसरी प्रतिक्रान्ति भए ? एउटा नेताको सनकमा पार्टीमा समान त्याग गरेर आएका नेताहरू जेल हाल्ने, हत्या गर्ने आम कार्यकर्ताले प्रश्न गर्न नसक्ने स्थिति कम्युनिष्ट आन्दोलनमा कसरी देखा पऱ्यो ? यसबाट कम्युनिष्ट आन्दोलनलाई कसरी बचाएर लान सकिन्छ, त्यो हाम्रो चासोको विषय हो । अतः दुई लाइन संघर्षको प्रश्नमा आम कार्यकर्ताको सहभागिता र यान्त्रिक रुपले पार्टीभित्र मात्र विचार राख्ने बाध्यताबाट कम्युनिष्ट आन्दोलनलाई मुक्त गर्दै सर्वहारा सांस्कृतिक क्रान्तिको विकसित अवधारणालाई पार्टी जीवनको दैनिकी बनाइनु पर्छ भन्ने हाम्रो मान्यता हो । पार्टी विपरीतहरूको एकत्व भन्ने तर विपरीतलाई निषेध गर्ने एकत्व अभ्यास गर्ने, एकता सापेक्ष र संघर्ष निरपेक्ष भन्ने तर संघर्ष सापेक्ष एकता निरपेक्षको अभ्यास गर्ने । एकता, संघर्ष र रुपान्तरण होइन । एकता, संघर्ष निषेध र आत्मसमर्पण गराउने प्रवृत्ति जसरी माओवादी आन्दोलनमा हावी छ त्यो चिन्तनलाई पराजित गर्न जरुरी छ ।

**हाम्रो चासो अन्तरसंघर्षको प्रश्नमा किन एउटै प्रवृत्तिका घटनाहरू दोहोरिए ? लाखौं जनताको बलिदानबाट बनेको कम्युनिष्ट आन्दोलन एक दुई नेताको सनकमा कसरी प्रतिक्रान्ति भए ? एउटा नेताको सनकमा पार्टीमा समान त्याग गरेर आएका नेताहरू जेल हाल्ने, हत्या गर्ने आम कार्यकर्ताले प्रश्न गर्न नसक्ने स्थिति कम्युनिष्ट आन्दोलनमा कसरी देखा पऱ्यो ? यसबाट कम्युनिष्ट आन्दोलनलाई कसरी बचाएर लान सकिन्छ, त्यो हाम्रो चासोको विषय हो ।**

व्यवहारतः तपाईं एकता गर्न खोज्नुहुन्छ, उसले संघर्षबाट विमुख गराउँछ । तपाईं संघर्ष गर्न चाहनुहुन्छ, तपाईंलाई रुपान्तरण होइन, निषेध गरिन्छ भने अनिवार्य रुपमा तपाईं निषेध हुन चाहनु हुन्न । भित्रैबाट संघर्ष गर्दा तपाईं निषेध हुनुहुन्छ । जसरी प्रचण्डमा बाबुराम निषेध भए । यदि तपाईं त्यस्तो चाहनुहुन्न र त्यो द्वन्द्ववाद विरोधी हो भन्ने लाग्छ भने अनिवार्य रुपले भित्र र बाहिरबाट लड्ने विधिको विकास गरिनु पर्दछ, दुई मोर्चाबाट लड्ने अवधारणाको विकास गर्नु पर्छ । माओले चिनियाँ क्रान्तिको क्रममा विकास गरेको जनदिशा मासलाइनको नीति र त्यसको उत्कर्षता महान् सर्वहारा सांस्कृतिक क्रान्ति जुन जनतामा चलाइएको थियो, जो जनसमुदायको जनवाद थियो । त्यो जनसमुदायको जनवादलाई क्रान्तिकारीहरूले पार्टी, सेना र सत्तामा सुरुदेखि नै संस्थागत गरिनु पर्दछ भन्ने हाम्रो मान्यता रहिआएको छ । आज हामी देखिरहेका छौं, हतियार बुझाउने र जनयुद्धलाई अन्त गर्दै शान्तिपूर्ण राजनीतिमा अवतरण गराउने जस्तो गम्भीर राजनीतिक मुद्दामा माओवादी नेतृत्वले बृहत् जनवादको प्रयोग गरेन । उसले एकमनावाद नै प्रयोग गरिरहेको छ । जुन हामीले उठाउँदै आएको कुरा नै पुष्टि भएको छ । यही एकमनावाद कम्युनिष्ट आन्दोलनको प्रतिक्रान्तिको आधार भएको छ । जसको विरुद्ध वैचारिक संघर्ष गर्दै दुई लाइन संघर्षको विधिलाई विकास गरिनु आवश्यक छ भन्ने हाम्रो मान्यता रहिआएको छ । यदि माओवादी नेतृत्वले अन्तरसंघर्ष र दुई लाइन संघर्षको प्रश्नमा जनदिशा लागू गर्न सकेन भने उसको पतन अवश्यम्भावी छ ।

nile_lamp@yahoo.com









# हिंसाको त्रासदी

**कसैको लहलहैमा लागेर आफ्नै दाजुभाईलाई मार्ने युगान्डाका विद्रोहीहरू अहिले पश्चातापको आँशु बगाइरहेका छन् । तर ति आँशुका थोपालाई अहिले कसैले पनि ध्यान दिँदैनन् ।**

■ **मनीष गौतम / अरुवा, युगान्डा** (तस्विर पनि)

**द्वन्द्वग्रस्त समाजको** दयनीय अवस्थाको ऐना बनेको छ पूर्वी अफ्रिकी मुलुक युगान्डा । दशकौंदेखि राजनीतिक अस्थिरता तथा सशस्त्र द्वन्द्वको मार खेप्दै आएको यो मुलुकको उत्तरी भाग अहिले पनि हिंसाग्रस्त छ । यसै हिंसाको मारमा यहाँका बासिन्दा रोग, भोक र अभावबाट गुज्रिएका छन् ।

भौगोलिक रुपमा यहाँको अवस्था नेपालसँग मिल्दोजुल्दो छ । नेपालको भन्दा झन्डै दोब्बर भूभाग ओगटेको युगान्डाको जनसंख्या झन्डै ३ करोड छ । भूपरिवेष्ठित यो मुलुकको सिमाना कंगो, सुडान, रुवान्डा र तान्जानियासँग जोडिएको छ । प्राकृतिक तथा जलस्रोतमा धनी यो मुलुकको भविष्य यहाँ चल्दै आएको विद्रोह तथा छिमेकी मुलुक सुडान र रुवान्डामा जारी द्वन्द्वले अनिश्चित पारिदिएको छ । बाहिरी मुलुकका लागि युगान्डाको परिचय बन्ने गरेको छ, इदि अमिनको आठवर्षे शासन । अमिनको आठवर्षे शासनकाल (१९७१-७९)मा झन्डै ३० लाख युगान्डेली नागरिकको हत्या भएको अनुमान छ । युगान्डामा इदि अमिनको



अवसानपछि राजनीतिक स्थिरतामा सामान्य सुधार त आएको छ । इदि अमिनको शासनकालपछि पनि विभिन्न समयमा विभिन्न समूहले सञ्चालन गरेका विद्रोहका कारण यहाँको जनजीवन अस्तव्यस्त बनेको छ । यीमध्येको एक हो युएनआरएफ (युगान्डा नेसनल रेस्क्यु फ्रन्ट)ले सञ्चालन गरेको विद्रोह यो विद्रोह अहिले शान्ति सम्झौतामा टुंगिएको छ । तर यो विद्रोहले छाडेका हिंसाग्रस्त छापहरू अझै मेटिन सकेका छैनन् ।

उत्तरी युगान्डाको योम्बे जिल्लाका ४३ वर्षीय मुगैनी सादिक युनआरएफको लडाकु दस्तामा सामेल थिए । 'मुक्ति र स्वतन्त्रताको नाममा हामीले आफ्नै दाजुभाइको हत्या गर्‍यौं', सादिक भन्छन्, 'त्यसमा हामीलाई पछुतो छ, जुन हामीले गर्न नहुने काम थियो । तर हामी बन्दुक बोक्न बाध्य किन भयौं भने राज्यले हामीलाई सधैं उपेक्षा गर्‍यो ।'

सादिकझैं यस उत्तरी भेगका सयौं विद्रोही जो युनआरएफसँग आबद्ध थिए, उनीहरू अहिले पश्चात्तापमा बाँचिरहेका छन् । एकातिर निर्दोष नागरिकको हत्या तथा अपहरणले उनीहरूलाई



सताएको छ भने अर्कोतिर उनीहरूका विद्रोही नेताले सरकारसँग सम्झौता गरे पनि त्यसबाट आफूहरू लाभान्वित हुन नसकेको पीडा छ । 'शान्ति सम्झौता भए पनि हामी चयनको जिन्दगी बाँच्न सकेका छैनौं', युएनआरएफका पूर्व विद्रोही अदनान भन्छन्, 'हाम्रा विद्रोही नेता सम्झौता गरेर राजधानीमा सुविधा भोगेर बसेका छन्, तर यहाँ हामी तिरस्कृत जीवन बाँच्नु परेको छ ।'

युएनअरफका २ हजारभन्दा बढी लडाकुहरूले हतियार बुझाएर युगान्डाका राष्ट्रपति मुसोभेनीको सरकारसँग सम्झौता गरेका थिए । सरकार र विद्रोही नेताबीच लडाकुहरूलाई 'प्याकेज' सुविधा दिने सम्झौता भए पनि अधिकांश विद्रोही त्यसबाट वञ्चित छन् । 'हतियार बिसाउँदा पनि हामीले सरकारले प्रतिबद्धता गरेको सुविधा पाउन सकेनौं', कुनै समय युगान्डाको राष्ट्रिय सेनामा रहिसकेका विद्रोही लडाकु कसिम भन्छन्, 'हतियार बिसाएर शान्ति चाहेका हामी अहिले पनि आफ्नो समुदायमा राम्ररी घुलमेल हुन सकेका छैनौं । अझै पनि हामीलाई समाजले हत्याराको संज्ञा दिने गरेको छ ।'

युनआरएफका प्रमुख विद्रोही नेता अलि बोम्जे अहिले राजधानी कम्पाला बस्दै आएका छन् । उनलाई सरकारले राष्ट्रिय सेनाको मेजर जनरलको पद दिएको छ । 'हामीले नेता अलि बोम्जेलाई पटक पटक भेटी हाम्रो अवस्थाबारे सोच्न आग्रह गर्‍यौं', अर्का विद्रोही नेता इनोका मोहम्मद भन्छन्, 'तर उनले हाम्रो मागबारे चासो दिँदैनन्, बरु उल्टै उनी हामीलाई जंगल छिर अनि सरकारसँग मोलतोल गरे ठूलो भाग पाउँछौ भन्छन् ।'

बालबालिकाको अपहरण, आफ्नै दाजुभाइको हत्या गरेका कारण यी पूर्व विद्रोहीहरू अपशोच मान्छन् । 'यिनै हातले कतिको हत्या गर्‍यौं भने कतिका हातखुट्टा, नाक र कान पनि काट्यौं', एक विद्रोही भन्छन्, 'यस कार्यप्रति हामीलाई अहिले ग्लानि छ ।' शान्ति सम्झौता भएलगत्तै सबै समस्याको समाधान नहुने प्रमाणको रुपमा उत्तरी युगान्डामा भएको यो विद्रोह प्रमाणका रुपमा देखिएको छ । 'विद्रोहको बेला यहाँ धेरै महिलाहरू बलात्कारको सिकार भए, बालबालिका अपहरण भई उनीहरूलाई जबरजस्ती हतियार बोकाइयो', युम्बै जिल्ला अध्यक्ष रसिद इयिगा भन्छन्, 'यो भेगमा युद्ध समाप्ति भएपछि पनि कतिपय विद्रोहीहरू अझै गाउँ फर्कने आँट गरेका छैनन् ।'

युगान्डामा चलेको सशस्त्र विद्रोहबाट निम्तिएको सामाजिक तथा मानसिक समस्याको यो एउटा ज्वलन्त उदाहरण हो । तर यो मुलुक करिब दुई दशकदेखि लर्ड रेसिस्टेन्ट आर्मी (एलआरए)को विद्रोहबाट आक्रान्त बनेको छ । आफूलाई 'स्पिरिच्युअल लिडर' बताउने यो विद्रोह जोसेफ केनीको नेतृत्वमा रहेको अफ्रिकी क्षेत्रकै सबैभन्दा लामो सशस्त्र द्वन्द्व मानिन्छ ।

मानवअधिकार उल्लंघन, यातना, महिला बलात्कार, बाल सैन्यको प्रयोग गरेका कारण केनी लगायत अन्य पाँचजना विद्रोही नेतालाई अन्तर्राष्ट्रिय फौजदारी अदालतले गत वर्ष थुनुवा पुर्जी समेत जारी गरेको थियो । दक्षिणी सुडानमा अधार इलाका बनाई उत्तरी युगान्डामा आतंक मचाएको यस 'एलआरए' विद्रोहका विरुद्ध यहाँको सरकारले 'अप्रेसन आइरन फर्स्ट' सैन्य कारबाही सञ्चालन गरेको थियो । यस विद्रोहका कारण युगान्डामा अहिलेसम्म झन्डै १५ हजारको ज्यान गइसकेको छ । संयुक्त राष्ट्रसंघद्वारा गरिएको एक अध्ययनले 'एलआरए' विद्रोह सुरु भएपछि २५ हजार बालबालिका अपहृत भएको देखाएको छ । अझै पनि द्वन्द्वप्रभावित ग्रामीण क्षेत्रका यहाँका बालबालिकाहरू रातको समयमा हुने अपहरणबाट बच्न हरेक रात घर छोडी सहरी इलाकामा जाने गर्छन्, जसलाई यहाँ 'नाइट कम्युटर्स' पनि भनिन्छ ।

'सशस्त्र विद्रोहबाट विशेष गरी महिला तथा बालबालिका प्रभावित हुने गरेका छन्, जसबाट उनीहरू मानसिक स्वास्थ्य समस्याबाट पीडित हुने गरेका छन्', इन्टरनेसनल मेडिकल कर्प्सकी मानसिक स्वास्थ्य सल्लाहाकार डा. लिन जोन्स भन्छिन्, 'तर दुर्भाग्य के छ भने युद्धपछिको अवस्थामा उनीहरूले पाउनु पर्ने मानसिक स्वास्थ्य सेवाबाट वञ्चित छन् ।'

युगान्डाको द्वन्द्वले निम्त्याएको यहाँको आर्थिक, सामाजिक तहसनहसबाट नेपालले पनि पाठ सिक्नु पर्ने धेरै कुरा छन् । युगान्डाको एउटा कुनामा भएको विद्रोहको प्रभाव यति गहिरो छ भने नेपालको हरेक क्षेत्र र बासिन्दामा प्रभाव पार्न सफल माओवादी विद्रोहका कारण झन्डै १५ हजार नेपालीको अकाल मृत्यु भएको छ । घाइते भएकाहरूको यकिन तथ्यांक कसैले पनि राख्ने प्रयास गरेको छैन ।

युगान्डाझैं नेपालमा पनि माओवादी पक्षले बालबालिकालाई कम्ब्याट, मिलिसिया र बारुद ओसार्ने तथा हतियार बोक्ने काममा प्रयोग गर्ने गरेका तथ्यहरू सार्वजनिक भएका छन् । 'युद्धका कारण बालबालिकाको अवस्था झनै कहालीलाग्दो हुन्छ', हेल्थ नेट/ट्रान्सकल्चरल साइकोसोसल अर्गनाइजेसनका कार्यकारी निर्देशक विलियम भ्यानडर भन्छन्, 'शारीरिक र मानसिक स्थिति कलिलो हुने भएकाले सानोभन्दा सानो हिंसाले पनि उनीहरूलाई गहिरो मानसिक आघात पुग्छ ।'

युद्धले अपांगपन निम्त्याउने गर्छ, जसको आँकलन युद्ध भएको समयमा गर्न गाह्रो हुन्छ । 'शान्ति स्थापना भएको अवस्थामा पनि युद्ध सिर्जित शारीरिक अपांगपन तथा सामाजिक समस्याले दशकौंसम्म पछ्याइरहन्छ', विलियम भन्छन्, 'युद्धको त्रासदीबाट निम्तिएको यो अपांगपन पुस्तौंसम्म ऋणको भारी बोकाउनु हो ।'

जुनसुकै मुलुकमा पनि सशस्त्र विद्रोहमा एकातिर ज्यान जाने गरेको छ भने अर्कोतिर युद्धमा बाँचेकाहरू अपांगपन वा मानसिक स्वास्थ्य समस्याबाट गुज्रनु परेको छ । 'युद्धबाट सिर्जित अपांगपन परिवार, समाज तथा राष्ट्रका लागि आर्थिक तथा सामाजिक भार थोपर्छ', लिन जोन्स भन्छिन्, 'युद्धमा घाइते हुनु, त्यसपछि उपचारमा जानु र त्यसबाट पनि शारीरिक अशक्तता हुनुले पहिलो असर परिवारलाई पर्छ अनि यसको संख्या बढ्दै जाँदा यसको भार समाज र राष्ट्रले व्यहोर्नु पर्छ । 'सशस्त्र द्वन्द्वबाट गुज्रिएको नेपाल जस्ता गरिब मुलुकमा युद्धको मार खपी नसक्नु हुन्छ, जसले शारीरिक अपांगपन तथा मानसिक तनाव बढाएको छ । त्यसैले युद्ध पीडितहरूका लागि पुनःस्थापना केन्द्रमा विशेषज्ञहरूले जोड दिएका छन् । ■


समय

प्रहरी प्रधान कार्यालयले भने माओवादी सशस्त्र युद्धका बेला खटाएको ठाउँमा नगएका, निर्धारित स्टेसनमा हाजिर नभएका करिब दस हजारभन्दा बढीलाई अवकाश दिइसकेको जानकारी दिन्छ ।

# 'भगुवा'हरू आन्दोलनमा

**माओवादी विद्रोह** जारी रहेको अवस्थामा विभागीय कारबाहीमा परेर जागिर खोसिएका प्रहरी, सशस्त्र प्रहरी र सेनाका जवानहरू अहिले जागिरको माग गर्दै आन्दोलनमा उत्रने संकेत देखिएका छन् । प्रहरीबाट जागिर खोसिएकाहरूको अगुवाइमा भएको आन्दोलनमा सशस्त्र र सेनाबाट अवकाश पाएकाहरू पनि सामेल भएको आन्दोलन समितिका सदस्य सुनिल भण्डारी बताउँछन् । उनीहरू मानवअधिकार दिवसको दिनदेखि संयुक्त राष्ट्रसंघीय उच्चायोगको कार्यालयमा आमरण अनशन पनि दिएका छन् ।

भण्डारी माओवादी दबाबका कारण जागिरबाट छोड्नु परेकाले पुनःस्थापना हुनुपर्ने दाबी गर्छन् । अधिकारीले भने घरपरिवारमा आक्रमण गर्ने धम्की जस्ता कारणले जागिर छोड्नुपरेको हो, त्यो हाम्रो बाध्यता हो । अधिकारीका अनुसार अहिलेसम्म पाँच सयजना संगठित भइसकेका छन् । उनले प्रहरी र सशस्त्रका गरेर १२ हजार र सेनाका करिब ३ हजार गरेर कुल १५ हजारभन्दा बढी सुरक्षाकर्मी माओवादीको धम्कीका कारण जागिर छोड्न बाध्य बनेको जानकारी दिए ।

प्रहरी प्रधान कार्यालयले भने माओवादी सशस्त्र युद्धका बेला खटाएको ठाउँमा नगएका, निर्धारित स्टेसनमा हाजिर नभएका करिब दस हजारभन्दा बढीलाई अवकाश दिइसकेको जानकारी दिन्छ । प्रहरी प्रवक्ता किरण गौतमा भन्छन्, 'कानुनी आधारमा पुनर्वहालीको कुनै सम्भावना छैन ।'

गृहमन्त्री कृष्णप्रसाद सिटौलाले गत असारमा २१ कार्यालयको निर्णय अटेर गरी युनिफाइड कमान्डमा नगएका र माओवादी प्रभावित क्षेत्रमा सरुवा भएपछि त्यस्ता क्षेत्रमा जानुको सट्टा विभिन्न बहाना देखाएर 'फरार' भएका ५३ जना सईहरूको पुनर्वहाली गरेपछि त्यसैलाई आधार बनाएर पुनर्वहालीको माग हुन थालेको देखिन्छ ।

सईसम्मको बर्खास्ती प्रहरी महानिरीक्षकले गर्न सक्ने र त्यसरी बर्खास्त भएकाहरूले गृहमन्त्रीसमक्ष पुनरावेदन गर्न सक्ने कानुनी आधारहरू छन् । माओवादी सशस्त्र द्वन्द्व सुरु भएपछि प्रहरी कार्यालयबाट बर्खास्तीमा परेर मन्त्रालयमा पुनरावेदनका लागि आवेदन दिने करिब १ हजार ५ सय प्रहरीमध्ये अधिकांशका बारेमा सिटौलाअघिका गृहमन्त्री पूर्णबहादुर खड्का, कमल थापा, दानबहादुर शाहीले विभागीय कारबाहीलाई स्वीकृत गरिदिएका थिए, तर बाँकी रहेका करिब १ सय ५० मध्ये असार २१ मा ५३ जना सईको कारबाही फुकुवा गरेर सिटौलाले विभागीय कारबाही प्रतिकूल काम गरेका थिए । मन्त्री सिटौलाले गरेको यस्तो निर्णयलाई 'राजनीतिक' भन्ने आरोप लागेको छ । प्रहरी प्रधान कार्यालयले मन्त्रालयको दबाबपूर्ण निर्णय कार्यान्वयन गर्ने काम मात्र गरेको छ ।

रमाइलो पक्ष के छ भने मन्त्रीबाट जागिर थामिएका ५३ सईमध्ये पाँचजना त हाजिर हुन पनि आएनन् । प्रधान कार्यालयका एक अधिकारीका अनुसार ती हाजिर हुन नआउनेहरूलाई दुई साताअघि मात्र फेरि जागिरबाट बर्खास्त गरिएको सूचना जारी गरिएको छ । ५३ जनामध्ये पाँचजना भगौडा नभएर चोरी, भ्रष्टाचार, ठगी जस्ता आरोपमा विभागले बर्खास्त गरेकाहरू पनि भएको एक अधिकारीले जानकारी दिए ।

नाम उल्लेख गर्न नचाहने एक वरिष्ठ प्रहरी अधिकारी भन्छन्, 'भगौडा भनेर प्रधान कार्यालयले कारबाही गरेकाहरू पुनःस्थापित भएर आउनु संगठनका लागि दुर्भाग्यपूर्ण निर्णय थियो ।' सईभन्दा माथिल्लो तहका प्रहरी कर्मचारीको हकमा भने मन्त्रिपरिषद्ले मात्र पुनरावेदन सुन्ने प्रावधान छ । त्यस्ता केही अधिकारीको बारेमा वर्षौंदेखि निर्णय भएको छैन ।

उता असईसम्मका प्रहरी जसको बर्खास्ती अतिरिक्त प्रहरी महानिरीक्षकले गर्न सक्छ भने बर्खास्त भएकाहरूको अन्तिम उजुरी सुन्ने र निर्णय दिने काम प्रहरी महानिरीक्षकको हुन्छ । बर्खास्त गर्नेभन्दा माथिल्लो तहको अधिकारीले पुनरावेदन सुन्ने र निर्णय गर्न सक्ने प्रावधान छ । असईसम्मका करिब ८ हजार बर्खास्त गरिएका प्रहरीको उजुरीका बारेमा भने प्रधान कार्यालयले अन्तिम निर्णय गरिसकेको एक अधिकारी बताउँछन् । उनी भन्छन्, 'माथ्लो तहका हाकिमहरूले तल्लो निकायबाट भएको सिफारिस सदर गर्ने गरेका छन् ।' अधिकारीहरूका अनुसार आठ हजारमध्ये बढीमा २५ जनाको मात्र पुनरावेदन कार्यान्वयन भएर जागिर थामिएको छ ।

प्रहरी प्रधान कार्यालयका अधिकारीहरू अहिले सडक दबाबका आधारमा जागिर खान खोज्ने अभियानका नेताहरू माओवादीका नाममा नभएर अन्य आरोपमा जागिरबाट हटाइएका पनि सामेल भएको बताउँछन् । एक अधिकारी भन्छन्, 'चोरीको अभियोगमा जागिरबाट बर्खास्त गरिएको मानिस सडकमा माओवादीका कारण जागिर खोसिएको प्रचार गर्दै हिँडेका छन् ।'

गृहमन्त्रालय प्रहरी विभाग हेर्ने सहसचिव विश्वप्रकाश पण्डित सडक आन्दोलनबाट जागिर पुनर्वहालीको माग गर्न नमिल्ने बताउँछन् ।

माओवादीका त्रासले ड्युटीमा नगएका, कर्तव्य निर्वाह नगरेका, भगौडाहरूमाथि प्रहरी कार्यालयले गरेको निर्णय सदर गर्नुको साटो 'राजनीतिक फैसला' गर्ने गृहमन्त्री सिटौलाको चार महिनाअघिको निर्णय अहिले पेचिलो मुद्दा बनेको छ ।

■ **विश्वमणि पोखरेल/काठमाडौं**

मानवअधिकारको अनुगमन गर्न स्थापना भएको संयुक्त राष्ट्रसंघीय मानवअधिकार उच्चायुक्तको नेपालस्थित कार्यालयले समेत प्रतिवेदन नपाएको गुनासो गरेको छ ।

# किन भएन सार्वजनिक ?




रवि मानन्धर

**जनआन्दोलन–२ मा** भएको दमनको छानबिन गर्न बनेको रायमाझी आयोगको प्रतिवेदन सार्वजनिक नगरेर सरकारले फेरि पनि २०४६ सालकै मल्लिक आयोगको अवस्थामा पुऱ्याउन खोजेको आरोप विज्ञहरूले लगाएका छन् । जनआन्दोलन दबाउन तत्कालीन मन्त्रिपरिषद्का अध्यक्ष राजासहित सबै सदस्यहरूले पद र शक्तिको चरम दुरुपयोग गरेको निष्कर्षसहितको प्रतिवेदन आयोगले सरकारलाई बुझाएको तीन साता बितिसक्दा पनि कार्यान्वयन त भएन, सार्वजनिक समेत भएको छैन । सरकारले प्रतिवेदन बुझेको एक सातापछि मंसिर ११ गते उपप्रधानमन्त्री केपी ओलीको संयोजकत्वमा पाँचसदस्यीय प्रतिवेदन कार्यान्वयन उच्चस्तरीय समिति बनाएको छ ।

मानवअधिकारको अनुगमन गर्न स्थापना भएको संयुक्त राष्ट्रसंघीय मानवअधिकार उच्चायुक्तको नेपालस्थित कार्यालयले समेत प्रतिवेदन नपाएको गुनासो गरेको छ । उच्चायोगको नेपालस्थित कार्यालयले जनआन्दोलनमा मानवअधिकारको व्यापक उल्लंघन भएको भन्दै यसअघि प्रतिवेदन सार्वजनिक गरेको थियो ।

जनआन्दोलनको बलमा बनेको वर्तमान सरकारले आयोगको प्रतिवेदन कार्यान्वयन गर्ने प्रतिबद्धताका साथ सर्वोच्च अदालतका पूर्व न्यायाधीश कृष्णजंग रायमाझीको अध्यक्षतामा जाँचबुझ तथा छानबिन आयोग बनाएको थियो । दोषीलाई तुरुन्त कारबाही गर्नुपर्नेमा आयोगको प्रतिवेदन सार्वजनिकसमेत नगरेर सरकारले जनताको न्यूनतम सूचनाको अधिकारबाट वञ्चित गरेको आरोप कानुनविद्हरूले लगाएका छन् । काठमाडौं स्कुल अफ लका कार्यकारी निर्देशक अधिवक्ता युवराज संग्रौला भन्छन्, 'सबै जनतासामु सार्वजनिक गर्नुपर्ने प्रतिवेदन लुकाएर सरकारले जनताको न्यूनतम सूचनाको अधिकारको हनन गरेको छ ।' सरकारले देशको विशेष परिस्थितिमा बनाएका यस्ता आयोगका प्रतिवेदनलाई सार्वजनिक गरेर तुरुन्त कार्यान्वयन गर्नुपर्नेमा कार्यान्वयनको लागि छुट्टै समिति बनाएर प्रक्रियागत गल्ती गरेको ठहर कानुनविद्हरूले गरेका छन् । अधिवक्ता संग्रौला भन्छन्, 'राज्यले विशेष परिस्थितिमा बनाएका यस्ता आयोगका सिफारिसहरू महान्यायाधिवक्ताको कार्यालयमार्फत तुरुन्त कार्यान्वयन हुनुपर्छ, तर छुट्टै समिति बनाएर सरकारले कार्यान्वयनको प्रक्रियामै गल्ती गरेको छ ।'

कानुनी राज्यमा सरकारका सबै काम र कारबाही पारदर्शी हुनुपर्छ र त्यसमा सरकार जवाफदेही बन्नु पर्छ, तर आयोगको प्रतिवेदनको कार्यान्वयनमा देखिएको ढिलासुस्तीले अहिलेको लोकतान्त्रिक सरकारले पनि २०४६ सालकै सरकारको प्रवृत्तिको पुनरावृत्ति गर्न खाजेको आरोप विज्ञहरूको छ । कानुनविद् नीलाम्बर आचार्य भन्छन्, 'प्रतिवेदन सार्वजनिक गर्दा हुनसक्ने जनआक्रोश, तोडफोड र असुरक्षाका लागि केही दिन समय लिनुबाहेक प्रतिवेदन सार्वजनिक नगर्नुमा कुनै तुक छैन ।' २०४६ सालको जनआन्दोलनमा भएको मानवीय क्षतिको छानबिन गर्न बनेको मल्लिक आयोगको सिफारिस कार्यान्वयन नभएको कारण त्यस बेला दोषी ठहरिएकाहरू अहिलको रायमाझी आयोगको प्रतिवेदनमा पनि दोहोरिएका छन् ।

उता कानुनका ज्ञाताहरूले सरकारले गठन गरेका छानबिन आयोगका सुझावहरू प्रमाणको रुपमा भन्दा पनि आधारको रुपमा हेरिनु पर्ने तर्क गरेका छन् । भारतका वरिष्ठ अधिवक्ता तथा प्रशासनिक कानुनका ज्ञाता डिडी वसुले भनेका छन्, 'सरकारले विभिन्न परिस्थितिमा बनाएका छानबिन आयोगहरूले तथ्य पत्ता लगाउने मात्र हो, तर त्यसलाई नै प्रमाण मान्न मिल्दैन ।'

आयोगले प्रतिवेदनमा उल्लेख गरेको कतिपय तथ्य संकलन र कारबाहीको सन्दर्भमा विवादास्पद देखिएका छन् । यसको पुष्टि आयोगका सदस्यहरूबीच देखिएको विवाद र प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालासमक्ष बुझाइएको प्रतिवेदनमा असहमति जनाउँदै आयोगकै सदस्य रामकुमार श्रेष्ठले दिएको पत्रले गरेको छ । प्रतिवेदनप्रति आयोगका सदस्य तथा नेपाल चिकित्सक संघका महासचिव किरण श्रेष्ठले समेत असहमति जनाएका थिए । आयोगका सदस्यहरूबीचमा देखिएको विवादले आयोगको प्रतिवेदनका सुझावहरू निष्पक्ष हुन नसक्ने आधार मिले पनि त्यसलाई सरकारका सम्बन्धित निकायहरूले थप अनुसन्धान गर्न सक्ने तर्क कानुनविद्हरूको छ । आचार्य भन्छन्, 'आयोगले गरेको सिफारिसलाई हुबहु कार्यान्वयन गर्नुपर्छ भन्ने हुँदैन, आवश्यक देखेमा सरकारका सम्बन्धित निकायले थप अनुसन्धान गरेर कारबाही गर्न सक्छन् ।' आयोगका प्रतिवेदन सीधै कार्यान्वयन भने हुँदैनन् । सिफारिसका आधारमा सरकारका सम्बन्धित निकायले मुद्दा चलाएर कारबाही गर्छ । यसकारण आयोगको सिफारिसमा दोषी देखिए पनि सरकारले गरेको थप अनुसन्धानमा निर्दोष देखिएमा सजायको भागिदार हुँदैनन् । यसअगाडि भैरवप्रसाद लम्सालको संयोजकत्वमा गठित सम्पत्ति छानबिन आयोगको सिफारिसमा भएको प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाको मुद्दामा वरिष्ठ अधिवक्ता गणेशराज शर्माले आयोगको प्रतिवेदनलाई प्रमाण मान्न नमिल्दे तर्क अदालतमा गरेका थिए । तसर्थ रायमाझी आयोगको प्रतिवेदन कार्यान्वयनको सिलसिलामा पनि सरकार चनाखो हुनुपर्ने देखिन्छ । आयोगले दिएको सिफारिसमा कतिपयलाई पदको दुरुपयोग गरेर भ्रष्टाचार गरेको आरोप लगाएको छ । यस्तो प्रकृतिका अभियोगहरूमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले थप अनुसन्धान गरेर कारबाही सिफारिस गर्ने अधिकार हुन्छ ।

आयोगले छानबिनका क्रममा तीन सय आरोपित व्यक्तिहरूसँग बयान लिएको थियो । प्रतिवेदनमा तत्कालीन मन्त्रिपरिषद्का अध्यक्ष राजा ज्ञानेन्द्रसहित सबै सदस्यहरूले पदको दुरुपयोग गरेर मानवअधिकार उल्लंघन गरेको र भ्रष्टाचार गरेको निष्कर्षसहितको प्रतिवेदन सरकारलाई बुझाएको छ । कार्यान्वयनका लागि आवश्यक कानुन बनाएर कारबाही गर्न समेत आयोगले सरकारलाई सुझाव दिएको छ । १ हजार १ सय ८४ पृष्ठ लामो प्रतिवेदनलाई तथ्य, बयान र सुझाव गरेर तीन खण्डमा बाँडिएको छ । जनआन्दोलनमा भएको गतिविधि तथ्यमा समावेश गरिएको छ ।

■ **गोविन्द परियार/काठमाडौं**



बारम्बार मृत्यु प्रकरणहरू विवादास्पद र शंकास्पद भइरहँदा प्रश्न उब्जिएको छ, कतै डाक्टरहरू विरामीहरूको गरिबीको फाइदा उठाएर सत्य ढाकछोप मात्रै होइन, लापरबाही दोहोऱ्याइरहेका त छैनन् ?

# लापरबाही ?

**स्याङजाको वास्थरका** एघारमहिने बालक विवेक थापाको गोडा आगोले पालेको थियो। त्यसकै ओखतीमूलो गर्न पोखराको सरकारी अस्पतालमा उनलाई लिएर आएकी आमा वमकुमारीले आफूसँगै विवेकलाई लिएर घर फर्कन पाइनन्। कार्तिक २२ गते आफ्नो विरामी छोरा अस्पतालको शरणमा सुम्पेकी उनलाई अस्पतालले मंसिर २२ गते स्वस्थ छोरा होइन, छोराको मृत्यु प्रमाण थमाइदिएको छ।

महिना दिनदेखि अस्पतालमा भर्ना गराई उपचार गराइरहेको छोराको अप्रेसन गरेपछि घाउ चट्टै होला भन्ने विश्वास राखेकी ती आमाले अप्रेसनबाट बेहोस अवस्थामै बाहिर निकालिएको छोराको होस खुलेको क्षण मुस्किलले मात्रै देखिन्। होस खुलेको केही बेरमै विवेक सदाका लागि बेहोस बनिसकेका थिए।

गोडाको र त्यो पनि सामान्य अप्रेसन गरेको विरामी बालकको त्यसरी मृत्य भएपछि आफन्तहरू दुःखीमात्रै होइन, आश्चर्यचकित पनि भए र कारण सोधे अस्पतालसँग। तर रिपोर्ट दिएनन् स्वास्थ्यकर्मीहरूले। सामान्य अप्रेसनपछि बालक मर्नुको कारण चिकित्सककै लापरबाहीले भएको ठहर गरेर आक्रोशित बनेका आफन्तहरूले चार दिनसम्म पनि लास नउठाएपछि डाक्टरहरूले पनि इमरजेन्सी बाहेकको सेवा ठप्प पारेर आन्दोलनको घोषणा गरे। त्यसपछि बाध्य भएर लास उठाएका आफन्तहरूको मनको घाउ भने निको भएन।

विवेकको मृत्यु प्रकरणमा डाक्टरहरूले गरेको आन्दोलनको घोषणासँगै प्रशासनको दबाबका कारण आफन्तहरूको आवाज त बन्द भएको छ, तर क्षेत्रीय अस्पतालमाथि धेरै प्रश्न उब्जिएका छन्। किनभने विवेकको मृत्युमाथि उब्जिएको प्रश्नको जवाफ प्रामाणिक ढंगले सार्वजनिक नभएको मात्रै होइन, कारणको उत्तर खोज्ने सबै सम्भावना समेत उनको लाससँगै जलेर सखाप भएका छन्। मृत्युको कारण पत्ता लगाउन गर्नुपर्ने पोस्टमार्टम र भिसेरा परीक्षण गर्ने ल्याकत विपन्न वमकुमारी थापासँग थिएन। बारम्बार मृत्यु प्रकरणहरू विवादास्पद र शंकास्पद रुपमा भइरहँदा प्रश्न उब्जिएको छ, कतै डाक्टरहरू विरामीहरूको गरिबीको फाइदा उठाएर सत्य ढाकछोप मात्रै होइन, लापरबाही दोहोऱ्याइरहेका त छैनन्? विवेक मृत्यु प्रकरणले मात्रै अस्पतालमाथि प्रश्नहरू उमारेको होइन। विरामीको मृत्यु यसरी संशयुक्त बनेको घटना यो वर्ष मात्रै तीनवटा भएका छन्, पश्चिमाञ्चल क्षेत्रीय अस्पताल पोखरामा।

निमुखा र निर्धाहरूले उपचारको आस भरोसा गर्ने ठाउँ हुन्, सरकारी अस्पतालहरू। त्यस्ता अस्पतालहरूको विश्वसनीयतामाथि खोट लाग्न थाल्यो भने उनीहरूको जाने ठाउँ कहीँ रहन्न। विवेक थापाको मृत्युको कारण पत्ता नलाग्ने एउटै कारण बन्यो उनको परिवारको विपन्नता। आफन्तहरूले भनेझैं डाक्टरको लापरवाही भएको थियो वा थिएन भन्ने पत्ता लगाउन उनीहरूले आफैंले अनुसन्धान खर्च व्यहोर्नुपर्ने बाध्यता भइदिँदा एउटा सत्य सार्वजनिक हुन पाएन। यसअघि पश्चिमाञ्चल क्षेत्रीय अस्पतालमा भएका विरामीहरूको मृत्युसम्बन्धी विवादहरूका पनि प्रामाणिक जवाफ बाहिर आउन नसक्नुको कारण आफन्तहरूको विपन्नता नै थियो।

विवेक मृत्य प्रकरणअघि पश्चिमाञ्चल क्षेत्रीय अस्पतालमा भएको विरामीको मृत्युमा भने सिदासादाले समेत बुझ्ने गरी अस्पतालकै लापरवाही भएको थियो। तैपनि न दोषीलाई दण्ड दिइयो न त पीडितलाई क्षतिपूर्ति। स्याङजा जिल्लाकै सेखाम गाविस-४ की मञ्जु थापाले जन्माएको ज्यूँदो शिशुलाई मृत घोषित गरेर अस्पतालले आफ्नो लापरवाहीको नमुना नै देखाएको थियो गएको भदौमा। तैपनि अस्पतालले बच्चा मरेर पनि फेरि ब्यूँतिएको जस्तो अति अन्धविश्वासीले पनि पत्याउन नसक्ने जवाफ दिएर जिम्मेवारीबाट पन्छिएको थियो। सात महिना गर्भमा राखेर जन्म दिएको शिशुलाई मृत भनेर स्वास्थ्यकर्मीहरूले खाटमुनि फालिदिएका थिए, तर पछि आफन्तहरूले जीवित भेटेका थिए।

त्यसअघि पनि कास्कीको कृस्ती नाच्नेचौर गाविसका बाह्रवर्षे बालक सूर्य विकको मृत्यु पनि उत्तिकै विवादमा रह्यो। निरीह अभिभावकले सत्य पहिल्याउने बाटो खोज्न सकेनन्। वमकुमारी थापाका एघारमहिने छोरा विवेकलाई आमाको दूधले सर्को परेर ज्यान गएको हुनसक्ने अस्पतालले बताएको छ। तीनवटै मृत्युका विवादमा अस्पतालले आफ्नो गल्ती नभएको त बतायो। धेरै डाक्टरहरू निजी क्लिनिक तथा अस्पतालहरूमा काम गर्ने भएकाले पनि सरकारी अस्पतालको विश्वसनीयता गिराउन नियोजित ढंगले नै लापरवाही भएको विचार राख्छन्, उपभोक्ता कुमार श्रेष्ठ। उनको विचार पुष्टि गर्ने आधार पश्चिमाञ्चल क्षेत्रीय अस्पतालका सबैजसो वरिष्ठ डाक्टरहरू निजी अस्पताल तथा क्लिनिकहरूमा काम गर्नु हो। मेडिकल सुपरिटेन्डेन्ट नै पनि निजी अस्पतालमा आबद्ध छन्, क्षेत्रीय अस्पतालका।

त्यसो त डाक्टरहरू साह्रै धपेडीमा काम गर्नुपरेका सुनाउँछन्। आफू जस्तो विशेषज्ञ अर्को नहुँदा स्वयं विरामी पर्दा समेत बिदा लिन नपाएको डा भूपि तुलाचनले सुनाए। मेडिकल एसोसियसन पोखराका उपाध्यक्ष डा. प्रदीप घिमिरे कुनै पनि विरामीलाई बचाउने बाहेक कुनै ध्याउन्न डाक्टरसँग नहुने बताउँछन्। चाहिने जति जनशक्ति अभाव हुँदा धेरै बोझ उठाउनुपरेको उनीहरूको दुखेसो पनि छ। दुई दर्जन जति दरबन्दी खाली छन् भने कतिपय डाक्टर दरबन्दी ओगटेर अन्तै काजमा खटिएका छन् र काज सकिएर पनि पाँचजना अझै फर्केका छैनन्। तर आफूहरूको काममाथि नै अविश्वासको प्रश्न खडा भएपछि लापरवाहीको आरोप लागिसकेपछि पनि डाक्टरहरूले आफ्नै खर्चमा भए पनि सत्य पत्ता लगाउने प्रयास नगर्नुको कारण उल्लेख गरेका छैनन्।

■ **केशवशरण लामिछाने/पोखरा** (तस्विर पनि)

# खाना र रोगको सम्बन्ध

**रुघाखोकी र खानाको हाम्रो समाजमा ठूलो सम्बन्ध छ । निश्चित रुपमा रुघाखोकी गराउने भाइरस चिसोमा राम्रोसँग वृद्धि हुन्छ, चिसोको समयमा भाइरसले आक्रमण गर्ने सम्भावना बढी हुन्छ । त्यस्तै, चिसो पानी वा आइसक्रिमले यो समस्या बढाउन सक्ला । तर, पकाएर खाइने साग, माछा इत्यादिलाई तातो वा चिसो भनेर वर्गीकरण गर्नुको कुनै वैज्ञानिक आधार छैन ।**

■ डा. खगेन्द्र दाहाल

**भर्खरै मात्र** पित्तथैलीको अप्रेसन गरेका गरेका एकजना विरामीले डाक्टरलाई सोध्यो, 'डाक्टरसाब, के के खान हुन्छ ?' डाक्टरले जे खाए पनि हुने बताएपछि विरामीले फेरि प्रश्न गरे, 'अनि डाक्टरसाब, मासको दाल, भन्टा, आलु चिल्लो पिरो बार्नु पर्ला नि ?' 'पर्दैन, बार्ने नै भए केही दिन चिल्लो कम गर्नुस्', डाक्टरले स्पष्ट पारे ।

आँखा पहेँलो भएको दुई हप्ता भएको अर्को विरामी डाक्टरले रक्सी र चिल्लो बाहेक मन लागेको कुरा जे पनि खाने सल्लाह दिएपछि तीनछक परे, एकछिन त आत्तिए पनि । 'अचम्मै छ, बेसार, मलसा, नुन सबै खाने त ?' 'ढुक्क भएर खानुस्, रक्सीको चाहिँ छेउ नै नपर्नुहोला, कुनै औषधी खान परेमा डाक्टरलाई सोधेर मात्र खानुहोला, अनि तारेको, भुटेको र एकदमै चिल्लो कुरा नखानुहोला । अरू जे मिठो लाग्छ, खानुस् ।' डाक्टरलाई खुसी पार्न हुन्छ भने पनि घर गएर सबैथोक बारेर एकदम सादा र वाक्क लागुन्जेल फलफूलको रस खाँदै चार सातासम्म बसे ती विरामी आफैं विरामी भएर वा अरूलाई लिएर अस्पताल जाँदा भोगी राखेको द्वन्द्व हो यो । नेपाली समाजमा रहेको खानाप्रतिको गलत आमधारणा र डाक्टरले विरामीलाई समय दिएर कुरा नबुझाएदिनाले यो द्वन्द्व तुरुन्तै हट्ने वाला छैन ।

पहिलो विरामीले सोध्न खोजेको ती खानाले घाउ पाक्छ कि भनेर हो । अप्रेसन गरेपछि घाउ पाक्ने कुरामा विरामीको सामान्य स्वास्थ्य कस्तो छ, अप्रेसन गर्दा अपनाएको सुरक्षा र त्यसपछि गरिने घाउको हेरचाहमा भर पर्छ । घाउमा कुनै प्रकारको किटाणुले आक्रमण गरेमा र विरामीको रोगप्रतिरक्षा प्रणाली कमजोर भएमा घाउ पाक्ने हो । बरु प्रोटिन टन्न हुने अन्डा, मासको दाल इत्यादिले त घाउ चाँडो निको पार्न मद्दत गर्छ ।

आमरुपमा जण्डिस भनिने रोग र खानाको सम्बन्धको बारेमा अत्यन्तै गलत धारणा रहेको छ । मूलतः दुई किसिमको हुने जन्डिसमध्ये एक प्रकारको जन्डिस सामान्य वा जटिल खालका अप्रेसनबाट मात्र ठिक हुन्छ । तर, फलफूलको रस र वैद्यको औषधी वा अन्य जडिबुटीका जरा खाएर ठिक हुने जन्डिस मुख्यतः हेपाटाइटिस भाइरसले गर्दा लाग्छ । भाइरल हेपाटाइटिस कलेजोलाई असर गर्ने रक्सी, विभिन्न प्रकारका औषधी तथा धेरै चिल्लो भएको खाना खाएपछि मिल्दैन । यस बाहेकका जुनसुकै खाना खाए पनि त्यसको सम्बन्ध यो रोगसँग हुँदैन । अझ बेसारको त जन्डिससँग गोरु बेचेको साइनो पनि छैन ।

ज्वरो आउँदा भात खान नहुने भन्ने धारणा आमरुपमा विद्यमान छ । यस्तो धारणा टाइफाइडको ज्वरोसँग सम्बन्धित भएर सुरु भएको हुनुपर्छ । टाइफाइड ज्वरोले सानो आन्द्रामा घाउ बनाउने भएकाले नरम जाउलो इत्यादि खानुपर्छ, कडा चिज खानुहुन्न भन्ने धारणाले यस्तो गरिएको हुनुपर्छ । तर, हामीले दैनिक रुपमा खाने दाल-भात-तरकारीले टाइफाइड लगायत अन्य ज्वरोमा कुनै सम्बन्ध राख्दैन । न त्यसले ज्वरो बढाउँछ, न घटाउँछ ।

रुघाखोकी र खानाको हाम्रो समाजमा ठूलो सम्बन्ध छ । निश्चित रुपमा रुघाखोकी गराउने भाइरस चिसोमा राम्रोसँग वृद्धि हुन्छ, चिसोको समयमा भाइरसले आक्रमण गर्ने सम्भावना बढी हुन्छ । त्यस्तै चिसो पानी वा आइसक्रिमले यो समस्या बढाउन सक्ला तर, पकाएर खाइने साग, माछा इत्यादिलाई तातो वा चिसो भनेर वर्गीकरण गर्नुको कुनै वैज्ञानिक आधार छैन । त्यसरी पकाएर खाइने खानाले रुघाखोकी बढाउने कुनै सम्भावना हुँदैन ।

निश्चित रुपमा कुनै खानाप्रति कुनै एक व्यक्तिलाई एलर्जी हुने र त्यसले दम गराउने चाहिँ हुनसक्छ । तर, यसको हेक्का विरामी आफैंले राख्नुपर्छ र त्यस्ता खानाबाट बच्नु नै राम्रो हुन्छ ।

तर, यसो भन्दैमा खानाप्रतिका सबै धारणा गलत छ भन्न मिल्दैन । ग्यास्टिक भएको विरामीले पिरो, मसलादार खाना नखानु पूर्णरूपमा वैज्ञानिक छ । त्यसैगरी ग्यास्टिकको विरामीले चुरोट खाने, रक्सी पिउने, चियाकफी धेरै खाने र डाक्टरको सल्लाहविना दुखाइ कम गर्ने पेनकिलर खानेचाहिँ भुक्किएर पनि गर्नु हुँदैन ।

त्यस्तै मधुमेह (डायविटजी वा चिनी) रोगमा गुलियो खाने कुरामा पनि केही गलत धारणा रहेका छन् । चिनीका रोग भएको विरामीले क्यालोरी पुग्ने गरी खाना हिसाब गरेर खानुपर्छ । खानामा फलफूल, सागपातको मात्रा बढी खानुपर्छ । खानामा राम्रो हो तर, भात वा अन्य गुलियो पूर्ण रुपमा खान नहुने कुरा तर्कयुक्त छैन । चिनीरोगका विरामीले चिकित्सकसँग राम्रो सल्लाह लिएर खानाको सूची मागेर त्यहीअनुसारको खाना खानुपर्छ । त्यसले रगतमा चिनीको मात्रा नियन्त्रण गर्न सहयोग पुऱ्याउँछ र मधुमेहका रोगीलाई हुने विभिन्न समस्याबाट बच्न सहयोग गर्छ ।

निश्चित रुपमा रोगसँग खानाको सम्बन्ध हुन्छ, तर यो तर्कसंगत र विज्ञानमा आधारित हुनुपर्छ न कि कसैको सोचाइ वा धारणामा । जस्तै, युरिक एसिड बढेर जोर्नीको बाथ भएको विरामीले रातो मासु, रक्सी केही गरे पनि खान हुँदैन । मृगौला पूर्णरुपमा बिग्रिएको विरामीले धेरै प्रोटिन भएका खाना, मासु र फलफूल खाँदा एकदमै विचार पुऱ्याउनु पर्छ । त्यस्तै यस्ता मृगौला रोगीले पानीसमेत जथाभावी खान मिल्दैन । कोलेस्टेरोल बढी भएका मुटुका मोटा विरामीले चिल्लो एकदमै कम खानुपर्छ । जथाभावी चुरोट र रक्सी सेवन गर्नु मुटुका विरामीलाई अत्यन्तै हानिकारक हुन्छ । त्यसैले त्यस्तो गर्न तुरुन्त छोड्नुपर्छ ।

खानाको सम्बन्धमा आफ्ना रोगको उपचार गरिराखेको चिकित्सकसँग बुझ्नु एकदमै राम्रो हुन्छ । घरपरिवार वा आफन्तले दिएकोभन्दा चिकित्सकको सल्लाह अध्ययनमा आधारित भएकाले चिकित्सकको सल्लाहअनुसार राम्ररी परामर्श लिएर गर्नुपर्छ । यदि कुनै खाना खाँदा साँच्चिकै कुनै समस्या भएजस्तो लागेमा फेरि आफ्नो समस्याबारे सल्लाह लिनु एकदमै बुद्धिमानीपूर्ण हुन्छ । ■



# भताभुंग सपना

**माओवादीले कर्णालीलाई केन्द्रीकृत अन्यायको प्रतीकका रुपमा प्रचार गर्दै आफ्नो सरकार बनेपछि त्यहाँको विकासमा नयाँ आयाम ल्याउने दाबी गरेका छन्, तर त्यो दाबीमा विश्वास गर्ने आधार कम भएको स्थानीय नेताहरू बताउँछन् ।**

■ ज्योति देवकोटा/काठमाडौं

**कर्णाली क्षेत्र** माओवादीका लागि दुहुनो गाईझैं छ । त्यहाँको अथाह जडिबुटीमा लगाइएको अनियन्त्रित करबाट उनीहरूलाई राम्रै आम्दानी भइरहेको छ भने सोझा र ठगिएका युवाहरू यसका क्याडरका रुपमा आपूर्ति भइरहेका छन् । त्यससँगै कर्णाली माओवादीको आफ्नो लोकप्रियताका लागि बेचिने सपना भएको छ ।

कर्णालीमाथि राज्यद्वारा भएको अन्याय र अविकासलाई 'राजनीतिक फाइदा'का रुपमा उपयोग गरेको माओवादीले आफ्नो पार्टी सरकारमा जानासाथ कर्णालीको विकासका लागि नयाँ आयाम ल्याउने दाबी गर्दै आएको पनि छ ।

तर, माओवादीले विगतमा कर्णालीप्रति गरेको व्यवहार नियाल्ने हो भने उनीहरूको आश्वासन र प्रतिबद्धता लागू होला भन्नेमा धेरैले शंका गरेका छन् । हुम्लाका पूर्व जिविस सभापति तथा नेपाली कांग्रेसका प्रजातान्त्रिकका केन्द्रीय सदस्य जीवन शाही भन्छन्, 'माओवादीले विगतमा आफूले गरेका गल्ती नस्विकार्ने हो र स्थानीयस्तरमा सर्वसाधारणलाई धम्क्याउने शैली परिवर्तन नगर्ने हो भने माओवादीका नारा र आश्वासनले मात्र कर्णालीमा परिवर्तन गर्न सम्भव छैन ।'

नेपालमा सबैभन्दा दुःखजिलो जीवन बिताइरहेका कर्णालीका बासिन्दाले प्रयोग गर्दै आएको भौतिक संरचनामाथि माओवादीको आक्रमणले अहिले कर्णालीको विकास एक दशकपछाडि धकेलिएको छ । कर्णालीले बल्लतल्ल पाएको विकासमाथि माओवादीले गरेको आक्रमणले स्थानीयस्तरमा पनि उनीहरूको विश्वास गुमाएको तर्क स्थानीय राजनीतिज्ञहरूको रहेको छ ।

माओवादीकै कारण अहिले पनि कर्णालीका पाँचवटै जिल्लाको सञ्चार व्यवस्था सहज रुपमा उपलब्ध छैन । माओवादीले काटेका मुगुको भट्टेचौर, सुम्ली, सुनाथ र माटीभिटामा रहेका पुल, कालिकोटको पाद्मघाट, रैजिला र लालिघाटमा रहेका पुल, हुम्लाको खार्पु, नन्ला, ग्याग्रुको पुलको पुनर्निर्माण अझै हुन सकेको छैन । यी पुल काटिएपछि स्थानीय बासिन्दामा दिनहुँ थपिने पीडामा माओवादीको आश्वासनले घाउमा नुनचुकको काम गरिरहेको छ । यी सबै भौतिक संरचनालाई माओवादीले आफू सरकारमा जानासाथ बनाउने वाचा गरेका छन् । 'माओवादीको शैली हेर्ने हो भने उनीहरूले बाँड्दै आएको सपना यति सजिलै पूरा गर्लान् भन्ने विश्वास जनतामा छैन', मुगुका सांसद चन्द्रबहादुर शाहीको भनाइ छ ।

कर्णालीको डोल्पा र जुम्ला सदरमुकामलाई पनि आक्रमणको तारो बनाएपछि माओवादीप्रतिको भरोसा पनि केही गुमेको थियो । यसपछि कर्णालीले वर्षौं लगाएर जिल्लामा बनाइएका भौतिक संरचना मात्र गुमाएन, स्थानीय बासिन्दाले सहज जीवनबाट पनि विमुख हुनु पर्‍यो ।

तर, यी आक्रमणहरू नयाँ कर्णाली बनाउनका लागि गरिएको र माओवादीले अब कर्णालीको विकासमा नयाँ प्रयोग अपनाउने बताउँछन्, माओवादीका केन्द्रीय सदस्य खड्कबहादुर विक (प्रकाण्ड) । उनी भन्छन्, 'नयाँ संरचना बनाउन हामीले केन्द्रीकृत संरचना भत्काउन आवश्यक ठान्यौं । अब कर्णालीको स्वरुप फेर्ने जिम्मा हाम्रो काँधमा आएको छ ।'

पञ्चायतकालका कुरा नगर्ने हो भने पनि २०४६ को प्रजातन्त्रपछि पनि पार्टी नेतृत्व र राज्यले गर्ने सौतेनी व्यवहारका कारण कर्णालीले विकासको


राजेश घिमिरे

मूलधारमा फड्को मार्न सकेन । प्रतिनिधिसभाका सदस्य चन्द्रबहादुर शाही 'जब सरकारले कर्णालीलाई प्राथमिकतामा राख्न थाल्यो, त्यसपछि माओवादी कर्णालीको विकासमा बाधक बन्यो ।'

पछिल्ला वर्षहरूमा मौलाएको माओवादीको राजनीति पनि अन्य दलहरूको भन्दा फरक नरहेको बताउँदै कर्णाली विद्यार्थीहित समितिका संयोजक रामसिंह रावल भन्छन्, 'कर्णालीलाई स्वायत्त प्रदेश घोषणा गरेर त्यहाँका जनताको अधिकारलाई सुनिश्चित गर्ने वाचा गरे पनि माओवादीले त्यसलाई अगाडि बढाउन सकेन । पछि भेरी कर्णाली स्वायत्त प्रदेशको घोषणा गऱ्यो । कार्यान्वयनका यस्ता काममा माओवादीले असफल हुँदै गएका छन् । यसको स्पष्ट संकेत उनीहरूको राजनीतिक भविष्य पनि अन्य दलको जस्तै हुनेछ, भन्ने हो ।'

एमालेबाट कारबाहीमा परेका डोल्पाका सांसद नरबहादुर बुढा भन्छन्, 'माओवादीले सच्याउनु पर्ने धेरै कामहरू छन् ।'

कर्णालीमा राजनीतिक नेतृत्वमाथिको भरोसा निरन्तर टुट्दै गएको छ । यस्ता बेला कर्णालीमाथि भएको अन्याय, केन्द्र र दाताहरूका अगाडि साह्रै बिकाउ मुद्दाका रुपमा अगाडि आएको छ । यही मौकाको फाइदा उठाउन माओवादीले पनि कर्णालीलाई मूल नारामा स्थान दियो । ■



# 'अब नयाँ कर्णाली बन्छ'



खड्कबहादुर विक, (प्रकाण्ड)
माओवादी केन्द्रीय सदस्य

**■ कर्णालीको विकासका लागि विगतमा सरकारले ल्याएका कार्यक्रमहरूलाई माओवादीले अवरोध गऱ्यो जसका कारण कर्णालीको विकास एक दशकपछाडि धकेलियो ...?**

माओवादीले विकास गर्न दिएन भनेर जुन आरोप लागाइयो, त्यो कर्णालीका जनताविरुद्ध गरिएका गैरजिम्मेवार कामहरू ढाकछोप गर्नका लागि मात्र थियो । जनयुद्धले कर्णालीलाई दस वर्षपछि होइन, दस वर्षअगाडि ल्याएको हाम्रो पार्टीको विश्लेषण छ ।

**■ कर्णालीका पाँचै जिल्लाका भौतिक संरचना सबै ध्वस्त छन् । पुल पुलेसा छैनन्, संचारमा पाएको पहुँच जनताले गुमाएका छन् । के विकास यही हो ?**

हामीले विकास संरचना भत्काएका छौं, यो साँचो हो । त्यस बेला हामीलाई भत्काउन बाध्य बनाइयो । हामीले कर्णालीका लागि नयाँ विकासको रेखा कोरेका थियौं, त्यो प्राप्त गर्नका लागि पुराना संरचनाहरू भत्काउनुको विकल्प थिएन । विकासका नयाँ ढोका खोल्नका लागि लडिएको लडाइँ थियो त्यो ।

**■ विगतमा सबै राजनीतिक दलले कर्णालीका सपनामाथि टेकेर राजनीति गरेको आरोप छ । यसले जनतामा निराशा जन्मायो । माओवादीले पनि सुरुदेखि नै क्रान्तिकारी नारा बाँड्यो, अब त्यसलाई कसरी कार्यान्वयन गर्छ ?**

विगतको कुरा गर्दा कर्णालीलाई सबैले धोका दिए भन्नु अस्वभाविक थिएन । विगतमा दल र सरकारले कर्णालीप्रति जस्तो व्यवहार गरे त्यसलाई आश्चर्य मान्नु पर्ने कुनै कारण पनि छैन । राज्यको संरचना र राजनीतिक दललाई बुझ्ने क्रममा कर्णालीका जनताको पनि कमजोरी थियो । कर्णालीप्रति हाम्रो पार्टीको रणनीति भनेको त्यहाँका जनतालाई नै सार्वभौम र अधिकारसम्पन्न बनाउनु हो । कर्णालीमा कर्णालीकै जनताले शासन गर्न पाउने अधिकार स्थापना गर्नु हो । वर्गीय, क्षेत्रीय रुपमा कर्णालीले जुन उत्पीडन भोगिरहेको छ, त्यो अन्त्य गर्नु हाम्रो पार्टीको मूल रणनीति हो ।

**■ विकासका सूचकांक हेर्ने हो भने कर्णाली सबैभन्दा पछि छ । कर्णालीलाई अन्यक्षेत्र सरह बनाउन माओवादीले कस्तो कार्यक्रम ल्याउँछ ?**

कर्णालीलाई कुन कार्यक्रम दिएर कस्तो बनाउनु पर्छ भन्ने सल्लाह कर्णालीकै जनताले दिनु पर्छ । जसले गर्दा कसैमाथि भर पर्नु पर्ने अवस्था नरहोस् । जब हामी सरकारमा जान्छौं त्यतिखेर कर्णालीको विकासका लागि नयाँ भ्रूणको आविष्कार हाम्रो पार्टीले गर्छ । हामी सरकारमा गइसकेपछि कर्णालीका लागि विशेष प्याकेज कार्यक्रमहरू ल्याइनु पर्छ भन्ने आन्तरिक तयारी पनि गरेका छौं । शिक्षा, स्वास्थ्य, जलविद्युत्मा विशेष कार्यक्रमहरू ल्याउँछौं । अब सम्झनुस् नयाँ कर्णाली बन्छ ।

**■ माओवादीले दलित जनजातिका लागि सुरुदेखि नै आवाज उठाइरहेको छ । तपाई आफैं पनि कर्णालीको त्यही समुदायबाट राजनीतिमा आउनु भएको छ । अब कर्णालीका दलितले के अपेक्षा राख्ने ?**

पहिलो कुरो हाम्रो पार्टीले दलितहरूको मुक्तिका लागि कस्तो योजना बनाउँछ भन्ने हो । यो योजना कर्णालीका लागि मात्र नभई समग्र नेपालका दलितहरूका लागि हुनेछ । कर्णालीको सन्दर्भमा त्यहाँका दलितहरू सामाजिक उत्पीडनमा बाँचिरहेको अवस्था छ । यसको जड भनेको एकीकृत राज्यसंरचना हो । यसलाई भत्काएर लोकतान्त्रिक नेपालको राज्यसंरचना बनाउन जरुरी छ । हामी सरकारमा जानासाथ केही कार्यक्रम ल्याउँछौं, ती कार्यक्रमले कर्णालीमात्र नभई सम्पूर्ण क्षेत्रका दलितलाई समेट्नेछन् ।

**■ कर्णालीका जनताले माओवादीमाथि विश्वास गर्ने आधार के ?**

क्षेत्रीय, वर्गीय र जातीय उत्पीडनविरुद्ध हामीले कर्णालीमा चलाएको आन्दोलनमा सबै जनताको सक्रिय सहयोग रह्यो । भेरी कर्णाली स्वायत्त प्रदेशको निर्माण गरे पनि हामीले त्यसको केन्द्र कर्णालीलाई बनायौं । अहिले कर्णालीले सामाजिक क्षेत्रमा नसोचेको फड्को मारेको छ । भोका र नांगाको क्षेत्र भनेर परिचय बाँडिएको कर्णालीमा हाम्रो पार्टीले बहुदलीय समाजवादी व्यस्थाको नमुना बनाएको छ । जनताले चाहेका यी परिवर्तनमा पार्टीले सकारात्मक भूमिका खेलेको छ । ■

## नयाँ बजाज पल्सर



**हंसराज हुलासचन्द** कम्पनी प्रालिले बजाजको नयाँ उत्पादन 'पल्सर युजी ३' मोटरसाइकल नेपाली बजारमा ल्याएको छ। बाहिरी आकर्षणले भरिपूर्ण यो मोटरसाइकल नेपाली उपभोक्ताबीच लोकप्रिय बन्ने विश्वास कम्पनीले लिएको छ।

नयाँ पुस्तालाई ध्यानमा राखी बजारमा ल्याइएको यो मोटरसाइकलको छेउका 'प्यालन'हरूलाई पातला गरी अझ मांसपेशीको आकार दिन खोजिएको छ। हेडलाइटलाई पनि आकर्षक बनाउने प्रयासमा रातमा आँखा टल्किएका चितुवाझैं आकर्षक डिजाइन बनाइएको छ। मोटरसाइकलमा राखिने 'इन्डिकेटर' डिजिटल प्रविधिअनुरुप स्तरीय बाहिरी रुप दिइएको छ।

यस्ता परिवर्तनमा आफैं निभ्ने इन्डिकेटर लाइट, तेलको मात्रा नाप्ने सूचक, आदि राखी ४४ वटा नयाँ परिवर्तनसहित बजाज 'पल्सर युजी ३' बजारमा आइसकेको छ।

## जयाको फ्रेसो बजारमा

**जया कन्फेसनरीले** मिन्ट स्वादको फ्रेसो बजारमा ल्याएको छ। यो ल्वाङ र युक्यालिप्टस गरी दुई स्वादमा रहेको कम्पनीद्वारा जारी विज्ञप्तिमा जनाइएको छ, जुन १ रुपैयाँमा उपलब्ध छ। जया कन्फेसनरीले यसअघि बजारमा ल्याएका टफी, क्यान्डी, बबलगम, वेफर जस्ता उत्पादन उपभोक्ताबीच लोकप्रिय छन्।

## सिद्धार्थ बैंकको हकप्रद सेयर

**सिद्धार्थ बैंक** लिमिटेडले हकप्रद सेयर जारी गर्ने भएको छ। बैंकका अनुसार पाँच कित्ता बराबर एक कित्ता हकप्रद सेयर जारी गरिनेछ। हालै सम्पन्न पाँचौं वार्षिक साधारणसभाले १० करोड रुपैयाँ बराबरको सेयर जारी गर्ने निर्णय गरेको थियो। बैंकको चुक्तापुँजी वृद्धि गर्न सेयर जारी गर्न लागिएको बैंकले जनाएको छ। बैंकले गत वर्ष ११ करोड ७२ लाख रुपैयाँ सञ्चालन मुनाफा आर्जन गरेको थियो। बैंकले त्रिपुरेश्वरमा छैटौं शाखा खोल्ने जानकारी पनि दिएको छ।

## कस्मिकको नयाँ सो रुम

**कस्मिक मोटरसाइकलले** नवलपरासीको बर्दघाटमा नयाँ सो रुम खोलेको छ। नेपालको चर्चित सांगीतिक ब्यान्ड '१९४७-एडी'का कलाकारको सांगीतिक कार्यक्रमसाथ उक्त सो रुम हालै उद्घाटन गरिएको हो। स्थानीय उपभोक्तालाई मोटरसाइकल र स्पेयर पार्टको सहज सेवा उपलब्ध गराउन उक्त सो रुम स्थापना गरिएको कम्पनीद्वारा जारी विज्ञप्तिमा उल्लेख गरिएको छ। कम्पनीले हालै 'सिवाई १२५-२०' को नयाँ मोडल बजारमा ल्याएको छ।

## किस्ताबन्दीमा सोनीका उत्पादन

**सोनीको लागि** नेपालको एकमात्र आधिकारिक वितरक नेपाः हिमा ट्रेड लिंक प्रालिले शून्य प्रतिशत ब्याजको सरल किस्ताबन्दी योजना लागू गरेको छ। यो योजनाबाट उपभोक्ता लाभान्वित हुने विश्वास लिइएको छ। योजनाका कारण विश्वप्रसिद्ध सोनीका ह्यान्डिक्याम, साइबर सट, कलर टेलिभिजन, एलसिडी, म्युजिक सिस्टम र कार अडियो होम थिएटर जस्ता उत्पादन खरिद गर्न उपभोक्तालाई सहज भएको छ।

सुरुमा हिमालयन बैंक र स्ट्यान्डर्ड चार्टर्ड बैंक मात्र वित्तीय पार्टनर रहेकोमा हालको योजनामा गुण बहुउद्देश्यीय सहकारी संस्था, वीरगञ्ज फाइनान्स लिमिटेड, कुमारी बचत तथा ऋण सहकारी संस्था लिमिटेड र सिस्टमेटिक बचत तथा ऋण सहकारी संस्था लिमिटेडले समेत वित्तीय पार्टनरको रुपमा सहयोग पुऱ्याइरहेका छन्। उपभोक्तालाई आफ्नो सुविधानुसारको वित्तीय पार्टनरको सहयोगमा विश्वमै उत्कृष्ट मानिएका सोनीका विद्युतीय सामानहरू खरिद गर्न यसले थप सहयोग पुऱ्याएको छ।









**खेलकुद** दोहा एसियाड

# सफल तेक्वान्दो

■ नवीन अर्याल/दोहा, कतार (तस्विर पनि)



**पन्ध्रौं एसियाडमा** भाग लिन दुई साताअघि दोहा आइपुगेको ५० सदस्यीय नेपाली खेलाडीहरूमा एकपल्ट फेरि तेक्वान्दो खेलले नेपालको प्रतिष्ठा जोगाएको छ। एथ्लेटिक्स, ब्याडमिन्टन, बडी बिल्डिङ, बक्सिङ, जुडो, सुटिङ, सफ्ट टेनिस, भारोत्तोलनजस्ता खेलहरू असफल रहेका बेला तेक्वान्दोले नेपाललाई तीनवटा काँस्य पदक दिलाएको छ। यद्यपि, एसियाडमा नेपाली तेक्वान्दो खेलाडीहरूले पदक जितेको यो पहिलो अवसर भने होइन। नेपाली तेक्वान्दोले एसियाडमा पदक जित्ने बाह्र वर्ष लामो इतिहासलाई निरन्तरता दिएको छ। यो सफलतासँगै एसियाडमा पदकको हिसाबले तेक्वान्दो सबैभन्दा सफल खेल बन्न पुगेको छ। एसियाडमा नेपालले तेक्वान्दोमा जितेको पदकको संख्या चौध पुगेको छ। सन् १९८६ को सिउल एसियाडमा नेपालले तेक्वान्दोमा चार काँस्य पदक जितेको थियो। सन् १९९४ यता हरेक एसियाडमा पदक बोकेर मात्र घर फर्किएको छ, तेक्वान्दो। पछिल्लोपल्ट बुसानमा भएको सन् २००२ को चौधौं एसियाडमा पनि तीनवटा काँस्य पदक जित्दै तेक्वान्दोले नाक जोगाएको थियो, एसियाडमा।

नेपाललाई पन्ध्रौं एसियाडमा एकपल्ट फेरि तेक्वान्दोका सबैभन्दा अनुभवी खेलाडी दीपक विष्टले पदक दिलाए। त्यस्तै पहिलो एसियाड खेलिरहेका महिला तेक्वान्दो खेलाडी मनिता शाही र आयशा शाक्यले काँस्य पदक जिते। मनिता पहिलोपल्ट एसियाडमा सहभागी थिइन्। चौधौं एसियाडको कास्य विजेता रितु जिमि राई तीन वर्षअघि अमेरिका पलायन भएपछि उनको तौल समूहमा स्थान बनाउन सफल मनिताले ६३ केजी तौल समूहमा भारतकी वर्षा वेन्देलाई पहिलो खेलमा र भुटानकी सान्गे वाङ्मोलाई दोस्रो खेलमा हराउँदै काँस्य पदक जित्न सफल भइन्। 'मलाई अहिले पनि पत्यार लागिरहेको छैन', काँस्य पदक जितेपछि प्रतिक्रिया दिने क्रममा मनिताले भनिन्। रितुले बुसान एसियाडको ६३ केजी तौल समूहमै नेपाललाई काँस्य पदक दिलाएकी थिइन्। मनिता चार महिनाअघि श्रीलंकाको राजधानी कोलम्बोमा आयोजना भएको दसौं सागमा पहिलोपल्ट नेपाली राष्ट्रिय टोलीमा समावेश भएकी थिइन्। उनले दसौं सागमा स्वर्ण पदक जितेकी थिइन्। दक्षिण एसियाका दुई खेलाडीसँग सुरुमै खेल भएका कारण पनि मनितालाई काँस्य पदक जित्न सजिलो भयो। दसौं सागमा आयशा शाक्यलाई हराउँदै ५९ केजी तौल समूहमा स्वर्ण पदक जितेकी भारतकी वेन्दे यो एसियाडमा तौल बढाएर माथिल्लो समूहमा सहभागी भएकी थिइन्। उनी पहिलो राउन्डको खेलमा मनितासँग १-० ले पछाडि पर्न पुगेकी थिइन्, जुन उनको पराजयको कारण बन्यो। बाइ पाएर सोझै क्वाटरफाइनल खेल्ने अवसर पाएकी भुटानकी वाङ्मोसँग विजयका लागि मनिताले कडा प्रतिस्पर्धा गर्नु पर्‍यो। मनिता ३-२ अंकले विजयी भइन् र सेमिफाइनलमा प्रवेश गरेबापत काँस्य पदक जित्न सफल भइन्। सेमिफाइनलमा उनी चिनियाँ ताइपेइकी ली वेन सूसँग ८-१ ले पराजित भइन्। पछि ६३ केजी तौल समूहको स्वर्ण ताइपेईकी लीले नै जितिन्।

दसौं सागमा संयम गुमाउन पुग्दा स्वर्ण पदकबाट वञ्चित बन्न पुगेकी आयशा शाक्यले भने बुद्धिमतापूर्ण प्रदर्शन गर्दै पहिलो पदकका लागि आफूलाई योग्य सावित गरिन्। चोटका कारण अबिना राई एसियाडमा सहभागी नभएपछि नौ सदस्यमा सीमित नेपाली तेक्वान्दो टोलीलाई तेस्रो






तथा अन्तिम पदक दिलाउन आयशाले चीनकी फेङमिङ दोङलाई ५९ केजी तौलसमूहको क्वाटरफाइनलमा १-० ले हराइन्। पहिलो सेटमै चिनियाँ खेलाडीबाट अंक चोर्न सफल आयशाले बाँकी दुई सेट विपक्षी खेलाडीको काउन्टर छल्दै खेलेकी थिइन्। 'मैले खेलेको खेलाडीको स्तर हाम्रो जस्तै लाग्यो', वाइ पाएर एकैपल्ट क्वाटरफाइनल खेल्ने अवसर पाएकी उन्नाइस वर्षीया आयशाले भनिन्। यो प्रतियोगितामा उनको फाइनलसम्म पुग्ने राम्रो अवसर थियो, जसबापत नेपालले कम्तीमा पनि रजत पदक पक्का गर्ने थियो भने उनले तेह्रौं एसियाडमा सविता राजभण्डारीले तेक्वान्दोमै जितेको रजत पदकको इतिहासलाई दोर्‍याउने राम्रो मौका थियो। 'विपक्षी खेलाडी 'एट्याक'मा नआएको हुनाले म 'एट्याक'मा अगाडि बढेकी थिएँ, तर यो मेरो गल्ती हुन गयो', उनले भनिन्। आयशा सेमिफाइनलमा भियतनामकी थाई होइ थु नागुएनसँग भिडेकी थिइन्। उनी अन्तिम चालीस सेकेन्डको खेलमा धैर्य गुमाउन पुग्दा फाइनल प्रवेश गर्ने अवसरबाट वञ्चित भइन्। 'मैले उसलाई काउन्टर खेल भनेर पठाएको तर ऊ 'एट्याक'मा गई', नेपाली राष्ट्रिय तेक्वान्दो टोलीका दक्षिण कोरियाली प्रशिक्षक मास्टर क्वानले समयलाई प्रतिक्रिया दिए। आयशा सेमिफाइनलमा २-१ ले हार्न पुगेकी थिइन्। आयशा पहिलो २ मिनेटको खेलमै विपक्षी भियतनामी खेलाडीबाट एक अंक चोर्न सफल भएकी थिइन्। खेलको अन्तिम मिनेटमा एउटा चेतावनीसहित नेपालसँग बराबर एक अंक जोड्न सफल भियतनामकी नागुएनले आयशा 'एट्याक'मा गएको मौका छोपी टाउकोमा किक प्रहार गरेर थप दुई अंक जोड्न सफल भएकी थिइन्। 'रजत पदकबाट वञ्चित भएकोमा दुःख लाग्ने नै भयो, तर काँस्य पदक जितेकोमा पनि म खुसी छु', आयशाले भनिन्। सन् १९९७ मा पाटन तेक्वान्दो डोजाङबाट खेल्न सुरु गरेकी आयशा आइतवार दोहास्थित कतार स्पोर्ट इन्डोर हलमा काँस्य पदक जित्दा उनलाई खुट्टा चलाउन सिकाएका गुरु मुकुन्द थापा पनि उपस्थित थिए। ■

# दीपकको हौसला

**दोहा एसियाडमा** पुनः काँस्य पदक जित्दै नेपाली खेलकुदको इतिहासमा सबैभन्दा सफल खेलाडी बन्न पुगेका तेक्वान्दो खेलाडी दीपक विष्टले आफू अझै लामो समय देशका लागि खेल्ने बताएका छन्। दोहा एसियाडका लागि वैदेशिक तालिम लिन दुई महिनाअघि नेपालबाट अमेरिका पुगेका र अमेरिकाबाट सोझै दोहा आइपुगेका दीपकले ७८ केजी तौल समूहमा काँस्य पदक जितेपछि समयसँग भने, 'म अझै केही वर्ष देशको लागि खेल्न चाहन्छु। तीन वर्षअघि पाकिस्तानको इस्लामाबादमा भएको नवौं साफमा दायाँ गोडामा चोट लागेपछि उपचारका लागि लामो समय आराम गर्दै उनी चार महिनाअघि श्रीलंकामा भएको दसौं साागअघि अभ्यासमा फर्किएका थिए। उनले दसौं सागमा स्वर्ण पदक जित्दै नेपालका भेट्रान म्याराथन धावक वैकुण्ठ मानन्धरको दक्षिण एसियाली खेलकुदको लगातार तीन संस्करणमा स्वर्ण पदक जित्ने इतिहासलाई बराबरी गरेका थिए।

'म बेइजिङ ओलम्पिकको छनोट पनि खेल्नेछु', दोहा एसियाडका लागि अमेरिका ट्रेनिङमा गएको बेला उनको बारेमा फैलाइएको हल्लाको खण्डन गर्दै उनले भने, 'म अमेरिका बसेर भाडा माझ्ने खेलाडी होइन।'

दीपकले बंगलादेशमा हुने आगामी एघारौं सागमा पनि खेल्ने इच्छा व्यक्त गरे। 'मेरो हातमा अझै स्टिल राखिएको छ। त्यसैले हेरौं मेरो स्वास्थ्यले के भन्छ', उनले भने। दीपकले दुई भिन्दा भिन्दै तौल समूहमा नेपाललाई काँस्य पदक दिलाएका हुन्। चार वर्षअघि बुसानमा काँस्य पदक जित्दा उनी फेदरवेटमा उत्रिएका थिए। यसपालि उनी वेल्टरवेटमा उत्रिए र नेपाललाई पुनः काँस्य पदक दिलाए। उनी एसियाडमा दुईवटा पदक जित्ने एक मात्र नेपाली खेलाडी पनि बन्न पुगेका छन्।



'देशको लागि पदक जितेकोमा खुसी छु', दीपकले समयसँग भने। कुवेतका बादर अल इनेजीलाई ३-१ ले पराजित गरेपछि निकै आत्मविश्वासी देखिएका दीपकले दोस्रो खेलमा पेलेस्टाइनका अहमद माब्रोउकलाई ३-२ अंकले हराए। उनी अयोजक कतारका अब्दुलकादिर हिक्कमत ए सरहानसँग रेफ्रीको खराब निर्णयका कारण ८-१ ले हार्न पुगेका थिए। 'रेफ्रीको खराब निर्णयको सिकार हामी भयौं', नेपाली राष्ट्रिय टोलीका दक्षिण कोरियाली प्रशिक्षक मास्टर क्वान योक ह्योङले भने। बुसान एसियाडको बेला कोरियामै अभ्यासमा रहँदा स्पाइरिङमा दीपकसँग थुप्रैपल्ट पराजित भइसकेका कतारका सरहानलाई स्थानीय पत्रपत्रिकाले सुरुमै सम्भावित स्वर्ण पदक विजेताको रुपमा चित्रित गरिसकेका थिए। सरहान दायाँ हात भाँचिएका कारण बुसान एसियाडमा भाग लिन असफल रहेका थिए। उनले खेलेका सबै प्रतिस्पर्धामा रेफ्रीले खराब निर्णय दिएको उनका प्रतिस्पर्धी खेलाडीहरूले बताएका छन्। उनले पछि स्वर्ण पदक जितेका थिए। उनले उपाधि जितेबापत कतारी सरकारबाट घोषणा भएको २ लाख पचास हजार कतारी रुपैयाँ पाउनेछन्। कतारले पहिलोपल्ट एसियाडमा तेक्वान्दोतर्फ स्वर्ण पदक जितेको हो।




15TH ASIAN GAMES DOHA 2006

## खेलकुद दोहा एसियाड



# चीनको फड्को

■ **नवीन अर्याल/दोहा, कतार**

**कतारको दोहामा** डिसेम्बर १ तारिखदेखि सुरु भइरहेको पन्ध्रौं एसियाड चीनलाई खेलकुदको शक्ति राष्ट्रको रुपमा स्थापित गर्दै समापनतिर लम्किएको छ। दोहा एसियाडको मंगलवार बाह्रौं दिनको खेल सकिँदा मात्रै चीन एक सय २४ स्वर्ण जित्दै पदक तालिकामा एसियाका अन्य ४४ देशभन्दा अग्रस्थानमा रहेको छ। सन् २००२ को बुसान एसियाडमा एक सय ५० वटा स्वर्ण जित्दै पहिलो स्थानमा रहेको चीन यसपालि त्यो संख्यालाई उछिन्ने योजनामा छ। दुई वर्षपछि बेइजिङमा ओलम्पिक गर्ने तयारीमा रहेको चीन यसपालि एसियाडमा सहभागी सात सय पाँच सदस्यीय खेलाडीहरूको जम्बो टोली लिएर दोहा आइपुगेको थियो। अन्तर्राष्ट्रिय प्रतियोगिताको अनुभव नै नबटुलेका ८५ प्रतिशत खेलाडीलाई यो एसियाडमा सहभागी गराएको चीन नयाँ खेलाडीहरूबाट पनि राम्रो नतिजा निकाल्न सफल भएको छ।

दोहा एसियाडमा हालसम्म पाँचवटा नयाँ विश्व कीर्तिमान बनेका छन् भने तीनवटा पुरानो विश्व कीर्तिमानको बराबरी र १९ वटा नयाँ एसियाली कीर्तिमान बनेको छ। चीनकी ५८ केजी भारोत्तोलक यानकिङ चेनले एकैपल्ट एसियाली कीर्तिमान र विश्व कीर्तिमान बनाएकी छन्। भारतका सुटिङ मास्टर जसपाल रानाले पुरुष २५ मिटर सेन्टर फायर पेस्तोलमा विश्व कीर्तिमानलाई बराबरी गरेका छन्। भारोत्तोलनमा मात्रै सातवटा विश्व कीर्तिमान र आठवटा नयाँ एसियाली कीर्तिमान बनेका छन्। सुटिङमा सातवटा नयाँ एसियाली कीर्तिमान, एथ्लेटिक्समा एक र पौडीमा चारवटा एसियाली कीर्तिमान बनेका छन्। दोहा एसियाडको दुई साताको खेल सम्पन्न हुँदा चार खेलाडी डोपिङमा दोषी पाइएका छन्।

समापन समारोहको लागि छुट्याइएको ४० हजार टिकट बिक्री भइसकेको दोहा एसियाड आयोजक समितिका कार्यकारी प्रमुख अहमद अल खुलाइफीले जानकारी दिएका छन्। 'समापनको सबै टिकट बिक्री भइसकेको छ', खुलाइफीले भने। दोहा एसियाड डिसेम्बर १५ तारिखका दिन अविस्मरणीय बनाउँदै समापन गर्ने आफ्नो योजना रहेको आयोजक समितिले बताएको छ। अन्तर्राष्ट्रिय ओलम्पिक कमिटीका अध्यक्ष ज्याक्स रोगले दोहा एसियाडको उद्घाटनलाई आफू समावेश भएको खेलकुद महोत्सवको अहिलेसम्मकै भव्य उद्घाटन भनेर तारिफ गरेका छन्।

### खेलाडीको निधन

दक्षिण कोरियाका घोडसवार खेलाडी ४७ वर्षीय किम होङ चिलको खेलकै क्रममा निधन भएको छ। उनी एसियाडको ५५ वर्षीय इतिहासमा प्रतिस्पर्धामा भाग लिइरहेका बेला ज्यान गुमाउने एक मात्र खेलाडी हुन्। डिसेम्बर सात तारिखमा इक्वेस्टेरियनको क्रस-कन्ट्री इभेन्टअन्तर्गत आठौं नम्बरको बाधा पार गर्ने क्रममा उनको घोडा 'फेन्स'मा ठोकिन पुग्दा घोडाबाट पछारिएपछि किमको मृत्यु भयो। उनी लडेको घोडा (बुन्डाबर्ग ब्ल्याक)को पछाडिको भाग उनको टाउको, घाँटी र छातीमा बजारिन पुगेको थियो, जसको कारण उनको खेलस्थलमै मृत्यु भयो। चार वर्षअघि बुसानमा भएको चौधौं एसियाडमा किम यही स्पर्धामा बुन्डाबर्ग ब्ल्याक घोडाकै कारण रजत पदक जित्न सफल भएका थिए। उनले एक दिनअघि टिम इक्वेस्टेरियनको 'ड्रेसेज' इभेन्टमा स्वर्ण पदक जितेका थिए। दुई हजार चार सय ७० मिटर फराकिलो मैदानमा २३ वटा बाधालाई पन्छाउने क्रममा यो दुर्घटना हुँदा बिहान कतारको १० बजेको थियो। उनलाई १० बजेर ५० मिनेटमा चिकित्सकहरूले मृतक घोषणा गरेका थिए। 'यो घटनाले हामीलाई मर्माहत बनाएको छ', घटनापछि मिडिया सेन्टरमा आयोजित पत्रकार सम्मेलनमा






एसियन गेम डोपिङ कन्ट्रोल र मेडिकल सर्भिस प्रमुख डाक्टर अब्दुलवाहब अल मुस्लेहले भने । किमको निधन हुनुमा विगत सातादेखि कतारमा पर्दै आइरहेको भारी वर्षालाई दोषी ठहऱ्याइए पनि आयोजक समितिले यसको खण्डन गरेका छन् । 'यसभन्दा अगाडि दस प्रतियोगीलाई कुनै समस्या भएन', एघारौं प्रतियोगीको रुपमा किम दुर्घटनामा परेको बताउँदै अब्दुलवाहवले भने । दोहा एसियाड आयोजक समितिका कार्यकारी प्रमुख अहमद अल खुलाइफीका अनुसार खेलको सिलसिलामा ज्यान गुमाएका किमको सम्झनामा 'एस्पार' क्षेत्रमा मूर्ति स्थापना गरिनेछ । एसियाडमै खटिइएकी भारतको केरला निवासी ५० वर्षीया एक नर्सको सडक दुर्घटनामा गत साता निधन भएको थियो । यसअघि सन् १९९४ मा जापानको हिरोसिमामा आयोजित बाह्रौं एसियाडमा नेपालका 'सेभ द मिसन' नरेश अधिकारीको एथ्लेट भिलेजमै निधन भएको थियो ।



### बीच भलिबल लोकप्रिय

पन्ध्रौं एसियाडमा ३९ वटा खेल सम्मिलित भए पनि एउटा खेलले विशेषत: स्थानीयवासीहरूलाई सबैभन्दा बढी आकर्षण गऱ्यो । महिला बीच भलिबल, कतारीहरूका लागि नौलो खेल । फुटबल र घोडसवारी निकै चर्चित रहेको कतारको बन्द समाजमा एसियाडका कारण महिला बीच भलिबल लोकप्रिय बन्न पुग्यो । स्पोर्ट सिटीमा सम्पन्न महिला बीच भलिबल खेलका सबै टिकटहरू पहिले नै बुकिङ भए । साउदी अरेबिया, यमन र ब्रुनाईले यो एसियाडमा १ सय ५३ खेलाडी उतारे पनि एउटा महिला खेलाडी नउतारेको परिप्रेक्ष्यमा इराकबाट महिला बीच भलिबलको नेतृत्व गर्दै आएका बग्दादी दुई महिला खेलाडी १८ वर्षीया लिडा अगासी र २० वर्षीया लिजा अघासेले सबैलाई सम्मोहित पारे ।

### हकीमा भारत अभागी

एसियाडको ५५ वर्षे इतिहासमा पहिलोपल्ट भारत हकीमा पदकविहीन बन्न पुगेको छ । भारतीय हकी टोली यो एसियाडमा पदक नलिईकनै घर फर्किंदै छ । सन् १९५८ मा जापानमा भएको तेस्रो एसियाडदेखि हकीमा सहभागिता जनाउँदै आइरहेको भारतीय टोलीको यसअघिको सबैभन्दा खराब प्रदर्शन सन् १९८६ मा सिउल एसियाडमा थियो । त्यति बेला भारतले काँस्य पदकमात्र जितेको थियो । भारत लगातार बाह्रवटा एसियाडमा पदक विजेता रहँदै पहिलोपल्ट यसैपालि पदकविहीन बनेको हो । भारतले हकीमा दुई स्वर्ण र नौ रजत पदक जितिसकेको छ । बुसान एसियाडमा पनि भारत रजत पदक विजेता थियो ।

### वर्षाले खेल प्रभावित

पन्ध्रौं एसियाडको पूर्व सन्ध्यामा दोहामा परेको भारी वर्षाका कारण आउटडोरका प्राय: सबै खेलहरू प्रभावित बन्न पुगेका छन् । सफ्ट टेनिसको खेल दुई तारिख, रोड साइक्लिङको तीन, टेनिसको चार र आर्चरीका नौ तारिखमा खेलतालिका भए पनि वर्षाका कारण यी सबै खेलका तालिकाहरू पछाडि थकेलिन पुगेका छन् । यतिमात्र होइन, इन्डोरहल भित्र खेलाइएको टेबल टेनिस हलको छतबाट पानी चुहिन पुग्दा नोभेम्बर २९ तारिखबाटै सुरु भएको टेबल टेनिसको बीचको खेलतालिका आयोजक समितिले बदल्नु परेको थियो । एसियाडको पूर्वसन्ध्यामा दोहामा परेको अहिलेको भारी वर्षा ४२ वर्षयता सबैभन्दा ठूलो भएको मौसम विभागले जनाएको छ । सन् १९६४ मा कतारमा सबैभन्दा बढी १ सय ५५ मिलिमिटर पानी वर्षा भएको थियो । मौसम विभागका अनुसार दोहा एसियाड सुरु भएको एक साताभित्रै कतारमा २५ मिलिमिटर पानी वर्षा भएको छ । एसियाड सकिँदासम्म यसमा थप वृद्धि हुने जनाइएको छ । यति हुँदाहुँदै कुनै पनि गाडी वर्षाका कारण कुनै सडक दुर्घटना नपरेको ट्राफिक प्रहरी प्रमुख मोहम्मद साद अल खार्जीले बताएका छन् । यसअघि दोहामा सानो वर्षा हुँदा गाडी दुर्घटनामा परेर मान्छेहरूले ज्यान गुमाउने गर्दथे । ■



# सेतो बादल

■ रत्न प्रजापति

हरिभक्त ओछ्यानबाट उठ्दा कृष्णप्यारीले बुइँगलदेखि छिँडीसम्म बढारकुँढार गरी इनारबाट चोखोपानी पनि ल्याइसकेकी थिई । आज मंगलवार परेको हुँदा कृष्णप्यारीको व्रतको दिन पनि हो । त्यसैले ऊ आज विशेषरूपमा पूजाका लागि तयारी गर्दै थिई ।

उसले खुब मन लगाएर भगवानको पूजा गरी । भगवानको तस्बिरमा अबीरको टीका लगाइदिई, फूलअक्षता चढाई र नैवेद्य पनि चढाई । धूपबत्ती बालेर धेरैबेरसम्म आरती पनि गरी अनि धेरै बेरसम्म आँखा चिम्म गरेर जानेबुझेसम्मका भगवानको नाम सम्झिँदै उसले आफ्नो लोग्नेको दीर्घायु र सुस्वास्थ्य अनि आफ्नो परिवार र आफ्ना लागि पनि सुख र खुसीका लागि प्रार्थना गरी । आफ्नो लोग्नेका लागि त्यो एउटा विशेष खुसी छिट्टै दिन सकूँ भनेर उसले भगवानसँग पुकार भनूँ वा याचना पनि गरी । भगवानको पाउमा सहर्ष ढोग गरी र अलिकति टीका उसले आफ्नो सिउँदोमा लगाई ।

अनि लोग्नेका लागि भगवानको टीका र प्रसाद लिएर आउँदा हातमुख धोएर तौलियाले मुख पुछ्दै गरेको हरिभक्तले हातमा पूजाको थाली बोकेर आफ्नो अगाडि उभिएकी कृष्णप्यारीलाई अलिकति मुस्कुराउँदै भन्यो, 'किसप्यारी, तिमीले पूजा पनि सकिसक्यौ ?'

लोग्नेको मायालु बोली सुनेर खुसीले गद्गद् हुँदै कृष्णप्यारीले भनी, 'हजुर, भर्खरै सकें । अब हजुर टीकाप्रसाद लिने होइन ?'

समझदार कृष्णप्यारीले लोग्नेको इच्छालाई बुझी र भँडारकोठाबाट अन्ती ल्याएर सानो कचौरामा त्वारर्रर गरेर रक्सी हालेर दिई । हरिभक्तले त्यो रक्सी एकै घुट्कोमा स्वाट्ट पारेर कचौरा कृष्णप्यारीलाई नै फिर्ता दियो । रक्सीले घाँटीमा पोलेको भाव प्रकट गर्दै हरिभक्तले एकपटक मुख बिगार्दै हा.. गऱ्यो र हत्केलाले मुखमा हम्केझैं गऱ्यो । यो देखेर कृष्णप्यारी एकपटक मिठोसित मुस्कुराई र मिठैसित अलिकति घुर्की सुनाई, 'बिहानैदेखि नखाइनहुने... !'

हरिभक्तले पनि अलिकति मुस्कुराएरै भन्यो, 'के गर्नु त प्यारी, नबस्नु खाने बानी बसिहाल्यो, अलिकति नखाई त केही गर्न जाँगरै चल्दैन । फेरि यो त हाम्रो बाउबाजे सबैले खाइआएकै पनि त हो नि ! जँड्याहाले जस्तो बाहिर गएर खाएको होइन क्यारे !'

कृष्णप्यारी लाजले भुतुक्क भई र कराई, 'य माँ, यो मान्छे कति छिल्लिएको बिहानबिहानै ।'

त्यसपछि हरिभक्त खुरुरुरु भऱ्याङ ओर्लेर तल गयो । जाँदाजाँदै उसले यसो भन्दै गयो, 'बालाई भात खुवाउँदै गर्नू । म काम भ्याएर आउँछु ।'

हरिभक्त गइसकेपछि कृष्णप्यारी अघिको कुरा सम्झेर फेरि एकपटक एक्लै सर्माई र फिसिक्क हाँसी ।

हरिभक्तका बा अर्थात् सन्तलाल काका, तीन बीस हिउँद र वर्षा पचाइसकेका । अचेल बुढ्यौलीले गर्दा यताउता गर्न सक्दैनन् । त्यसैले घरभित्रबाट लाछी र लाछीबाट घरभित्रसम्म मात्र गर्न सक्छन् ।

हरिभक्तकी आमा बितेको झन्डै चार वर्ष भइसक्यो । त्यसको एक वर्षपछि घरको भातभान्सा गर्ने मान्छे नै नभएर र बूढा सन्तलाल काकाको बिजोग हेर्नै नसकेर हरिभक्तको फुकी पर्ने ज्ञानमाया तताजुले आफ्नै टोलकी कृष्णप्यारी र हरिभक्तको बीच बिहे गरिदिएकी थिइन् ।

स्थानीय बोलीचालीमा भन्दा हरिभक्त कुम्हाले हो । घरभन्दा अलि पर उसको ज्यासः छ । अचेल बजारमा प्लास्टिकका भाँडा सस्तोमा छ्यासछ्यास्ती पाइन थालेपछि माटोको भाँडा बिक्न छोडेकोले हरिभक्तले घरेलु प्रयोजनभन्दा सजावटका लागि सबै घरघरमा प्रयोग हुने स-साना माटाका हात्ती, घोडा, गमला, फूलदानी र देवीदेउताका साथै मान्छेको आकृतिका मूर्तिहरू पनि बनाउन थालेको छ ।

एक दिन उसले त्यस्तै एउटा मान्छेको मूर्ति बनायो । काँचो माटोलाई मान्छेको आकारमा खेलाउँदा खेलाउँदै एउटा सुन्दर बालकको आकृति सिर्जना भयो । यो देखेर हरिभक्त आफैं चकित भयो र खुप रमायो । आफ्नो यो नौलो सिर्जनामा रमाउँदै हरिभक्तले त्यो सुन्दर बालकको आकृतिलाई हरेक दिन प्रेमपूर्वक सुम्सुम्याउँदै घाममा सुकाउन थाल्यो ।

अनि एक दिन अरू मूर्तिहरूसँगै त्यो मूर्तिलाई पनि आगोमा पोल्यो उसले । तीन चार दिनमा आगो पूरा सेलाइसकेपछि सबैभन्दा पहिले उसले आफूलाई मन परेको त्यो बालकको मूर्ति पहिला खोजेर झिक्यो । त्यो मूर्ति आगोले खारिएर झनै सुन्दर देखिएको थियो । त्यो देखेर हरिभक्त झनै खुसी भयो र खुब रमायो अनि त्यसलाई अलिकति सुहाउँदो रङरोगन गरेर घरैमा लगेर कोठामा सजाइराख्ने मनसाय राख्यो उसले र त्यसलाई एउटा सुरक्षित ठाउँमा जतनसित राख्यो ।

आज साँझ ज्यासःबाट घर फर्कंदा हरिभक्तले त्यो मूर्ति पनि साथमा लिएर आयो । ज्यासःबाट प्रायः खाली हात फर्कने हरिभक्तको हातमा आज कागजले मोरिएको वस्तु देखेर कृष्णप्यारीको मनमा पनि के हो भनेर जान्ने उत्सुकता जाग्यो र सोधी, 'त्यो कागजले मोरिएको के हो ?'

'ए त्यो ? त्यो, अहिलेलाई भैगो छोडिदेऊ । पहिला भात खाऊँ अनि सँगै बसेर हेरौंला ।' यसो भन्दै हरिभक्तले त्यो करिब दुई फिट लामो मूर्तिलाई

दराजमाथि समालेर राख्यो । कृष्णप्यारीचाहिँ हतारहतार भान्सामा भात पस्कन थाली ।

हरिभक्त आफ्नो बूढो बासँगै बसेर कृष्णप्यारीले पस्किदिएको भात कुपुकुपु खानथाल्यो । आज किनकिन भात खाउँन्जेल अरू बेलाजस्तो केही बोल्न मन लागेन हरिभक्तलाई । उसको मन आज त्यही मूर्तिमा केन्द्रित भइरह्यो ।

अरूबेला भात खाउँन्जेल दिनभरि ज्यासःमा भएका कामकुराका बारेमा बोलिरहने हरिभक्त आज एक शब्द नबोली भात खाएको देखेर उसको बा सन्तलाल काकालाई अचम्म लाग्यो । कृष्णप्यारीलाई पनि आज अचम्मै लाग्यो आफ्नो लोग्नेले एक शब्द नबोली भात खाएको देखेर । अरू बेला भए दिनभरि ज्यासःमा भएका कामकुरा बेलुका भात खाने बेलामा सबै हरिभक्तको मुखबाटै थाहा पाउँथी कृष्णप्यारीले ।

'आज यसलाई के भयो ? कसैसित झगडासगडा त गरेर आएन ?' बूढा सन्तलाल काकालाई पीर लाग्नथाल्यो ।

'के भयो आज यिनलाई ? बोल्दा पनि बोल्दैनन् । ल्याएको कुरो के हो भनेर सोध्दा पछि सँगै हेरौंला भनेर टारे । खोइ, के भएको हो ?' कृष्णप्यारीले पनि दिक्क मानी ।

कसैसित नबोली, निहुरेर कुपुकुपु भात खाइरहेको हरिभक्तले बल्ल भात थप्ने बेलामा मात्रै टाउको उठायो र कृष्णप्यारीसित बोल्यो अनि भात खाइसकेर हरिभक्त चुठ्नलाई कौसीमा गयो ।

आज व्रत बसेको भएर कृष्णप्यारी बिहानदेखि भोकै थिई । व्रतको दिनमा अरूले जस्तै बेलुका एक छाक मात्र खाने गरेकी थिई कृष्णप्यारीले पनि । भात खाएर जुठा भाँडाहरू माझिसकेर कोठामा जाँदा हरिभक्त त्यही मूर्तिलाई ओल्टाइपल्टाई हेरिरहेको देखी उसले ।

'के हो त्यो ?' कृष्णप्यारीले उत्सुक भएर सोधी ।

'लौ हेर के हो यो ।' यसो भन्दै हरिभक्तले कागज च्यातेर त्यो माटोको मूर्ति देखाइदियो । त्यति राम्रो माटोको मूर्ति देखेर कृष्णप्यारी मोहित भई । त्यसमाथि झन् त्यो मूर्ति एउटा सुन्दर बालकको भएकोले कृष्णप्यारी त्यो मूर्तिप्रति झनै आकर्षित भई । मूर्तिलाई हातमा लिएर सुमसुम्याउँदै, ओल्टाइपल्टाई हेर्दै उसले सोधी, 'कसले बनाएको ?'

'म आफैंले ।' हरिभक्तले खुसी भएर भन्यो, तर कृष्णप्यारी केही बोलिन । ऊ चुपचाप त्यो मूर्तिलाई हेरेर टोलाउन थाली । अनि हरिभक्तले फेरि भन्यो, 'हो भन्या, म आफैंले बनाएको । तिमीलाई विश्वास लागेन ?'

'तिमी त अरू नै भाँडाहरू बनाउँथ्यौ, यो मूर्ति कसरी बनायौ त ?' कृष्णप्यारीले आफ्नो मनको खुल्दुली व्यक्त गरी ।

'केही नयाँ कुरा बनाउँ भनेर माटोलाई खेलाउँदा खेलाउँदै यो बालकको मूर्ति बन्यो । कस्तो लाग्यो तिमीलाई यो मूर्ति ?' हरिभक्तले कृष्णप्यारीको मुहार पढ्दै सोध्यो ।

'राम्रो, एउटा कलाकारले बनाएजस्तै ।' यसो भन्दा कृष्णप्यारीको मुहार एकदम उज्यालो देखियो, तर त्यो उज्यालो धेरै बेरसम्म रहन सकेन । एकै छिनमा कृष्णप्यारीको त्यो उज्यालो मुहारमा एक्कासि कालो बादल लागेजस्तो भयो, वर्षिहाल्लाजस्तो ।

कृष्णप्यारीको मुहारमा एक्कासि देखिएको परिवर्तनले हरिभक्त डरायो र आत्तिएर सोध्यो, 'प्यारी, तिमीलाई एक्कासि यो के भयो ?'

आफ्नो लोग्ने अकस्मात् आत्तिएको देखेर ढाडस दिँदै कृष्णप्यारीले भनी, 'किन यसरी आत्तिएको ? मलाई केही भएको छैन । म त खालि सोच्दै थिएँ, हाम्रो पनि यस्तै एउटा सुन्दर सन्तान भए... !'

सुनेर हरिभक्त एक छिन चुप लाग्यो अनि फेरि त्यो मूर्तिलाई हातमा लिएर त्यसलाई सुमसुम्याउँदै उसले भन्यो, 'हुन्छ, अवश्य हुन्छ । तिमी किन त्यसै निरास हुन्छ्यौ ?'

बिहे भएको तीन वर्षसम्म पनि सन्तान नहुँदा सन्तानै नहुने हो कि भनेर चिन्तित थिए उनीहरू । आज त्यो बालकको मूर्तिले त्यो चिन्तालाई फेरि एकपटक ब्यूँझाइदियो । केही दिनदेखि उनीहरूले त्यो चिन्ता लिन छोडिसकेका थिए । बूढापाकाहरूको भनाइअनुसार भगवान खुसी भए सबथोक मिल्छ भन्ने आसमा कृष्णप्यारीले भगवानको पूजाअर्चना र व्रतादिमा विशेष ध्यान दिन थालेकी थिई । तर आज त्यो बालकको मूर्ति घरमा आउँदा दुवैलाई पुरानो चिन्ताले फेरि एकपटक सताउन थाल्यो ।

रात गहिरिँदै गएको थियो । गल्लीका कुकुरहरू भुक्दै यता र उता गरिरहेको सुनिन्थ्यो । बाहिर आकाशमा भने पूर्णिमाको जून टहटह चम्किरहेको थियो र सेता बादलका टुक्राहरू कुनै सुन्दर युवती आफ्नो बैंसालु चालमा मस्तमस्त भई सुस्तरी हिँडेझैं एक ठाउँबाट अर्को ठाउँमा सर्दै थिए । निकै मनमोहक थियो शान्त रातमा त्यो शीतल जूनको टहटह चमक र सेता बादलका टुक्राहरूको मन्दमन्द चाल ।

हरिभक्तले एकपटक झ्यालबाट आकाश नियाल्यो र आकाशको सुन्दर दृश्य देखाउँदै भन्यो, 'हेर त प्यारी, आकाशमा कति राम्रो टहटह जून अनि कति राम्रा सेता बादलका टुक्राहरू !'

सुनेर कृष्णप्यारी गम्भीर भई र भनी, 'जून जतिसुकै टहटह लागे पनि औंसीमा त्यो अन्धकार नै हुन्छ अनि त्यो सेतो बादलको के कुरा गर्नु, जो कहिल्यै वर्षिदैन । नवर्षिने बादलको के महत्त्व ?'

सुनेर हरिभक्त चुप लाग्यो । कृष्णप्यारीलाई खुसी पार्न उसले त्यो सुन्दर आकाशको वर्णन गरेको थियो, तर कृष्णप्यारी गम्भीर भएको देखेर उसलाई अरू केही भन्न मन लागेन । बरु नवर्षिने बादल भनेर कृष्णप्यारीले आफूले आफैंलाई भनेकी हो कि भनेर उसलाई चिन्ता लाग्नथाल्यो । त्यो आकाशको जून र सेतो बादलको कुरा गरेर कृष्णप्यारीको मन दुखाएँ कि भनेर हरिभक्तलाई पछुतो लाग्नथाल्यो ।

अनि कृष्णप्यारीको हात सुमसुम्याउँदै हरिभक्तले भन्यो, 'प्यारी, मैले तिम्रो मन दुखाएँ, हो ?'

'होइन, बरु मैले नै आफ्नो मनको तितो पोखेँ । तपाईंको मन दुख्यो होला, मलाई माफ गरिदिनुस् ।' यसो भन्दै कृष्णप्यारीले लोग्नेको हात आफ्नो छातीमा टाँसी ।

अनि दुवैजना भावविभोर भएर एकछिन चुपचाप बसिरहे ।

एकछिनपछि कृष्णप्यारीले लोग्नेको हात सुमसुम्याउँदै केही कुरा सम्झेझैं गरी भनी, 'मैले सुनेकी, पाटनमा एउटी स्वास्नीमान्छे छे रे । उसले कुन्नि के जाति औषधी केरामा हालेर दिन्छे रे । त्यो औषधी खाएपछि त फरकै पर्दैन रे ।'

हरिभक्तले कृष्णप्यारीलाई ढाडस दिँदै भन्यो, 'ठिकै छ नि त । यतिका उपायहरू त गरिहेर्‍यौं भने त्यहाँ पनि एकपटक गइहेरौं । तिमीले सुनेको कुरा सही नै निस्कन्छ कि त ।'

सुनेर कृष्णप्यारीको मुहारमा अलिकति चमक देखियो । सन्तानसुखको आशाले उसलाई पुलकित बनायो । त्यो देखेर हरिभक्त पनि मनमनै खुसी भयो । उसलाई पनि छोरालाई काँधमा बोकेर डुलाउने रहर नभएको त कहाँ हो र ! त्यसैले कृष्णप्यारीको कुराले उसको मनमा पनि कताकता आशाको एउटा मधुरो दियो जगाइदियो ।

अब रात धेरै बितिसकेकाले कृष्णप्यारी सुत्ने तर्खर गर्न थाली । हरिभक्तलाई भने निद्रा लागिसकेको थिएन । त्यसमाथि भर्खरै भएका कुराले उसलाई भित्रभित्रै पिरोलिरहेको थियो भने भित्रभित्रै ऊ अलिअलि रोमाञ्चित पनि भइरहेको थियो ।

हरिभक्तको एउटा बानी पनि छ, सुत्ने बेलामा अलिकति त्यो नखाईकन उसलाई निद्रा लाग्दैन । त्यसैले उसले मुखले नबोली आशामुखी भएर कृष्णप्यारीलाई हेर्नथाल्यो । कृष्णप्यारीले कुरा बुझेर पनि नबुझेजस्तो गरी सोधी, 'अब के चाहियो ?'

'अलिकति त्यो... !' हरिभक्तले आधा वाक्य अधुरै छोड्यो । तैपनि कृष्णप्यारीले कुरा बुझी । उसलाई थाहा भएकै कुरा पनि हो कि हरेक रात सुत्ने बेलामा लोग्नेलाई अलिकति त्यो चाहिन्छ । त्यो नखाई ऊ सुत्न सक्दैन ।

कृष्णप्यारी सुत्ने तर्खरमा लागिसकेकीले उसको जीउमा अब भित्री लुगामात्र बाँकी थिए । त्यो भित्री लुगामा कृष्णप्यारी निकै लोभलाग्दी देखिएकी थिई । हरिभक्तले बिजुलीबत्तीको उज्यालोमा कृष्णप्यारीको त्यो लोभलाग्दो शरीरलाई एकपटक तलदेखि माथिसम्म र माथिदेखि तलसम्म नियालेर हेर्‍यो । साँच्ची नै उसलाई आज कृष्णप्यारी निकै राम्री र सुन्दरी लाग्यो ।

'अघि नै नभनेर... !' यसो भन्दै अलिकति अल्छी मानेजस्तो गरी पेटिकोटले छाती छोप्दै कृष्णप्यारी भँडारकोठातिर लागी ।

कृष्णप्यारी भँडारकोठाबाट अन्ती लिएर आउँदा हरिभक्त फेरि त्यो मूर्ति हेरेर टोलाइरहेको थियो । कृष्णप्यारीको प्रवेशले ऊ अलिकति झस्किएजस्तो भयो । त्यो देखेर कृष्णप्यारीले भनी, 'के भयो तपाईंलाई फेरि ?'

'केही भएको छैन । त्यो मूर्ति फेरि एकपटक हेर्न मन लागेर हेरिरहेको ।' हरिभक्तले सहज हुने प्रयत्न गर्दै भन्यो ।

कृष्णप्यारी लोग्नेको नजीकै आएर बसी र सानो कचौराभरि रक्सी हालेर लोग्नेलाई दिँदै अलिकति रिसाएजस्तो गरी भनी, 'ल लिनुस् । सधैं नखाई नहुने हगि तपाईंलाई ?'

'के गर्ने, बानी नै भइसक्यो ।' हरिभक्तले मुस्कुराउँदै भन्यो र एकै घुट्कोमा कचौरा रित्याइदियो अनि कृष्णप्यारीले करुवाबाट पानी हालिदिई र हरिभक्तले हात धोएर मुख पनि पुछ्यो ।

अन्ती र करुवा एक कुनामा राखेर कृष्णप्यारी सुत्नलाई खाटमा चढी । हरिभक्त पनि कृष्णप्यारीसँगै खाटमा बस्यो । कृष्णप्यारीको तातो स्पर्श हुनेबित्तिकै हरिभक्तलाई मात चढिहाल्यो अनि उसले कृष्णप्यारीको पाखुरा समातेर आफूतिर तान्यो ।

'आज व्रतको दिनमा हुँदैन' यसो भन्दै कृष्णप्यारी पन्छिन खोजी । तर हरिभक्त पनि कहाँ त्यसै मान्नेवाला थियो र । 'यस्तो तन शुद्ध भएको बेलामा झन् बढी त्यसको सम्भावना हुन्छ रे' भन्दै उसले स्वास्नीलाई बेसरी अँगालो हाल्यो र बिस्तारै खाटमा लडायो । त्यसपछि कृष्णप्यारीले आँ उँ केही गरिन । आफूलाई पूर्णरूपमा लोग्नेप्रति समर्पित गरिदिई ।

बाहिर आकाशमा जून लागिरहेकै थियो, तर सेता बादलका टुक्राहरू भने क्रमशः कालो हुँदै थिए र गर्भिणीजस्तो सुस्तसुस्त चलमलाउँदै थिए ।

# प्रसिद्धिको स्वाद



**काठमाडौं गएर** त्यहाँ लोकप्रिय हुने हो भने देशैभरि चर्चित भइन्छ भन्ने गायक विनोद बानियाँलाई राम्ररी थाहा छ। पोखरा जस्ता राजधानीबाहिरका सहरमा बस्दा देशभरि नै चर्चित हुन कम्ती संघर्ष गर्नुपर्दैन भन्ने पनि उनलाई थाहा नभएको होइन। तैपनि काठमाडौं भासिएका आफ्ना अग्रजहरूको पाइला पछ्याउने इच्छा राख्दैनन्, विनोद। किन त ? सजिलोसँग पाइने प्रसिद्धिभन्दा संघर्ष गरेर आर्जेको प्रसिद्धिको स्वाद बेग्लै हुन्छ।' उनी भन्छन्, 'तैपनि यसको मतलब काठमाडौं जानै हुँदैन भन्ने होइन, तर म भने पोखरामै बसेर देशभरि लोकप्रिय हुन चाहन्छु।'

पोखरामा हुने कुनै पनि सांगीतिक कार्यक्रममा श्रोता विनोद छुटेको मन पराउँदैनन्। त्यसो त उनलाई छुटाउने पनि को नै हुन्थे र ? त्यसैले पोखरामा आयोजना हुने मेला महोत्सव हुन् वा कुनै पर्व वा खेलकुदका उत्सव अथवा सांस्कृतिक कार्यक्रम नै त्यहाँ विनोदको मधुर स्वर गुञ्जिएकै हुन्छ। शास्त्रीय संगीतको आधारभूत शिक्षा लिएका विनोदको आवाजको विशेषता जुनसुकै खालका गीतमा पनि सजिन सक्नु हो। तन्नेरीपुस्तामा के हुन्छ कुन्नि तिमी अरूसँग बोल्दा...., तिमी हाँसिरहे सधैं बाँचिरहे ..., सुन्दै नसुन्नु प्रिय अरूका कुरा ...., जस्ता पपगीतबाट प्रिय बनेका विनोदले आफ्नो ओजस्वी स्वर भरेर थुप्रै आधुनिक र गजलहरूमा प्राण भर्न पनि भ्याएका छन्। उनी भन्छन्, 'एउटा गायक भइसकेपछि सबै प्रकारका गीत गाउन सक्नुपर्छ।' त्यसो त पोखराको ओपन हाउस रेस्टुराँ एन्ड बारमा प्रत्येक साँझ उनको स्वर सुन्नेहरूको कम्ती घुइँचो हुँदैन। दुईवटा स्कुलका नानीहरूलाई संगीतको शिक्षा बाँड्नु र पोखरा एफएममा प्रस्तोता भएर श्रोताको मन बटुल्नु पनि विनोदका दिनचर्याभित्र पर्छन्।

पाँच वर्षअघि मान्छे एल्बम निकालेपछि पोखराका चारै एफएममा उनका गीत घन्किएनन् मात्रै, श्रोताले निकै माया पनि दिए। तर दुर्भाग्य त्यो एल्बमको काठमाडौंस्थित वितरक कम्पनीले धोका दियो। त्यसैले देशभरि फैलन पाएन उनको एल्बम। तर भर्खरै निस्केको एल्बम 'डाउट'ले श्रोताको मनमा ठाउँ जमाइसकेको छ। श्रोताको मन जित्नेमा कुनै शंका नदेखिए पनि वितरण कम्पनीले मोफसलका कलाकारहरूको मेहनतमाथि न्याय नगर्ने चलनको सिकार विनोद पनि हुने हुन् कि भन्ने शंका भने कायमै छ।

२०५५ सालमा नारायणगोपाल संगीत कोषले आयोजना गरेको आधुनिक गायन प्रतियोगितामा क्षेत्रीयस्तरमा दोस्रो भएका विनोदको स्वर माझिँदै गएपछि २०५७ सालमा सोही कोषको प्रतियोगितामा पहिलो हुन सफल भएका थिए। क्रमशः उनको साधनाले सिँढी चढ्दै जाँदा राष्ट्रियस्तरमा उनले दोस्रो पुरस्कार पनि जिते। समयँगै उनको स्वर झन् झन् खारिँदै आएको छ। यद्यपि सांगीतिक गुरुको अभावले भने उनलाई पिरोलिरहन्छ। विनोदले अहिलेसम्म संगीतमा गर्दै आएको साधना र समर्पणले उनले राखेको मोफसलबाट संघर्ष गरेर देशव्यापी लोकप्रिय बन्ने लक्ष्यमा पुग्ने कुरामा शंका मान्नुपर्ने स्थिति छैन।

■ **केशव लामिछाने/पोखरा** (तस्विर: राम गुरुङ)

---

# ब्लुज म्युजिकको मजा




**ब्लुजमा आधारित** संगीतको मजा चखाउन रकमान्डु डटकम नामक इ म्यागजिन र नेख्व रेन्डेवु नामक सांगीतक ब्यान्डको संयुक्त प्रयासमा राजधानीमा 'काठमाडौं ब्लुज' महोत्सव हुने भएको छ। ब्लुजमा आधारित संगीत प्रवर्धन गर्ने मुख्य उद्देश्यका साथ आयोजना गरिन लागेको उक्त महोत्सवमा नेख्व, जोकुज, रिजोनेन्स र स्प्रिड्स नामक ब्यान्डहरूले संगीतको जादुबाट दर्शकलाई मनोरञ्जन प्रदान गर्नेछन्।

पुस ३ गते सांग्रिला होटेलमा आयोजना गरिने उक्त कार्यक्रममा लुजा ब्यान्डले पनि ब्लुज म्युजिकमार्फत सांगीतिक मनोरञ्जन दिनेछ। 'अहिले नेपालमा ब्लुज म्युजिक सुन्न चाहने श्रोताको संख्या बढेको भए पनि संगीत भर्ने साधकहरूको अभाव देखिएको छ। त्यसैले पनि यो म्युजिकले प्रचार पाउन सकेको छैन', नेख्व ब्यान्डका गीतारवादक शिवेश डंगोल बताउँछन्। अब आगामी हरेक वर्ष काठमाडौं ब्लुज म्युजिक कार्यक्रम हुने आयोजक संस्थाले जनाएको छ।

कार्यक्रमबाट उठेको आर्थिक रकम 'हेल्पिङ टुगेदर' नामक संस्थामार्फत दसजना असहाय र गरिब बालबालिकाको शिक्षाको लागि खर्च गरिने पनि उक्त कार्यक्रमका आयोजकले बताएका छन्।

नेपालमा ब्लुजसंगीतप्रति चासो राख्नेहरूलाई अहिलेसम्म 'मुक्ति एन्ड रिभाइज' ब्यान्डले ब्लुजमा आधारित संगीतमार्फत श्रोतालाई मनोरञ्जन प्रदान गर्दै आएको थियो। पछिल्ला वर्षहरूमा ब्लुज संगीतप्रति चासो राख्ने श्रोताको संख्या बढेपछि नेवाज, लुजा र नेख्व ब्यान्डले यसको बिँडो थाम्दै आएका थिए।

■ **ज्योति**

# हामी कुनाको मान्छेलाई पुरस्कार




**पहिलोपटक** पाँच दिनसम्म आयोजना भएको काठमाडौं अन्तर्राष्ट्रिय पर्वतीय चलचित्र महोत्सव प्रत्येक वर्ष गर्ने घोषणासाथ सम्पन्न भएको छ। पहिलोपल्ट नै काठमाडौंका तीन स्थानमा सञ्चालन भएको महोत्सवमा कुल ७३ सिनेमा देखाइए, पाँच दिनभरि।

विश्वभरि पर्वत र योसँग सम्बन्धित विषयमा बनाइएका ६ दर्जन सिनेमामा काठमाडौंका तीन स्थानमा देखाइए यो वर्ष। यसमा वृत्तचित्रका साथै एनिमेसन र लघु चलचित्रसमेत थिए।

महोत्सवका क्रममा चारवटा नेपाली सिनेमा प्रदर्शन गरिएका थिए। यीमध्ये दर्शक छनोटको पुरस्कार केसाङ छेतेनको 'हामी कुनाको मान्छे'ले जित्यो। चलचित्र विकास बोर्डका तर्फबाट यो सिनेमालाई २५ हजार रुपैयाँ पुरस्कार प्रदान गरियो। महोत्सवमा नेपाली निर्देशक केसाङ छेतेनको 'हामी कुनाको मान्छे', सुविना श्रेष्ठको 'चुलो, चोली र बन्दुक', सुविनाकै साथमा एलेक्स ग्याबीले बनाएको लघु चलचित्र 'द लास्ट रेस' तथा संगीता श्रेष्ठोभाको 'डान्सिङ काठमाडौं' देखाइएको थियो। ■



# पलैंटीमा भोजपुरे

**पलैंटी शृंखलाअन्तर्गत** यस वर्षको अन्तिम शृंखलामा लेकाली समूहका सुप्रसिद्ध संगीतकार तथा गायक हिरण्य भोजपुरेको सहभागिता हुनेछ।

'लेकाली'बाट सांगीतिक जीवन सुरु गरेका भोजपुरेको परिचय गायक, संगीतकारबाहेक लेखकका रुपमा समेत स्थापित छ। हिरण्यले 'लेकाली' समूहमै रहेर अनेकौं सांगीतिक सिर्जना गरेका छन्।

देशको प्रेमभाव बोकेको *छहराको गीत*देखि लिएर *हर हर महादेव, झ्याँक्री गीत,* बस बस रे जस्ता लोक जीवनसँग गाँसिएका रचनाका साथै काव्यात्मक शैलीका गीतमा हिरण्यको सीप झल्किएको छ। उनका अनेकौं कर्णप्रिय गीतहरू निकै चर्चित छन्। भोजपुरेमा रहेको लोकशैलीको मोह र प्रयोगात्मकता नै नेपाली संगीतका लागि महत्त्वपूर्ण विषय हो।

आफूलाई प्रयोगवादी संगीतकार भन्न रुचाउने कुशल लेखक भोजपुरे पुस महिनाको दोस्रो शुक्रवार पलैंटीको आकर्षण हुनेछन्।

'म लोकगायकको रुपमा चिनिएको कलाकार हुँ। पहिला समूहमा गाइन्थ्यो। अहिले पलैंटीमा एकल गायन गर्ने साहस लिएर अभ्यास गर्दै छु। आधुनिक र लोकगीत सराबरी गाउने प्रयत्नमा छु। आशा छ, श्रोताले माया दिनु हुनेछ', भोजपुरे भन्छन्।

# विजेताका सहनायक

**प्रतिस्पर्धाको युगमा** कुनै पनि पेसामा स्थापित हुन सजिलो छैन । वकालतमा नाम कमाउन पनि त्यत्तिकै गाह्रो छ ।

सैनिक कल्याणकारी कोषको पारदर्शितासम्बन्धी मुद्दा जितेपछि वकिल रणबहादुर थेवे चर्चामा छन् । झन्डै पाँच वर्षअघि कोषको पारदर्शिता र हिसाब किताब माग गर्दै भूतपूर्व सैनिक परिषद्का तर्फबाट रिट दायर गर्ने सेनाका पूर्व अमलदार अमरबहादुर थापा मगरको सच्चा सारथी बनेका थेवे कात्तिक २० गतेको सर्वोच्च अदालतको फैसलापछि सहनायक जस्तै भएका छन् ।

मनग्गे शुल्क बुझाउन नसक्ने पूर्व सिपाहीहरूको संगठन पक्ष रहेको मुद्दामा ठूला वकिलहरूको आँखा नलागेपछि थेवेको हात लागेको थियो । निरीह सिपाहीहरूलाई न्याय दिलाउन सके मनको सन्तुष्टि हुने र नाम कमाइने आसमा उनले मुद्दा सकारे । दुई दर्जनभन्दा बढी पटकको सुनुवाइमा सेना र सरकारका तर्फबाट आउने वकिलहरूसँग तर्क गर्न उनले निकै मेहनत गरे । 'मेहनतका साथ अध्ययन गरेर पेस भए वरिष्ठ वकिल चाहिँदो रहेनछ, हामीले पनि मुद्दा जित्ने रहेछौं', अदालतको फैसलापछि हर्षित थेवेले *समय*सित भने, 'अन्यायमा परेकालाई न्याय दिलाउन पाएकोमा म खुसी छु ।'

मुद्दा तयारी तथा अदालतमा लाग्ने खर्च र न्यूनतम शुल्क मात्र लिएर उनी दिनरात खटेका थिए । परिषद् र सयौं सिपाहीहरूको खुसीलाई नै आफ्नो पारिश्रमिक ठानेका छन् । ६ वर्ष अघिदेखि वकालतमा लागेका थेवे यसअघि खासै चर्चामा नआए पनि अदालतमा उनी लगातार विजयी मात्र भइरहेका छन् ।

पेसा अँगालेदेखि लिएका १ सय ५० वटा मुद्दामध्ये १ सय ४९ मा उनको पक्षले जितेको छ । 'मेरो संयोग हो वा मेहनत एउटा बाहेक अरूमा हार खानुपरेको छैन', थेवे भन्छन्, 'सैनिक र शान्ति सेनासँगै जोडिएका अदालतमा विचाराधीन अन्य दुई रिटमा पनि सफल भएर निमुखाहरूलाई न्याय दिलाउन सके भने म साँच्चिकै खुसी हुन्छु ।' ■



तेज बस्नेत





युवराज घिमिरे

# शान्ति प्रक्रियाको वैधानिकता र राष्ट्रसंघको उपस्थिति

**अक्सर मानिसहरूमा** एउटा कमजोरी हुन्छ - आत्मरतिको। प्रशस्ति रुचाउने कमजोरी धेरैमा हुन्छ, त्यो प्रशंसाको लायक आफू नभएको थाहा हुँदा हुँदै पनि। सडकमा बस्ने ज्योतिषहरूले त्यो मनोविज्ञान राम्रोसँग बुझेको देखिन्छ। 'तपाईंको विद्या कम भए पनि बुद्धि धेरै छ। तपाईंको भाग्यमा अपजस छ, परेको बेलामा अरूलाई जे पनि गर्नुहुन्छ तर तपाईंलाई पर्दा कसैले केही गर्दैन।' यी वाक्यहरूलाई अस्वीकार गर्ने आमचरित्र हामीमा नहुँदा सडक वा सुगा ज्योतिषवाणी हामीलाई साँचो लाग्छ।

झन्डै यस्तै चरित्रको प्रदर्शन देखिन्छ, अहिलेको शान्ति प्रक्रियामा। 'यो हाम्रो आफ्नै प्रयास हो। शान्ति स्थापनाका लागि हामी सक्षम छौं', हाम्रा नेताहरू यही भन्छन्। हाम्रो इगोलाई ठेस नपुर्‍याउन विदेशीहरू त्यसै भन्न थालेका छन्, तर यथार्थ त्यो हैन। हाम्रो द्वन्द्व हामीले सुरु गरेका हौं तर शान्ति प्रक्रियाको यो चरणको वीउ दिल्लीमा रोपिएको हो, दिल्लीकै सक्रियतामा गत नोभेम्बरमा। छिमेकी र क्षेत्रीय शक्तिहरूको आफ्नै अवधारणा हुन्छ वरिपरिका द्वन्द्व र शान्तिबारे। त्यसैले दिल्लीको त्यो भूमिकालाई नेपालमा राजनीतिक स्थिरता र शान्तिमा सहयोगीका रुपमा लिइनुपर्छ, तर आफूले थाहा पाएको यथार्थलाई बेवास्ता गरेर स्थानीय प्रयासले मात्र त्यो प्रक्रियाको 'कपी राइट' दाबी गर्नु हुँदैन। त्यसले नेताहरूलाई जनसमक्ष हल्कारुपमा प्रस्तुत गर्दछ।

एक वर्षमा शान्ति प्रक्रिया निकै अगाडि बढेको छ। प्रजातन्त्रको स्थापना एउटा कोसेढुंगा थियो, त्यो प्रक्रियामा। र, वार्ता प्रक्रिया जति अगाडि बढ्दै जान्छ, नयाँ जटिलताहरू तुलनात्मकरुपमा झन् बढी गम्भीर प्रकृतिका हुनेछन्। अहिले माओवादी नेता बाबुराम भट्टराईको सार्वजनिक अभिव्यक्ति जेठ महिनाभरि चुनाव गर्ने वातावरण बनाउन संयुक्त राष्ट्रसंघ समर्थ छैन भने इयान मार्टिनको टोलीलाई धन्यवादसहित बिदा गरे हुन्छ - त्यत्तिकै गम्भीर अर्थ राख्दछ। यद्यपि भट्टराईले निजीरुपमा यो कुरा मार्टिनलाई केही समयअघि पनि भनेका हुन्।

यदि माओवादी अभिव्यक्ति यो शान्ति प्रक्रियाका रचयिता र कार्यान्वयनकर्ता नेपाली मात्र हुन् भन्ने निष्कर्षमा आधारित छ भने त्यसमा इमानदारीको अंश ५० प्रतिशतभन्दा कम भएको मानिनुपर्छ। शुद्ध नेपाली प्रयास विगतमा दुईपल्ट भएका हुन् र ती दुवै प्रयास धराशायी भए विनानतिजा। विगतका आन्तरिक प्रयास असफल भएपछि नै सरकार र माओवादीले लगाताररुपमा राष्ट्रसंघको भूमिका खोज्दै आएका हुन् सेना तथा हतियार 'मोनेटरिङ' तथा संविधानसभाको निर्वाचनको पर्यवेक्षणका लागि। यो चरणमा आएर राष्ट्रसंघलाई अवमूल्यन गर्ने कोसिसलाई शंकाको दृष्टिले हेरिनेछ, मुलुकभित्र र बाहिर। कसको स्वार्थमा यो कुरा बोल्दै छन् माओवादीहरू ? प्रश्न उठ्न थालेको छ। र, शान्ति प्रक्रिया फेरि रिक्ततातर्फ जान सक्छ, खासगरी राष्ट्रसंघको संलग्नता शान्ति प्रक्रियाको अभिन्न अंग बनिसकेको अवस्थामा।

हो, राष्ट्रसंघ अवश्य पनि डा. भट्टराईले भनेजस्तै नेपालको द्वन्द्व समाधानमा लागेको आन्तरिक पक्षहरू खासगरी सरकार र माओवादीले तय गरेका सर्तमा आउनुपर्छ। इयान मार्टिनको टोली उनीहरूले तय गरेकै सर्तमा आएको हो। तर बृहत् शान्ति सम्झौताका सर्तहरू तथा अन्तरिम संविधानको घोषणा, अन्तरिम सरकार र संसद्को गठनबारे निर्धारित समय तालिकाअनुरुप ती कार्य हुन नसक्नुको पछाडि सरकार र माओवादी पक्ष मात्र दोषी हुन्। त्यस्तै माओवादकिो दसबुँदे 'रोड म्याप' अनुसार नै अहिलेसम्म सबै कुरा हुँदै आए पनि प्रभावकारी हतियार व्यवस्थापनमा लडाकुको नियन्त्रणभन्दा बाहिर हतियार नरहेसम्म चुनावी प्रक्रिया भयरहित वातावरणमा सुरु हुन सक्तैन। त्यो नभई जेठमा नै चुनाव गराउनुपर्छ भन्ने मान्यता खतरनाक मात्र हुनेछ। निर्वाचन भयरहित वातावरणमा हुनुपर्ने धारणा भारत लगायत विभिन्न मुलुकले व्यक्त गरेका छन्।

हो अराजक, अनिश्चित वा दिशाविहीन राजनीतिले आन्तरिक तथा बाह्य चलखेललाई प्रोत्साहित गर्न सक्छ। त्यो हुन नदिने हो भने सरकार र माओवादी पक्ष आ-आफ्ना प्रतिबद्धता समयसीमाभित्र पूरा गर्न तयार हुनुपर्छ। त्यस्तो गर्दैनन् भने षड्यन्त्रका शक्तिहरूसँग प्रत्यक्ष वा परोक्ष रूपमा उनीहरूको साँठगाँठ रहेको अर्थ पनि लाग्न सक्छ।

राष्ट्रसंघलाई विधिवत्रुपमा निम्त्याएपछि ऊसँगको अपेक्षा के हो, त्यो सहमतिका आधारमा मात्र हैन एकस्वरमा नेपालले भन्न सक्नुपर्छ। त्यो नगरी र आफ्ना कमजोरीहरूका कारण ढिलो हुँदै गएको शान्ति प्रक्रियाको दोष राष्ट्रसंघमाथि थोपर्ने खेलले नेपाललाई राजनीतिक र नैतिकरुपमा पनि 'डिफल्टर'को हैसियतमा पुर्‍याउनेछ। यसका लागि खासगरी प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला बढी सचेत हुन आवश्यक छ।

> राष्ट्रसंघलाई विधिवत्रुपमा निम्त्याएपछि ऊसँगको अपेक्षा के हो, त्यो सहमतिका आधारमा मात्र हैन एकस्वरमा नेपालले भन्न सक्नुपर्छ। त्यो नगरी र आफ्ना कमजोरीहरूका कारण ढिलो हुँदै गएको शान्ति प्रक्रियाको दोष राष्ट्रसंघमाथि थोपर्ने खेलले नेपाललाई राजनीतिक र नैतिकरुपमा पनि 'डिफल्टर'को हैसियतमा पुर्‍याउनेछ।

शान्ति प्रक्रिया स्वभाविकरुपमा आपसमा शत्रुवत् शक्तिहरूबीच सम्झौताको प्रक्रिया हो। राजा, राजनीतिक दलहरू तथा दुवै विरुद्ध हतियार उठाएका माओवादीहरू निरंकुशता र हिंसा त्यागी शान्ति, समृद्धि र प्रजातन्त्रको पद्धतीय ढाँचाअन्तर्गत सहअस्तित्वको खोजी त्यो सम्झौताको गन्तव्य हुनुपर्छ। तर आन्तरिक शक्तिहरूको एक-अर्काप्रतिको वितृष्णा र असहिष्णुताले गर्दा नै माओवादी र सात दलहरूले राष्ट्रसंघलाई निम्त्याएका हुन्। अन्तरिम संविधान संविधानसभाको निर्वाचनमा जाने एउटा संक्रमण व्यवस्था मात्र भएकाले जनताको मताधिकार लगायत निर्णायक अधिकारलाई कुण्ठित गर्ने हिसाबले कुनै पनि आमूल परिवर्तनकारी निर्णय वर्तमान दुवै पक्षले गर्न मिल्दैन।

अवश्य पनि एउटा स्वतन्त्र र स्वाभिमान मुलुकको वैदेशिक नीतिले नेपालमा अन्तर्राष्ट्रिय जगत्को उपस्थितिका सर्तहरू निर्धारित गर्न सक्नुपर्छ, राष्ट्रिय स्वार्थ, वस्तुगत परिस्थिति र आफ्ना आवश्यकताका आधारमा। तर त्यो प्रक्रियामा पुग्नुअघि सरकारले पूर्वमा गरेको सहमतिलाई वर्तमान सरकार वा माओवादीले एकतर्फीरुपमा बेवास्ता वा अनादर गर्न मिल्दैन। राष्ट्रसंघलाई बोलाउने निर्णय त माओवादी र सात दलको सरकारले हालै मात्र गरेका हुन्।

तर आन्तरिकरुपमा पनि सात दल र माओवादी नेपाली जनताप्रति इमानदारीपूर्वक जवाफदेही बनेमा राष्ट्रसंघको उपस्थितिलाई लिएर खिचलो उत्पन्न हुनेछैन। हतियार व्यवस्थापनलाई शान्ति र जेठमा निर्वाचनसँग जोडेर घोषणा गरिएका प्रतिबद्धता पूरा नगर्नु नेपालीहरूप्रति पनि अन्याय हुनेछ। ■